२०८०, फागुन
मूल्य रू. २५

युवामञ्च

https://gorkhapatraonline.com/yuba-manch

विकराल बन्दै क्यान्सर

- उतिबेलाको भाउ
- राणाविरोधी आन्दोलनमा महिला
- राजा च्याउ



हिटलरको लुप्त धन

लुटेर जम्मा गरिएको सुनका छडको अकल्पनीय भण्डार जनताले थाहा नपाउने गरी जर्मन राइख्स बैङ्कको 'भल्ट' मा राखिएको थियो तर त्यहाँबाट सबै सुन गायब भयो ।

संसार हाँक्ने युवा

बिहानको चियासँगै
गोरखापत्र र THE RISING NEPAL
तपाईंको शहरमा






लमजुङ-बेशीशहर, दमौली हुँदै पोखरा	बिहान ६:३० बजे
विदुर र धादिङबेशी	बिहान ६:०० बजे
नारायणगढ, भरतपुर	बिहान ५:३० बजे
हेटौंडा	बिहान ४:३० बजे
पथलैया	बिहान ५:०० बजे
चन्द्रनिगाहपुर	बिहान ५:३० बजे
वीरगञ्ज	बिहान ६:०० बजे
बारा, कलैया र निजगढ	बिहान ६:१५ बजे
गौर	बिहान ६:३० बजे
मलंगवा र लालबन्दी	बिहान ७:०० बजे
बर्दिबास	बिहान ७:४५ बजे





पहिलो राष्ट्रिय दैनिक

मासिक प्रकाशनहरू मधुपर्क युवामञ्च मुना



टोल फ्रि नं. १६६०-०१-९४४४४

वर्ष ३६, अङ्क ९, २०८० साल फागुन

February-March 2024

Twitter: @YuvamanchGps | yubamanchmonthly

यस भित्र









३८ उतिबेलाको भाउ

वर्तमानको आँखाले हेर्दा अवास्तविक जस्तो लाग्ने कुरा कुनै समयमा वास्तविकता थियो । हिजो अठन्नी र रूपियाँबाट धेरै काम फत्ते हुन्थे ।

४८ राणाविरोधी आन्दोलनमा महिला

जहानियाँ राणा शासन विरोधी आन्दोलनको कुरा गर्दा पुरुषको नाम बढी आउने गरेको छ तर राणा विरोधी आन्दोलनमा महिलाको भूमिका पनि कम थिएन ।

६७ एपेन्डिक्स र पित्तथैलीको क्यान्सर

एपेन्डिक्स आफैं ग्रन्थियुक्त अङ्ग भएकाले ग्रन्थीयुक्त अङ्गमा हुने अधिकतर क्यान्सर एडेनो कार्सिनोमा खालको हुन्छ ।

५७ लाल सागरको आतङ्क

युवामञ्चमा लेखरचना तथा चिठीपत्र पठाउँदा निम्न ठेगानामा पठाउनु होला-

yubmanch@gmail.com
सम्पर्क- सम्पादकीय- ५३५७०३१
गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं, पो.ब.नं. २३

अनलाइनमा युवामञ्च

https://gorkhapatraonline.com/yuba-manch
http://www.gorkhapatraonline.com/epaper

युवामञ्च

कार्यकारी अध्यक्ष
विष्णुप्रसाद सुवेदी तथा महाप्रबन्धक
लालबहादुर ऐरीद्वारा
गोरखापत्र संस्थानका लागि
संस्थानको छापाखानामा मुद्रित
तथा प्रकाशित

सम्पादक
उमेशकुमार ओझा

नायब कार्यकारी सम्पादक
भवानी सुवेदी

सह–सम्पादक
शरदराज सुवेदी

वितरण विभाग
तारा बस्याल

उत्पादन विभाग
ओम भुसाल

शुद्धाशुद्धि
बोमबहादुर रायमाझी

लेआउट तथा डिजाइन
रोशनप्रकाश दनुवार

गोरखापत्र संस्थान
पो.ब.नं. २३, धर्मपथ, काठमाडौँ, नेपाल ।
इमेल : yubmanch@gmail.com
फोन – सम्पादकीय : ५३५७९३१
विज्ञापन : ५३२७४९३, वितरण : ५३२०६३८,
पूर्व क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
विराटनगर : ०२१–४७१७४६
पश्चिम क्षेत्र प्रदेश स्तरीय प्रकाशन कार्यालय,
कोहलपुर : ०८१–५३१६२२/२३
प्रदेश स्तरीय कार्यालयहरू,
जनकपुर : ०४१–५९०४२९
हेटौँडा : ०५७–५९०६५१
पोखरा : ०६१–५३८५२२
बुटवल : ०७१–५४१४३८
सुर्खेत : ०८३–५९००६०
धनगढी : ०९१–४१२०४३

एकप्रतिको मूल्य रु.२५/-
वार्षिक मूल्य रु.२५०/-

सम्पादकीय

क्यान्सरप्रतिको जागरूकता

क्यान्सर एक यस्तो गम्भीर रोग हो जो समाजमा व्याप्त अशिक्षा, अज्ञानता, भ्रम र मिथकको साथ पाएर एक भयङ्कर स्वास्थ्य समस्या बन्दै गएको देखिन्छ । विकासशील देश होस् वा विकसित देश क्यान्सर अचेल आमरोग भएको छ तर यस रोगप्रति आममानिसमा जनचेतनाको स्तर सोचनीय नै छ । एक त रोग नै घातक, त्यसमाथि अनेक खालका भ्रम र मिथकले गर्दा क्यान्सरबाट पीडित हुने र मर्ने मानिसको सङ्ख्या बढ्दो छ ।

विश्व स्वास्थ्य सङ्गठनले भनेको छ, विश्वमा क्यान्सर मृत्युको दोस्रो ठूलो कारण भएको छ । दुई दशक पहिलेसम्म पनि क्यान्सर अहिलेको जस्तो विकराल भएको थिएन । विकराल यस अर्थमा कि रोगले शरीरमा पार्ने प्रभाव उस्तै भए पनि रोगीको सङ्ख्या अकल्पनीय वृद्धि भइरहेको छ । उपचार सम्भव भएको र सफल उपचारपछि सामान्य दैनिकीमा फर्कन सकिने रोगमा पर्दछ क्यान्सर तर जनस्तरमा क्यान्सरप्रतिको बुझाइ धेरै नै कमजोर र नकारात्मक छ । नकारात्मक यस अर्थमा कि यो रोग लागेमा उपचार हुँदैन र ज्यान जाने निश्चित छ भन्ने भ्रम व्याप्त देखिन्छ । भ्रम र मिथकले गर्दा नै रोग लागेको थाहा नपाउने, रोग लुकाउने, समयमा उपचार गर्न नजाने प्रवृत्ति हाबी भई क्यान्सरको मार र विस्तार दुवै वृद्धि भएको हो भन्न सकिन्छ । क्यान्सरका सयभन्दा बढी प्रकार छन् । मिथक र भ्रमले गलत जानकारी प्रवाह र मानिसमा डर उत्पन्न गर्दछ ।

रोगको गाम्भीर्यप्रति जागरूकताको कमीले समयमै जाँच नहुने र निदानमा ढिलाइ हुने स्पष्ट छ । एउटा प्रमुख समस्या के छ भने क्यान्सर रोगका आरम्भिक लक्षणको ज्ञान नभएर पनि रोगको निदान र उपचारका लागि सहयोग खोज्नमै ढिलाइ हुने गर्छ । त्यसमा पनि जनसङ्ख्यामा भिन्न वंशाणु गुणको विविधता, वातावरणीय पक्ष, जीवनशैली र अत्यधिक विषादी प्रयोग आदिले समेत क्यान्सर रोगको बोझ बढाएको छ । धनी देशका क्यान्सर रोगीको दाँजोमा न्यून र मध्यम आय भएका देशमा क्यान्सर रोगीको निदान ढिलो हुने गर्छ । रोग ढिलो पत्ता लाग्नु भनेको सफल उपचारको सम्भावना कम हुनु हो ।

क्यान्सरप्रति जागरूकता फैलाउन विश्वमा सन् २०२२ मा तीन वर्षका लागि 'क्लोज द ग्याप' अभियान नै सञ्चालन गरिएको थियो । जस अभियानले क्यान्सरमुक्त विश्व बनाउन एक व्यक्तिका रूपमा हामीले गर्न सक्ने योगदानको अपेक्षा गऱ्यो तर यस अवधिमा हामी कत्तिको सचेत भयौँ र कस्तो योगदान गऱ्यौँ ? यो आत्मसमीक्षाको विषय हो, जो व्यक्ति स्वयंको स्वास्थ्य अवस्थामा झल्कने छ ।

क्यान्सर नलागोस् र लागे पनि उपचार सम्भव होस् भन्नका लागि सर्वप्रथम हामीले जान्नुपर्ने कुरा हुन्, क्यान्सरका जोखिम पक्षको ज्ञान तथा आरम्भिक अवस्थामा रोगको निदान र अपेक्षाकृत राम्रो स्वास्थ्य सेवा खोजी गर्ने प्रवृत्ति । यिनै पक्षमा क्यान्सरको सफल उपचारको सम्भावना निहित छ । रोग सकभर लाग्न नदिन खानपिन र जीवनशैली आदर्श बनाउने तथा क्यान्सर लागिहाले पनि रोगका आरम्भिक लक्षणको समयमै पहिचान गरी उपयुक्त अस्पतालमा उपचार गर्न जाने- के हामी यसका लागि अहिले तयार छौँ ?, के हामीलाई क्यान्सरका बारेमा आधारभूत ज्ञान दिइएको छ वा कुनै माध्यमबाट अवगत छौँ ?, उपचार गराउँदा विशेषज्ञ सेवा खोज्ने र लिने कोसिस गरेका छौँ ?, मिथक वा लहलहैमा लागेर उपचारलाई झन् जटिल बनाउने प्रयास त गरिरहेका छैनौँ ? यस्ता अनेक अनुत्तरित प्रश्नले समाजमा क्यान्सरलाई मलजल पुगिरहेको छ । ■

किन्न पाइयोस्



२०८० साल माघ महिनाको युवामञ्च समयमै पढ्ने अवसर मिल्यो। यसमा महाफोहोरी हाजीका बारेमा पढ्ने अवसर मिल्यो। फूलबारी स्तम्भमा मुगुका मुगाली शीर्षकको लेख पढ्न पाउँदा खुसी लाग्यो। निशा चौधरीले लेखेको माघीको मेलमिलाप शीर्षकको सामग्री ज्यादै राम्रो लाग्यो। रमेश खनालले लेखेको साहस र हिम्मतको प्रतीक ग्याब्रियलाका बारेमा पढ्ने मौका मिल्यो।

अजय शर्माले लेखेको डिप फेकको भुमरी शीर्षकको सामग्री पढ्ने अवसर मिल्दा खुसी छु। यमबहादुर दुराले लेखेको आकाशमा धुवाँको अक्षर शीर्षकको लेख निकै मन पऱ्यो। रतन भण्डारीले लेखेको शक्ति राष्ट्रलाई थला पारेको आर्थिक महामन्दी शीर्षकको लेख दोहोऱ्याएर पढेँ। मेरो पुस्तकालय अन्तर्गत धर्मेन्द्र झाका बारेमा छोटो परिचय पढ्ने अवसर मिल्यो। युवामञ्च पत्रिका बूढानीलकण्ठतिर पनि खोजिएको समयमा भेटिनु पऱ्यो।

अरुणबहादुर खत्री 'नदी'
बूढानीलकण्ठ–४, पासीकोट

लेख पढ्दा झसङ्ग

युवामञ्च पत्रिकाले हरेक पटक रोचक सामग्री प्रकाशित गर्दै आइरहेको छ। माघको युवामञ्चमा छापिएको यस्तै सामग्रीले मेरो ध्यानाकर्षण गरायो। आकाशमा विमानको छत नै उड्यो भन्ने लेख साह्रै पढ्न योग्य रहेछ। मैले सुरुदेखि अन्त्यसम्मै पढेँ। वास्तवमा यो पढ्दा मेरो मन डरले कापेको अनुभूति भयो। यत्रो घटना हुँदा विमान सहज अवतरण हुनु कल्पनाभन्दा बाहिरको कुरा हो जस्तो लागेको छ। पूरै यात्रुमा त्यसबेला मनोवैज्ञानिक असर कस्तो थियो होला ? मलाई लेख पढ्दा त यस्तो डर लाग्यो भने जहाजका यात्रुलाई के भयो होला। यस्तै सामग्रीले युवाको मन तान्ने हुँदा यस्ता लेख छाप्नमा कुनै कन्जुस्याइँ नहोस् भनेर हार्दिकतापूर्वक अनुरोध गर्दछु।

शान्ता चौधरी
देउखुरी, दाङ

यौनबारे पढ्न पाउँ

युवामञ्चको म नियमित पाठक भएकाले यसमा कस्ता कस्ता लेख प्रकाशित हुने गरेका छन् भन्नेमा मेरो चासो हुन्छ नै। एउटा युवा पनि भएकाले यौन बारेको स्तम्भ मेरा लागि महत्त्वपूर्ण हुनु स्वाभाविक नै हो। युवामञ्चमा यौनका विषयमा पढ्न नपाएको धेरै भयो। यसको के कारण हो भन्ने जान्न मन भएर यो पत्राचार गरेको हुँ। सधैँ प्रकाशित हुने यौन सम्बन्धित लेख एकाएक प्रकाशित नहुँदा साह्रै नमज्जा लागेको छ हामी पाठकलाई। आजको समाजमा यौनसम्बन्धी जिज्ञासा धेरै हुने गरेकाले यौनबारेको लेखले नियमितता पाए राम्रै हुन्थ्यो कि ? सबै युवा पाठकको तर्फबाट यस विषयमा म सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु।

पुकार श्रेष्ठ
झौँछे, काठमाडौँ

लापरबाही नहोस्

माघको युवामञ्चले मेरो ध्यान राम्रोसँग आकर्षित गराएकाले म निकै प्रसन्न छु। यो पत्रिकाका धेरै नै मन पर्ने विषय छन्। सामग्रीमा खासै गुनासो छैन मेरो किनभने यसमा मन छुने सामग्री नै छापिने गरेका छन्। साजसज्जा र कागजमा सुधार गर्नेबित्तिकै यो पत्रिकाको तुलना हुनै सक्दैन कसैसँग भन्ने मेरो विश्वास हो।

यो पटक भने अचम्म नै लाग्यो जब मधुपर्क मासिक पत्रिका र युवामञ्च मेरो हातमा पर्‍यो। दुवै पत्रिकाको कभर फोटोमा आँखा गयो म त तीन छक्क नै परेँ। एउटै थारू महिलाको तस्बिर एउटै प्रकाशन गृहबाट निस्कने दुईवटा पत्रिकाको कभरमा कसरी छापियो भन्ने लागेकाले यो पत्राचार गरेको हुँ। यसो हेर्दा सामान्य जस्तो लागे पनि यो लापरबाही नै हो भन्ने मलाई लागेको छ। यस्तो गम्भीर कमजोरी अब नदोहोरियोस् भन्न चाहन्छु। किन र के कारणले यस्तो हुन गएको हो ? सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु।

मदन आत्रेय
नयाँबजार, काठमाडौँ



मन छोयो

म सधैँ युवामञ्च पढ्ने गर्दछु । यो मेरो रोजाइको पत्रिका भएकाले म नियमित जस्तै पढ्छु यो पत्रिका। यसले दिने खुराकले मलाई राम्रै ज्ञान दिने गरेको छ। यसमा सधैँजसो छापिने देशविदेशका यथार्थपरक घटना र कहानीले मेरो मन छुने गरेकाले नै म युवामञ्चको एउटा असल पाठक बनेको हुँ। यसमा छापिने नयाँ र नौला विषयवस्तु वास्तवमै पठनीय छन्। दिमाग खियाउने सामग्री झनै राम्रो लाग्छ। एउटा गुनासो पनि गर्न मन लागेको छ युवामञ्चसँग। यो पत्रिकामा नियमित छापिने यौन सम्बन्धित सामग्री एकाएक किन छापिन छोडे। यौनसम्बन्धी सामग्री पढ्ने अवसर जुटाए थप राम्रो हुने थियो हामी युवाका लागि भन्ने सुझाव दिन चाहन्छु।

पदम खत्री
दमक, झापा

विचित्रका हाजी

माघको युवामञ्च हात पर्नेबित्तिकै पहिलो नजर नै हाजी साहेबको कथामा पर्न गयो। म धन्य नै भएँ उनको जीवन कथा पढेर। वास्तवमा मानिसको जीवन कथा कस्तोसम्म हुँदोरहेछ भनेर। मानव जीवनको उनी एउटा राम्रो उदाहरण हुन् भन्ने लाग्यो। गरिब त महारोग हुदैँ हो संसारको तर मानिसको एउटा पृथक् जीवन थाहा पाउन महाफोहोरी उनै हाजी साहेबलाई पढे हुने रहेछ। निकै फोहोरी भएकै कारण उनको जीवनमा बलियो प्रतिरक्षा प्रणाली देखिनु आफैँमा रहस्यको विषय हो। यही कारण हाजी ९४ वर्षसम्म बाँचेको यथार्थ युवामञ्चले पढाएर हामी पाठकलाई ठुलै गुन लगाएको अनुभव भएको छ। यस्तै रोचक लेख रचना पढ्न पाए हामीलाई पुग्छ । यो पत्रिकाको थप उज्ज्वल भविष्यको कामना अनि यस्तै मन छुने लेखको निरन्तरताका लागि शुभकामना पनि दिन चाहन्छु।

लालबहादुर तामाङ
मेलम्ची, सिन्धुपाल्चोक

उबल्ती

हिटलरको लुप्त धन

हिटलरलाई धन प्रिय थियो, त्यसले प्राप्त हुने विलासिता र निष्ठा दुवैका लागि धन आवश्यक थियो र उनले अकुत धन जम्मा गरेका थिए ।

सोभियत सङ्घको सेना घेर्दै नजिक आइसकेको अवस्थामा सन् १९४५ अप्रिल ३० मा बर्लिनमा रहेको आफ्नो 'बङ्कर' मा आत्महत्या गरेका हिटलरका बारेमा नै बढी चर्चा गरियो तर उनको आर्थिक कारोबारको कहीँकतै गाइँगुइँ पनि भएन । जर्मनीको एउटा टेलिभिजन च्यानलले हालसालै तयार पारेको एउटा वृत्तचित्रमा हिटलरको धनका बारेमा धेरै कुरा बताइएको छ ।

सार्वजनिक जीवनमा आफूलाई ऊर्जाशील, वैभवपूर्ण र प्रभावशाली देखाउन हिटलरलाई भव्य जीवन मन पर्दथ्यो । टेलिभिजन वृत्तचित्र निर्माणमा संलग्न ४७ वर्षीय स्वतन्त्र पत्रकार इङ्गो हेल्मले भनेका छन्, "आफूले लेखनबाट आम्दानी हुने तथा आफ्ना तस्बिरको 'कपिराइट' शुल्कमा उनले धेरै ध्यान दिन्थे ।" इङ्गोले 'हिटलर्स मनी' वृत्तचित्र निर्माण गरेका छन् ।

एक अनुमान अनुसार हिटलरसँग चार अर्ब अमेरिकी डलर बराबरको सम्पत्ति थियो । उनीसँग भएको सम्पत्तिलाई विश्वको सबैभन्दा ठूलो लुटको भण्डार मानिएको छ तर उनको धन-सम्पत्ति कहाँ कति थियो भन्ने खुलस्त हुन सकेको छैन ।



प्रथम विश्वयुद्ध पहिले भियनामा सङ्घर्ष गरिरहेको एक कलाकारका रूपमा हिटलरले आफ्नो जीवनलाई गरिबी र परिश्रमको नमुनाका रूपमा व्याख्या गरेका छन् ।

इतिहासमा सबैभन्दा ठूलो कार ठगीको आरोपी हो उत्तर कोरिया । सन् १९७० को दशकमा उसले स्विडेनबाट हजार थान भोल्भो गाडी आयात गरेर पनि रकम भुक्तानी गरेको थिएन । स्विडेनले अर्डर अनुसार सबै गाडी उत्तर कोरियालाई उपलब्ध गराए पनि आजका दिनसम्म उत्तर कोरियाले गाडीको रकम दिएको छैन ।



लुटेर जम्मा गरिएको सुनका छडको अकल्पनीय भण्डार जनताले थाहा नपाउने गरी जर्मन राइख्स बैङ्कको 'भल्ट' मा राखिएको थियो तर त्यहाँबाट सबै सुन गायब भयो।

हिटलरले आफ्नी पत्नी इभा ब्राउनका लागि म्युनिखमा बनाएको भव्य घरसमेत सामेल थियो। बाभारियामा रहेको बर्चेस्ट गार्डेनमाथि ओभरसाल्जबर्गमा निर्माण गर्न लगाएको आफ्नो ग्रीष्मकालीन आवास घर होस् वा आफ्नो निजी कलासङ्ग्रहको विकासमा हिटलरले राज्यको धन मनलागदी खर्च गरेका थिए। उनले न त आफ्नो आयमा न त सम्पत्तिमा कर तिर्दथे।

दोस्रो विश्वयुद्ध सकिएको धेरै वर्षपछि युद्धका बेला लुटिएका सरसामान युरोपका विभिन्न स्थान स्विडेनदेखि स्पेन, स्विट्जरल्यान्ड र पोर्चुगलसम्म फेला पारिएको थियो तर ती खजानाको तुलना हिटलरको कथित लुटको भण्डारसँग गर्न सकिँदैन।

आजका दिनसम्म खजाना खोज्नेहरू हिटलरको धन खोज्नमा लागेकै छन् र एउटा महत्त्वपूर्ण प्रश्न जसले सबैको मथिङ्गल खराब गरेको छ, हिटलरले लुटेर जम्मा गरेको सुन कहाँ छ ?



तथापि एउटा कुरा त स्पष्ट छ यो प्रश्न अनुत्तरित, अड्कलले घेरिएको, मिथक र असाधारण रहस्य भने पक्कै हो। एउटा आमविश्वास के छ भने हिटलर स्वयंले आफ्नो धनमाल जर्मनीको ड्युसेन्डर्फको सुनसान स्थानमा गाडेका छन्। खजाना खोज्ने केही मानिसले चाहिँ अस्ट्रियाको टपलित्ज तालमा हिटलरले आफ्नो सुन लुकाएको विश्वास गरेर खोजी गर्ने गरेका छन्। केहीले चाहिँ सुनका छड विश्वका विभिन्न बैङ्कमा भण्डारण गरिएको छ भन्दछन्।

प्रथम विश्वयुद्ध पहिले भियनामा सङ्घर्ष गरिरहेको एक कलाकारका रूपमा हिटलरले आफ्नो जीवनलाई गरिबी र परिश्रमको नमुनाका रूपमा व्याख्या गरेका छन्। तथापि उनीसँग केही पैतृक धन थियो। आफ्नो गरिबीले हिटलर धेरै नै लज्जाबोध हुन्थे। आफूले करोडौँ रुपियाँ कमाएको आफ्नो पुस्तक 'माई काम्फ' मा नवोदितले अस्तित्वका लागि कडा परिश्रम गर्नुपर्ने कुरामा हिटलरले जोड दिएका छन्। आफ्नो पछिल्लो जीवनबाट अगाडि बढेर उच्चतम अवस्थामा स्वयंको प्रयासबाट पुगेको कुरा लेख्दै हिटलरले परिस्थितिले सबै दयाभाव मारिदिने तथा जो पछाडि पर्न जान्छन् उनीहरूप्रति करुणाभाव मरेर जाने उल्लेख गरेका छन्।



स्विडेनप्रति उत्तर कोरियाको आर्थिक दायित्व प्रत्येक वर्ष बढेर ३२ करोड २० लाख अमेरिकी डलर भइसकेको छ। स्विडेनले भुक्तानी दिन वर्षमा दुई पटक उत्तर कोरियालाई पत्राचार गर्ने गरेको छ तर उत्तर कोरियाले कहिल्यै पनि सम्झौतालाई किनारा लगाउने कोसिस गर्दैन।

उत्तर कोरियाले सन् १९७४ मा सात करोड ३० लाख डलर लागत पर्ने गरी भोल्भो १४४ मोडेल एक हजार वटा र अन्य उपकरण प्राप्त गर्न स्विडेनी कम्पनीसँग सम्झौता गरेको थियो तर उत्तर कोरियाले सम्झौता अनुसार रकम भुक्तानी गरेन। ▪

-युवामञ्च

हिटलरले राजनीतिज्ञ र व्यापारीहरूको भरोसा जित्न तथा उनीहरूलाई आफ्नो अधीनमा राखिराख्न विलासिता, महँगा उपहार र खर्चपानीमा लाखौँ डलर खर्च पनि गर्दथे । समग्रमा भन्नु पर्दा हिटलरले प्रचारबाजीमा ठूलो रकम खर्च गर्दथे र मानिसलाई लाग्दथ्यो उनी स्वार्थी होइनन् र सहृदयी हुन् ।

हिटलरको मृत्युपछि उनको जायजेथा मित्रराष्ट्रका सेनाले बाभारिया राज्यलाई सुम्पिएका थिए । जसमा हिटलरले आफ्नी पत्नी इभा ब्राउनका लागि म्युनिखमा बनाएको भव्य घरसमेत सामेल थियो । बाभारियामा रहेको बर्चेस्ट गार्डेनमाथि ओभरसाल्जबर्गमा निर्माण गर्न लगाएको आफ्नो ग्रीष्मकालीन आवास घर होस् वा आफ्नो निजी कलासङ्ग्रहको विकासमा हिटलरले राज्यको धन मनलाग्दी खर्च गरेका थिए । उनले न त आफ्नो आयमा न त सम्पत्तिमा कर तिर्दथे ।

हिटलरले कमाएको ठूलो धन उनीद्वारा लिखित पुस्तक 'माई काम्फ' को एकस्वबाट आएको थियो । उनको राजनीतिक मार्ग तयार पार्न ठूलो भूमिका खेल्ने यो पुस्तक अझै पनि जर्मनीमा प्रतिबन्धित छ ।

तर जति बेला हिटलर शासन सत्तामा थिए त्यतिबेला विवाहबन्धनमा बाँधिने हरेक जोडीलाई स्थानीय समुदायले 'माई काम्फ' उपहारमा दिने गर्दथ्यो । सो निकायले चाहिँ प्रकाशकबाट पुस्तक खरिद गर्दथे ।

हिटलरले नै 'माई काम्फ' बाट करिब ७८ लाख जर्मन राइखमार्क आम्दानी गरेको विश्वास गरिन्छ । वर्तमानमा तुलना गर्दा एक राइखमार्क बराबर पाँचदेखि आठ डलर पर्न आउँछ । हिटलरले आफ्नो तस्बिर अङ्कित हुलाक टिकटसमेत प्रकाशन गर्न लगाएर सबै सरकारी कार्यालयमा त्यो टिकटको प्रयोग अनिवार्य गरेका थिए । टिकटमा प्रकाशित हिटलरको तस्बिरको सर्वाधिकार उनका मित्र हेनरिच हफम्यानलाई प्राप्त थियो । त्यतिबेला सर्वाधिकारको अवधि १० वर्ष हुने भए पनि हिटलरले व्यक्तिगत

> "टिकटमा प्रकाशित हिटलरको तस्बिरको सर्वाधिकार उनका मित्र हेनरिच हफम्यानलाई प्राप्त थियो ।





जानी राखौं

१ x १= १
११ x ११= १२१
१११ x १११= १२३२१
११११ x ११११= १२३४३२१
१११११ x १११११= १२३४५४३२१
११११११ x ११११११= १२३४५६५४३२१
१११११११ x १११११११= १२३४५६७६५४३२१
११११११११ x ११११११११= १२३४५६७८७६५४३२१
१११११११११ x १११११११११= १२३४५६७८९८७६५४३२१



रूपमा त्यस अवधिलाई बढाएर २५ वर्ष पुऱ्याएका थिए। जसले के सङ्केत गर्छ भने हिटलरले हुलाक टिकटमा छापिएको आफ्नो तस्बिरको सर्वाधिकारबाट समेत आम्दानी गर्दथे।

व्यापारीले समेत हिटलरलाई रिझाएर राखेको दृष्टान्त देखिन्छ। हिटलर स्वयं पनि व्यापारीलाई आफ्नो वफादार बनाएर शासन बलियो बनाइराख्ने कुटिल चालमा थिए। सन् १९४५ सम्म जर्मनीको चान्सलर रहँदासम्म हिटलरले व्यापारीबाट लगभग ७० करोड राइखमार्क प्राप्त गरेको देखिन्छ। जुन हालको बजार मूल्यसँग तुलना गर्दा तीन अर्ब डलरभन्दा बढी हुन आउँछ।

हिटलरले यीबाहेक अन्य कैयौं क्षेत्रबाट सम्पत्ति जोडेका थिए तर प्रश्न उठ्छ कुनै जमानामा प्रथम विश्वयुद्धमा लडेका, सामान्य कलाकार र प्रायः होस्टेलमा जीवन व्यतीत गर्ने हिटलरले नाजी पार्टीको प्रमुख भएपछि आर्जन गरेको अथाह सम्पत्ति कहाँ गयो ?, यो अझै पनि रहस्यमै छ। ■

–युवामञ्च

पृथ्वीमा प्रत्येक दिन औसत ८६ लाख पटक चट्याङ पर्दछ । प्रायः चट्याङबाट मानिस, जीवजन्तु पनि यसबाट सुरक्षित नै रहन्छन् तर मानिस, जीवजन्तु वा वनस्पतिमा चट्याङ पऱ्यो भने परिणाम निकै घातक हुन सक्छ ।

चट्याङ पर्ने घटनालाई मानिस र जीवजन्तुबीच तुलना गर्दा जिराफमाथि चट्याङ पर्ने सम्भावना अधिक हुन्छ । जिराफमाथि चट्याङ पर्ने सम्भावना मानिसको दाँजोमा लगभग ३० गुणा बढी देखिएको छ । यसको कारण के हो भने जिराफ मानिसभन्दा धेरै अग्लो हुन्छ । सन् १९९६ देखि २०१० सम्मको तथ्याङ्कलाई हेर्दा मात्र पाँच पटक जिराफमाथि चट्याङ परेको छ तर जिराफको सङ्ख्या विश्वमा करिब एक लाख ४० हजार मात्र भएका कारण जिराफमा प्रतिवर्ष चट्याङ पर्ने दर ०.००३ हुन आउँछ । यस हिसाबले जिराफमाथि चट्याङ पर्ने दर तुलनात्मक रुपमा मानिसको भन्दा ३० गुणा बढी देखिन्छ । ■

– युवामञ्च



पोटासियमको राम्रो स्रोत हो केरा । शरीरमा 'इलेक्ट्रोलाइट' सन्तुलनका लागि पोटासियमको पर्याप्त मात्रा अनिवार्य हुन्छ । यसले सोडियमसँग मिलेर रक्तसञ्चार प्रणालीलाई चुस्त राख्दछ तर यही पोटासियमको उच्च मात्राले केरालाई केही रेडियोधर्मी पनि बनाएको छ । केरामा प्राकृतिक आइसोटोप पोटासियम-४० हुन्छ ।



चाखलाग्दो कुरा के छ भने हाम्रो शरीरमा लगभग १६ मिलीग्राम पोटासियम-४० हुन्छ । यसको अर्थ हामी पहिले नै केराभन्दा दुई ८० गुणा बढी रेडियोधर्मी छौं । केरा खाँदा हाम्रो शरीरमा पुग्ने अतिरिक्त पोटासियम-४० केही घण्टाभित्र नै शरीरबाट बाहिर निस्कन्छ । ■

– युवामञ्च

तीनगाउँले, पाँचगाउँले, बाह्रगाउँले

तीनगाउँले, पाँचगाउँले, बाह्रगाउँले, अठारगाउँले जस्ता जाति वा स्थानको पहिचान मुस्ताङ जिल्लाको विशेषता हो। यी गाउँमा बस्ने सबै समुदायलाई यस्ता नामले समेट्छ तर आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले २०५८ सालमा बाह्रगाउँलेलाई एउटा छुट्टै जातिका रूपमा र तीनगाउँलेभित्रका चिमतन, ठिनतान, स्याङ्तानलाई अलग अगल रूपमा सूचीकृत गरेपछि ती स्थानका बासिन्दालाई समुदाय भन्ने कि जाति भनेर विवाद भएको थियो।

कतिपयले साधारण विशेषताका आधारमा यी सबैलाई थकाली जाति भनेका छन्। विसं २०५२ मा सरकारले बनाएको जनजाति उत्थान प्रतिष्ठान कार्यदलले २०५३ साल वैशाखमा विभिन्न ६१ जातिलाई जनजातिमा सूचीकृत गर्न सरकारलाई सिफारिस गरेअनुसार सरकारले सो सूचीलाई २०५६ साल वैशाख २ गते स्वीकृत गरेको थियो र ती ६१ जातिलाई आदिवासी जनजाति भन्न थालियो। सो सूचीमा परिमार्जन गर्दै सरकारले २०५८ साल माघ २५ गते (लालमोहर लागे अनुसार) आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान स्थापना गऱ्यो। जस अनुसार चिमतन, ठिनतान र स्याङ्तान तीन जातिलाई मिसाएर 'तीनगाउँले' बनाइयो।


तीनगाउँले

मुस्ताङका तीन वटा गाउँ स्याङ, चिमाङ र थिनीमा बाक्लो बसोबास रहेका यिनीलाई तीनगाउँले भनिन्छ। यिनीहरूको धर्म, संस्कृति, सामाजिक जीवन सबै थकालीसँग मिल्दोजुल्दो छ। यिनीहरू आफूलाई थकाली जातिकै सदस्य भन्छन्। तीनगाउँले भित्रको एउटा जाति चिमतन हो। यिनीहरूको गाउँलाई चिमदा वा चिमाङ भनिन्छ र यसैबाट यिनीहरू चिमतन भनिएका हुन सक्छन्। चिमतन दुई वंशका छन्–भम फोदो र ध्याल्कीपाल फोदो। भोट–बर्मेली भाषा बोल्ने यिनका नयाँ पुस्ताले नेपाली नै बोल्छन्। बुद्धमार्गी यिनीमा बोन्पो धर्मको प्रभाव पनि छ।

तीनगाउँले भित्रको अर्को जाति ठिनतान हो। जसको मुख्य बसोबास टुकुचे र कागबेनीबीचमा पर्ने जोमसोमको ठिनी गाउँमा रहेको छ। यही भएर यिनी ठिनतान भएका होलान्। ठिनतानभित्र ओमथिन, तपोथिन, छोथिन, चकिथिन, ढ्याङ्थिन, लाङ्लाङथिङ जस्ता थर छन्।

लाङ्लाङथिङ लोपोन्मुख प्रायः छन्। आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले तीनगाउँलेलाई सुविधा वञ्चित जातिको प्राथमिकता सूचीमा राखेको छ। यिनी मूलतः बौद्ध र बोन्पो धर्मावलम्बी हुन् तर कतिपय चाडबाड हिन्दुसरह नै मनाउने गरेका छन्। पशुपालन, घुमन्ते व्यापार गर्ने यिनी पछिल्ला समयमा होटल व्यवसायमा पनि संलग्न र सफल छन्। यिनीहरूमा प्रबल सामुदायिक भावना छ। समुदायभित्र ढिकुर (ढुकुटी) को प्रचलन छ। जसले उनीहरूको आर्थिक हैसियत वृद्धि गर्न सहयोग गरेको पाइन्छ।

मुस्ताङको स्याङ गाउँमा बसोबास रहेकाले यिनीहरूलाई स्याङ्तान भनिएको हो। सुरुमा



छुट्टै जातिका रूपमा सूचीकृत यिनीहरूलाई पछि तीनगाउँलेमा समावेश गरियो। स्याङ्तानभित्र साकार, स्याङ्तेन, पासिङ, सान, ची, भिसिन, क्या, स्हरेन फोपका सन्तान/वंश पाइन्छ। केटीलाई अपहरण गरेर विवाह गर्ने प्रचलन छ भनेर राष्ट्रिय जनजाति विकास समितिद्वारा प्रकाशित पुस्तिका 'नेपालका आदिवासी जनजातिहरू २०५७' मा उल्लेख गरिएको छ। यस्तो प्रचलनलाई रहोलीवोवा भनिन्छ तर अहिले यस्तो प्रचलन प्रायः लोप भएको सम्बन्धितहरू बताउँछन्। यिनीहरूको भाषा, संस्कृति र चाडबाड धेरैजसो थकालीसँग मिल्छ।

पाँचगाउँले

तीनगाउँले जस्तै पाँचगाउँलेलाई आदिवासी जनजातिमा सूचीकृत गरिएको छैन। मुस्ताङको टुकुचेदेखि कागबेनीबीचमा पर्ने थिनी, स्याङ,



मार्फा, धिमाङ, चेराङमा बस्ने यिनीहरूलाई पाँचगाउँले भनिन्छ।

कतिपय स्थानमा तीनगाउँले र पाँचगाउँलेको क्षेत्र मिसिएको पनि पाइन्छ।। जस्तै थिनी र स्याङमा तीनगाउँले पनि छन्, पाँचगाउँले पनि भेटिन्छन्। त्यसैले यी सबै एउटै जाति तर भिन्न समुदाय वा थर हुन् भन्न सकिन्छ। पाँचगाउँलेलाई पुनले पनि भनिन्छ। थकालीसँग शारीरिक बनोटदेखि भाषा, संस्कृति रहनसहन मिल्छ। विगतमा केटीलाई जबरजस्ती गरेर विवाह गर्ने प्रचलन थियो तर अहिले यस्तो जबरजस्तीमा विवाह हुँदैन। मागी र प्रेम विवाह सहमतिमा हुन्छ।

बाह्रगाउँले

मुस्ताङको थाक खोलामाथि ल्होमान्थाङ वरिपरि तथा त्यहाँबाट दक्षिणतिर पर्ने छुसाङ, छार्का, थोचे, झोङ, खाङसार, कागबेनी जोमसोम, छोसेर, छोन्हुपलगायतका गाउँ र अन्य साना बस्तीमा बस्ने समुदायलाई बाह्रगाउँले भनिन्छ।

साबिकका मुक्तिनाथ, झोङ, छुसाङ र कागबेनी गाविसलाई मिलाएर 'बारागुङ मुक्तिक्षेत्र' गाउँपालिका बनाइएको छ। यिनीहरूको गाउँलाई 'बारागुङ' भनिन्छ। उच्चारणको भिन्नताले बाह्रगाउँ भन्न थालिएको हुन सक्छ। यिनीहरूको मुखाकृति, रहनसहन सामाजिक परम्परा ल्होमान्थाङका ल्होपा र थाकतिरका थकालीसँग मिल्छ।

यही आधारमा कतिपयले बाह्रगाउँलेलाई पनि थकाली नै भन्ने गरेका छन् तर नेपाल सरकारले बाह्रगाउँलेलाई भिन्न जातिको रूपमा सूचीकृत गरेको छ। यिनीहरूले पनि बौद्ध र बोन्पो धर्म मान्छन् तर अहिले व्यापार तथा व्यवसायको सन्दर्भमा पोखरा तनहुँलगायतका क्षेत्रमा पुगेका यिनीहरूले हिन्दु परम्परा अनुसारका चाडबाड पनि मनाउने गर्छन्।

यिनीहरूले मागी, प्रेम वा भगाएर विवाह गर्छन्। भगाएर बिहे गरेको छ भने केटीका बावुआमासँग केटाले माफी मागेर विवाहलाई वैधता दिने प्रचलन थियो तर अचेल यस्तो प्रचलन विघटन भएको छ। यसरी माफी माग्ने प्रचलनमा केही नियम पुऱ्याउनु पर्छ। रक्सी र केही उपहारसहित केटीको घर नजिक गएर सार्वजनिक रूपमा केटाले चिच्याएर माफी माग्नु पर्ने चलन रहेको छ।

तीन, पाँच र बाह्रगाउँलेमा जन्ममृत्युका संस्कार लामाद्वारा गरिन्छ। आमा मर्दा नुन र बाबु मर्दा तीन दिन मासु बार्ने चलन छ। कतिले ३० र कतिपयले ४९ दिनमा घेवा गरेर जुठो फुकाउँछन्। पतिपत्नीमा पनि तीन दिन नुन बारना छ। बहुपति प्रथा अन्तर्गत जेठा दाजुले बिहे गरी ल्याएको केटी अन्य भाइको पनि साझा श्रीमती हुन्छिन् भनेर लेखक गुरुङ रामप्रसाद समथिङले लेखेका छन्।

यिनीहरूमा जनैपूर्णिमाको अवसरमा यार्तुङ पर्व धुमधामसँग मनाइन्छ। यो पर्वमा दौडिएको घोडामाथि बसेर भुइँमा राखिएको खादा र पैसा टिप्ने चलन छ। यसैदिन तारो हान्ने प्रचलन पनि छ। तारोमा जित्नेको ठूलो प्रतिष्ठा हुन्छ। उसलाई 'रोशन' पदले सम्मान गरिन्छ। यी गाउँभित्रका जातिले ठकुरी, गुरुङ, क्षेत्री थर लेख्ने गरेकाले थकालीलगायत यिनीहरूको जनसङ्ख्या कम छ। जनगणना २०७८ मा पनि बाह्रगाउँले वा तीनगाउँलेको जनसङ्ख्या उल्लेख छैन। सबैले थकाली, गुरुङ, विष्ट, ठकुरी लेख्ने गरेका छन्। यिनको ल्होसार नयाँ वर्ष हो जुन विशेष उल्लासका साथ मनाइन्छ। ▪

-त्रिभुवनचन्द्र वाग्ले



जापानको अनैतिक युनिट ७३१

सन् १९३९ देखि १९४५ सम्म विश्वले इतिहासको सबैभन्दा भयङ्कर यस्तो युद्ध देख्यो जसमा ३० भन्दा बढी देश आपसमा कटुता, कलह र रक्तपातको अवस्थामा पुग्दा मच्चिएको लडाइँले संसारभरि १० करोड मानिसको ज्यान गयो । इतिहास साक्षी छ युद्ध त्यस्ता कैयौँ उपकथाले भरिपूर्ण थियो जसका हरेक अध्यायले हाम्रो मानवताको साझा भावना खिल्ली उडाएको देखिन्छ ।

तर युद्धका सबै मोर्चामध्ये द्वितीय विश्वयुद्ध अवधिमा सबैभन्दा बढी शृङ्खलाबद्ध लडाइँ भएको प्रशान्त क्षेत्रमा भएका कारबाही सोचनीय छन् ।

इतिहासवेत्ताहरूले लेखेका छन् सन् १९३१ मा मन्चुरिया र सन् १९३७ मा चीनमाथि आक्रमण गरेर जापानले युद्ध थालनी गरेको थियो । यी हमलाले तत्काल यस्तो हलचल र उथलपुथल सुरु भयो जसले चीनको आधारशिला हल्लाइदियो । त्यहाँ गृहयुद्ध भयो र अकाल उत्पन्न भएर

बन्दीलाई रोग परीक्षणको साधन बनाएर उनीहरूमा सङ्क्रमण र बिरामीको सहन शक्ति हेर्ने अनैतिक कार्य उद्देश्यले 'युनिट ७३१' लाई डिजाइन गरिएको थियो ।



लगभग छ करोड ३० लाख मानिसले ज्यान गुमाए । यस्तो विषम परिस्थिति सन् १९४५ मा चीनको मुक्तिसम्म जारी रहेको थियो ।

आफ्नो प्रभुत्वकालमा साम्राज्यवादी जापानले चीनमाथि बयान गर्न नसकिने आतङ्क मच्चायो । तैपनि 'युनिट ७३१' द्वारा गरिएको अत्याचारको तुलनामा त्यो कम नै थियो भन्न सकिन्छ । 'युनिट ७३१' जापानको जैविक युद्ध एकाइको केन्द्रबिन्दु थियो, जसले पहिले नै जातिसंहार युद्धलाई आतङ्कको नयाँ गहिराइमा जाकिदियो ।

'युनिट ७३१' ले जैविक हतियारको यस्तो भण्डार तयार पार्न खोजेको थियो जसले यस पृथ्वीका हरेक प्राणीलाई घातक रोगद्वारा मार्न सक्थ्यो । बन्दीलाई रोग परीक्षणको साधन बनाएर उनीहरूमा सङ्क्रमण र बिरामीको सहन शक्ति हेर्ने अनैतिक कार्य उद्देश्यले 'युनिट ७३१' लाई डिजाइन गरिएको थियो । सन् १९४५ मा बन्द गरिनुपहिलेसम्म 'युनिट ७३१' मा यस्तो कार्य चलिरह्यो, मानव इतिहासमा यत्तिको अत्यन्त क्रुर यातना र परीक्षण भएको थिएन ।

सम्भवतः योसिमुरा हिसातोलाई 'युनिट ७३१' को जिम्मेवारी दिइनु चिनियाँ बन्दीका लागि प्रलयको दिन सुरु हुनु थियो । हाइपोथर्मिया परीक्षणप्रति अस्वाभाविक लगाव भएका एक फिजियोलोजिस्ट थिए हिसातो, जसको क्रुरताको कुनै सीमा थिएन । मानव जीवनलाई उनले कुनै महत्त्व नै दिँदैनथे ।

त्यहाँ मानवजातिमाथि परीक्षण गर्नका लागि विशेष परियोजना चलाइएको थियो, जसलाई मारुता कोड नाम दिइयो । मानिसका हातगोडामा लाग्ने चोटमा मारुताको अनुसन्धान सशक्त बनाउन हिसातोले चिनियाँ बन्दीको हातगोडा पानी र बरफमा डुबाएर त्यतिबेलासम्म राख्दथे जबसम्म हातगोडा जमेर छालामा बरफ नै जमेको देखिँदैनथ्यो ।

पुनः रक्तसञ्चार भएर बरफ पग्लन गई हातगोडा तात्न कति समय लाग्दो रहेछ भनी उनले जमेका हातगोडालाई रातभरि त्यत्तिकै राखेर पनि हेरे ।

प्रत्यक्षदर्शीहरूलाई इतिहासले उद्धृत गरेर लेखेको छ, जमेका हातगोडा काठ जस्ता हुन्थे । तिनमा हिर्काउँदा काठ बजेको जस्तो आवाज आउँथ्यो तर हिसातोका लागि त त्यो सुरुवात मात्र थियो ।

हिसातोले बन्दीहरूको जमेका हातगोडा यथाशीघ्र तातो बनाउन अनेक विधि परीक्षण गरे । केही प्रयासमा उनले जमेका हातगोडा तातो पानीमा डुबाए । उनले जमेका हातगोडालाई आगोमा सेकाए पनि । पुनः रक्तसञ्चार भएर बरफ पग्लन गई हातगोडा तात्न कति समय लाग्दो रहेछ भनी उनले जमेका हातगोडालाई रातभरि त्यत्तिकै राखेर पनि हेरे ।





मारुता र जीवच्छेदनको असह्य वेदना

एक अनुसन्धान केन्द्रका रूपमा स्थापना गरिएको 'युनिट ७३१' सशस्त्र बलको लड्ने क्षमतामा चोट र रोगले पार्ने असरको जाँच गर्नमा तल्लीन थियो। त्यस केन्द्रको एक विभाग मारुताचाहिँ चिकित्सा विज्ञानका परिभाषित सीमा पार गएर आफ्नो अनुसन्धानलाई एक कदम अगाडि लिएर गयो, जबकि उसले रोगीमा चोट र रोगको अवस्थालाई मात्र हेर्नुपर्ने थियो।

यस परियोजनाले सेनाका स्वयम्सेवीबाट अनुसन्धान सुरु गरेको भए पनि जसै जसै अनुसन्धानले गति लिन थाल्यो स्वयम्सेवीको अभाव हुन थाल्यो र परियोजनाको ध्यान चिनियाँ युद्धबन्दीमा केन्द्रित भयो। सहमति भएका देशको कथा भयो तथा अनुसन्धानमा के कति हदसम्म जाने भन्ने कुनै सीमा नै बाँकी राखिएन।

यहाँ विशेष रूपमा उल्लेख गर्नैपर्ने हुन्छ, ती दिनमा जीवच्छेदन निकै अभ्यासमा थियो। यो यस्तो प्रक्रिया थियो जसअन्तर्गत जीवन प्रणालीको अध्ययन र परीक्षणका

परियोजनाले सेनाका स्वयम्सेवीबाट अनुसन्धान सुरु गरेको भए पनि जसै जसै अनुसन्धानले गति लिन थाल्यो स्वयम्सेवीको अभाव हुन थाल्यो र परियोजनाको ध्यान चिनियाँ युद्धबन्दीमा केन्द्रित भयो।



लागि अचेत नपारी मानव शरीरलाई अपाङ्ग बनाइन्थ्यो। ती दिनमा प्लेग र हैजा जस्ता रोगले ग्रस्त हजारौँ कैदी (मुख्य रूपमा चिनियाँ), बूढापाका, किसान र बालबालिकाको अङ्गच्छेदन गरी परीक्षण गरिएको थियो।

यी सबैको उद्देश्य उनीहरूको मृत्युपछि शरीर कुहिनुपहिले उनीहरूमा लागेका विभिन्न रोगको सम्भावित असरका बारेमा अध्ययन गर्नु थियो। केही घटनामा मानिसका हातगोडा

काटेर शरीरको अर्को भागमा जोड्ने कामसमेत गरियो। शरीरमा ग्याङ्ग्रिन अर्थात् अवसाद सङ्क्रमण विस्तारको अध्ययन गर्नका लागि कसै कसैको हातगोडा बरफले जमाउने, कुल्चने वा काट्ने समेत गरिएको थियो।

जब कुनै व्यक्तिको शरीर यस्ता परीक्षणका लागि अनुपयोगी हुन जान्थ्यो उसलाई घातक इन्जेक्सन लगाएर वा गोली हानेर मारिन्थ्यो। केहीलाई त जिउँदै गाडिएको कुरा पनि इतिहासमा उल्लेख छ। 'युनिट ७३१' का यी कैदीबन्दीमध्ये कोही पनि यस्तो अमानवीय कृत्यबाट बचेनन्, चाहे ती चिनियाँ हुन् वा कोरियाली वा रुसी वा मङ्गोलियाली।

र 'पिस्तोल' आदि प्रयोग गरेर उनीहरूमाथि फरक फरक दूरीबाट गोली प्रहार गर्‍यो। प्रभावकारिताको विभिन्न स्तरको मूल्याङ्कन गर्न अनुसन्धानकर्ताहरूले घाउको प्रकृति र गहिराइको तुलना गोली लागेर मरिरहेका बन्दी र वास्तविक मृत्युबीच गर्दथे।

परम्परागत हतियारहरू जस्तै छुरा, तरबार र सङ्गिनको समेत समान रूपले प्रभावकारिता जाँच गरियो। यस परीक्षणका लागि बन्दीलाई बाँधिएको हुन्थ्यो। 'युनिट ७३१' ले ढाकिएको र खुला छालामा 'फ्लेमथ्रोवर' को पनि परीक्षण गर्‍यो भने 'ब्लिस्टर एजेन्ट' र 'नर्भ ग्यास'बाट बन्दीहरूमा पर्ने प्रभाव जाँच्न रणनीतिक एकाइका भवनमा 'ग्यास च्याम्बर'समेत बनाइएको थियो।

प्रभावकारिताको विभिन्न स्तरको मूल्याङ्कन गर्न अनुसन्धानकर्ताहरूले घाउको प्रकृति र गहिराइको तुलना गोली लागेर मरिरहेका बन्दी र वास्तविक मृत्युबीच गर्दथे।



नृशंस शस्त्र परीक्षण

प्रत्येक युद्धमा हतियारमा श्रेष्ठता महाशक्तिहरूमाझ मुख्य चर्चाको विषय हुने गर्छ। जापानीहरू यसमा भलिभाँती जानकार थिए। फरक यति मात्र हो उनीहरूले यसलाई बढी गम्भीरतापूर्वक लिए।

युद्ध जसै भड्कियो निर्मित हतियारको प्रभावकारिता एक महत्त्वपूर्ण प्रश्न तथा सेनाको मुख्य चासोको क्षेत्र बन्न गयो। आफ्ना हतियारको मारक क्षमता निर्धारण गर्ने प्रयासअन्तर्गत 'युनिट ७३१' ले कैदीबन्दीलाई आफ्नो 'फायरिङ रेन्ज' मा भेला गर्दथ्यो।

'युनिट ७३१' ले जापानी हतियारहरू जस्तै 'बोल्ट-एक्सन राइफल', 'नाम्बु ८ एमएम', 'मेसिन गन', 'ग्रिनेड'

बन्दीलाई कुनै स्थानमा बाँधेर उसमा माथिबाट गह्रौँ वस्तु खसालेर कुल्चँदा लाग्ने चोटको अध्ययन पनि गरियो त्यहाँ। व्यक्तिलाई घाइते बनाएर खानेपानीबाट वञ्चित बनाई औसत मानिस पानीबिना कति समय बाँच्ने रहेछ भनी अध्ययन उनीहरूले गरे। अधिकांश मामिलामा ती पीडितले समुद्री पानी मात्र पिउन पाए वा उनीहरूमा रगत सारी र रक्तथेक्ला बन्ने प्रक्रिया विश्लेषण गर्न अमिल्दो मानव रगत वा पशुको रगत चढाइयो पनि।

'युनिट ७३१' मा लामो समय एक्स-रेको प्रभावबाट अनुसन्धानमा प्रयोग गरिएका बन्दीमा नपुंशकता र अपाङ्गता भयो भने एक्स-रेका 'प्लेट' लाई गलत किसिमले राखिँदा वा गुप्ताङ्ग, अनुहार वा स्तनका मुन्टा

नजिक राख्दा गम्भीर जलनका घटना पनि भए। पाइलट र विमानबाट हाम फाल्ने 'प्याराटुपर'मा 'जी–फोर्स' को प्रभावका बारेमा समेत त्यहाँ अध्ययन गरिएको थियो। जसका लागि अनुसन्धानकर्ताले बन्दीलाई एउटा ठूलो अपकेन्द्रित यन्त्र (सेन्ट्रिफ्युज)मा राखेर त्यसलाई निकै तेज गतिमा तबसम्म घुमाए जबसम्म बन्दी अचेत हुँदैन वा मर्दैन। त्यस गतिले सामान्यतया १० देखि १५ 'जी' उत्पन्न हुने गर्थ्यो। यसबाट उनीहरूले के थाहा पाए भने बालबालिकामा प्रवेग बल सहन गर्ने क्षमता अधिक हुन्छ।

युद्धबन्दीमाथि भिरिङ्गीको अध्ययन

प्राचीन इजिप्टका बेलादेखि थाहा भएको कुरा हो यौन रोगले सेनाको सङ्गठनमा नराम्रोसँग व्यवधान उत्पन्न गर्दछ। यस्तै खालको समस्या उत्पन्न हुनबाट रोक्न जापानी सेनाले भिरिङ्गीका लक्षण र उपचारको अध्ययनमा रुचि लियो।

बन्दीमा रोगको सुरुवात र विस्तारको अवस्था जाँचियो। त्यतिले नपुगेर पहिलो परीक्षणमा सङ्क्रमण नदेखिए थप बन्दीलाई बलात्कार गर्न लगाई सङ्क्रमण स्थापित गराइन्थ्यो।

सुरुवातका लागि 'युनिट ७३१' मा चिकित्सकले युद्धबन्दीलाई भिरिङ्गीले सङ्क्रमित गराए, अनि उनीहरूको उपचार रोके र रोगको प्रभाव विस्तार हेरे।

तथापि रोगको दुष्प्रभाव जान्न त्यतिबेला प्रचलनमा रहेको केमोथेरापीको प्राथमिक घटक तथा समकालीन उपचारक 'साल्भार्सन' लाई निश्चित अवधिका लागि प्रयोगचाहिँ गरियो। कतिसम्म अत्याचार गरियो भने भिरिङ्गीले सङ्क्रमित पुरुषलाई बन्दी पुरुष र महिलाको बलात्कार गर्न बाध्य पारेर रोग प्रभावकारी रूपमा सर्ने सुनिश्चितता गरिएको थियो।

यस प्रकार बन्दीमा रोगको सुरुवात र विस्तारको अवस्था जाँचियो। त्यतिले नपुगेर पहिलो परीक्षणमा सङ्क्रमण नदेखिए थप बन्दीलाई बलात्कार गर्न लगाई सङ्क्रमण स्थापित गराइन्थ्यो।

बलात्कार र सुनियोजित गर्भधारण

तपाईंलाई लाग्न सक्छ भिरिङ्गीमाथिको परीक्षण निकै क्रुर कृत्य थियो तर बलात्कार र जबरजस्ती गर्भधारणका





जुन कार्य 'युनिट ७३१' मा भए त्यसका अगाडि सबै फिक्का हुन्छ। सबैभन्दा आमघटना थिए, महिला बन्दीलाई बलात्कार गर्नु र सुनियोजित रूपमा गर्भवती बनाएर उनीहरूमाथि मानसिक आघात र हतियारको परीक्षण गर्नु।



ती बन्दीलाई सङ्क्रमित गरे। त्यस्ता रोगाणुको प्रमुख उदाहरण हुन सक्छ 'यार्सिनिया पेस्टिस'। यसले 'न्युमोनिक प्लेग' र 'ब्युबोनिक प्लेग' रोग लाग्दछ। साथै अनुसन्धानकर्ताले जानाजान बन्दीलाई 'टाइफस'द्वारा सङ्क्रमितसमेत गर्दथे।

चिकित्सकहरूले रोगाणुका अनेक नश्ल पनि बनाएका थिए। रोगको विभिन्न चरणमा बन्दीमा त्यसको प्रभाव उनीहरू जाँच गर्दथे र जो रोगी बन्दी बाँच्दथ्यो उसलाई गोली हानेर मारिन्थ्यो र रोगले थला परेकोलाई शवगृहमा लगेर त्यत्तिकै छाडिदिन्थे।

रोगीको रगत लिएर चिकित्सकले अन्य बन्दीलाई सङ्क्रमित पार्ने र त्यस समूहको सबैभन्दा अशक्त रोगीलाई रक्ताम्मे हुन दिएर रोगाणुको अझै घातक नश्लद्वारा बन्दीको अन्य समूहलाई

'युनिट ७३१' द्वारा बनाइएको प्लेगको एक अभिप्रायपूर्ण नश्ल थियो– प्लेग बासिलस।





ती महिलालाई जानाजान प्राणघातक रोगले सङ्क्रमित पार्ने, कुल्चेर घाइते बनाउने, रासायनिक हतियारले प्रभावित पार्ने, बमका छर्रा र गोलीले घाइते बनाउने कामसमेत 'युनिट ७३१' मा गरिएको थियो। यी सबैकाम सकेपछि 'युनिट ७३१' का चिकित्सकले गर्भवती महिला र भ्रूणमाथि त्यसको प्रभाव जाँच गर्दथे।


चिनियाँहरूमथि उपियाँ र प्लेग परीक्षण

जसैजसै समय व्यतीत हुँदै गयो यदि समय मिल्छ भने जापानको 'युनिट ७३१' सन् १९३९ सम्म आमसंहारको हतियार विकास गर्ने, चिनियाँ नागरिकलाई सखाप पार्ने र मित्र राष्ट्रको सैन्य शक्तिलाई नष्ट पार्ने परम उद्देश्यले परिचालित रहेको स्पष्ट हुन गयो।

'युनिट ७३१' ले मच्नुरियाका विभिन्न स्थानमा हजारौँ बन्दी भेला गरेर राखेको थियो। विज्ञानले त्यतिबेलासम्म थाहा पाएका घातक भाइरस र रोगाणुद्वारा जापानीहरूले रोगद्वारा सङ्क्रमित बनाउनमा समेत उनीहरू पछाडि परेनन्।

'युनिट ७३१' द्वारा बनाइएको प्लेगको एक अभिप्रायपूर्ण नश्ल थियो– प्लेग बासिलस। युनिटले यसलाई अत्यन्त घातक रोगाणुका रूपमा विकास गरेको थियो। अनुसन्धानका लागि राखिएका बन्दीको अन्तिम जत्थामाथि ठूलो सङ्ख्यामा उपियाँको आक्रमण गराएर प्लेगको जाँच गरियो। अनुसन्धानकर्ताले पहिले उपियाँलाई





चारैतिरबाट आक्रमण, असफलता र घेराबन्दीमा परेपछि जापानका सम्राटले रेडियो सन्देशबाट आत्मसमर्पण गरेको घोषणा गरे साथै 'युनिट ७३१' बन्द भयो।

बम आकारका माटोको भाँडामा बन्द गरे। त्यसपछि सन् १९४० अक्टोबर ४ मा जापानी बम वर्षक विमानले उपियाँसहितका ती भाँडालाई लक्ष्यमा लगेर खसालेका थिए। प्रत्येक भाँडामा रक्तपिपासु ३० हजार उपियाँ राखिएको थियो र सुरुमा चिनियाँ गाउँ क्युफ्होउमा राखिएका कैदीमाथि ती उपियाँ छाडिए।

प्रत्यक्षदर्शीलाई उद्धृत गर्दै इतिहासमा उल्लेख गरिए अनुसार बमसँगै नगरका विभिन्न स्थानमा रक्तिम धुलो पनि देखिएको थियो र त्यससँगै त्यहाँ भएका मानिसमाथि रक्तपिपासु उपियाँको आक्रमण सुरु भयो। ती उपियाँले टोक्दा कम्तीमा पनि दुई हजार चिनियाँको प्लेग लागेर मृत्यु भएको थियो र रेल सेवामा काम गर्ने रोगी कर्मचारीले प्लेग सार्दा नजिकैको गाउँ यिउमा थप एक हजारभन्दा बढी मानिसले ज्यान गुमाए।

'युनिट ७३१' ले त्यस हमलालाई थप प्रभावकारी बनाउन एन्थ्राक्ससमेत प्रयोगमा ल्याएका कारण कम्तीमा छ हजार मानिसको अनाहकमा मृत्यु भएको थियो।

द्वितीय विश्वयुद्धको समापनतिर जापानले तिनै उपियाँलाई बमका रूपमा अमेरिकामा प्रहार गर्ने कोसिस गर्‍यो तर कुनै फाइदा भएन। सन् १९४५ अगस्तमा हिरोसिमा र नागासाकीमा अमेरिकाद्वारा परमाणु बम आक्रमण तथा सोभियत सङ्घका सैनिकद्वारा मन्चुरियामाथि आक्रमण गरी जापानी सैन्य शक्तिलाई नष्ट पारेका कारण 'युनिट ७३१' को पतन सुरु भएकाले हुन सक्छ अमेरिका उपियाँ आक्रमणबाट जोगिएको। चारैतिरबाट आक्रमण, असफलता र घेराबन्दीमा परेपछि जापानका सम्राटले रेडियो सन्देशबाट आत्मसमर्पण गरेको घोषणा गरे साथै 'युनिट ७३१' बन्द भयो।

'युनिट ७३१' ले गरेको सबै अनुसन्धानको रिपोर्ट र रेकर्ड जापानीले जलाइदिए तथा त्यस युनिटद्वारा १३ वर्षमा सङ्कलित सबै सूचनासमेत केही बाँकी नराखेर नष्ट पारियो।

त्यस युनिटमा रहेर काम गरेका केही अनुसन्धानकर्ता केही भएकै छैन जसरी जापानको दैनिक जीवनमा फर्किए। केहीचाहिँ शैक्षिक र चिकित्सा क्षेत्रमा लागेका थिए। ■

–उमेश ओझाद्वारा अनुवादित र सम्पादित

RIPLEY'S Believe It or Not!

अचम्मको पारिवारिक पुनर्मिलनको कुरा गरौं !

ह्वेल माछा र हेपोपोटामस एउटै परिवारका हुन् ।





अमेरिकाको मिसिगनमा रहेको बुलक क्रिक हाइस्कुलका विद्यार्थीले सन् २००० मा २७,४३४ रोल ट्वाइलेट पेपरबाट १६ घण्टा समय लगाएर १६ फिट अग्लो पिरामिड बनाएका थिए ।



अमेरिकाको भर्जिनियामा रोआनोक काउन्टीमा रोकिराखेको एउटा कारमा अचानक थुनिएको करिब ९० किलोको एउटा कालो भालुले त्यतिबेलासम्म हर्न बजायो जबसम्म प्रहरीले उसको उद्धार गरेन ।

राजा च्याउ



■ आरबी बुढाथोकी

संसारमा सयौँ थरीका च्याउ पाइन्छन् र च्याउ धेरै मानिसको प्रिय खाद्यवस्तु पनि हो। घरमा मात्र होइन होटल रेस्टुरेन्टमा पनि च्याउको थरीथरीका परिकार पाक्ने गर्छ।

शाकाहारीका लागि च्याउ पोषण प्राप्तिको एक उत्तम विकल्प हुन्छ। मासुको भन्दा धेरै परिकार बनाउन मिल्ने च्याउको राजा मानिने 'किङ ओएस्टर' च्याउ नेपालमा हाल चर्चामा छ।

स्वास्थ्यका हिसाबले पनि अत्यधिक स्वास्थ्यवर्द्धक यो च्याउ व्यावसायिक हिसाबले पनि बजार लिँदै गएको छ। पाँचतारे होटलदेखि रेस्टुरेन्ट र घरमा यो च्याउको माग बढ्दो छ।

पूर्ण रूपमा अर्गानिक तवरबाट खेती गरी उत्पादन गरिने यो च्याउ शरीरको प्रतिरक्षा प्रणाली बलियो बनाउन उपयोगी मानिन्छ।





लामो समय भण्डारण गर्न सकिने हुँदा यो च्याउ अन्य तरकारीका तुलनामा सबै हिसाबले राजा नै मानिएको छ।








स्तन र प्रोस्टेट क्यान्सरबाट बचाउनेदेखि पुरुषत्व बढाउनसमेत यो च्याउ उपयोगी हुने विज्ञहरूको भनाइ छ। औषधीय गुणले समेत भरिपूर्ण यो च्याउ मोटोपना घटाउन पनि उपयोगी मानिएको छ।

मधुमेहदेखि मुटुरोग र ट्युमरका रोगीले पनि यो च्याउ नियमित रूपमा खान सक्छन्। लामो समय भण्डारण गर्न सकिने हुँदा यो च्याउ अन्य तरकारीका तुलनामा सबै हिसाबले राजा नै मानिएको छ।







राजा च्याउका परिकार

'किङ ओएस्टर' च्याउबाट कैयौँ स्वादका परिकार बनाउन सकिन्छ । यो च्याउको छोइला सबैभन्दा मन पराइएको परिकारमध्ये एक हो । यो परिकार होटल, रेस्टुरेन्टको शाकाहारी मेनुको उपल्लो दर्जामा राख्ने गरेका छन् ।

यसबाहेक साँधेको च्याउ, डामेको च्याउ, झानेको च्याउ, तरकारी, टिमुरे च्याउ, च्याउको मम, च्याउको थुप्पा, च्याउको चाउमिन, च्याउको सुप, च्याउ सेकुवालगायत कैयौँ परिकार बनाउन सकिन्छ । मटर पनिर, खुम्बका सोर्बा, हट गार्लिक च्याउ, सते च्याउ पाकचोय, ओएस्टर गार्लिक च्याउ, हुनान तोफु च्याउ, सेज्वाना च्याउ, साम्बल च्याउ, ब्लेकबिन च्याउ, च्याउ मन्चुरियन, च्याउ डिमसम, च्याउ स्टप बाओ, च्याउ कोङपाउ, केन्टुनिज च्याउ, मङ्गोलियन च्याउ, हङकङ स्टाएल च्याउ, क्रिमी च्याउ सुप, फ्रेन्च च्याउ प्राउन थर्मिडोर, च्याउको क्यानपी, च्याउ टिक्की, च्याउ टिक्का, चिज च्याउ क्रुकेट, च्याउ पिज्जा, च्याउ पास्ता, चिज स्टप च्याउ, बार्बिक्यु च्याउ, च्याउको सलादलगायत सयौँ परिकार यो च्याउको तयार पार्न सकिन्छ । ■







संसार हाँक्ने युवा



■ सुरेन्द्र नेपाल श्रेष्ठ

> **अत्तलले सन् २०१७ जुनमा राष्ट्रपति म्याक्रोको पुनर्जागरण पार्टीका तर्फबाट राष्ट्रिय सभा सदस्यमा निर्वाचित भएपछि द्रुत गतिमा राजनीतिक फड्को मार्न थालेका हुन् ।**

फ्रान्समा दोस्रो पटक राष्ट्रपति चुनिएका इम्यानुयल म्याक्रोले गत जनवरी ९ मा ३४ वर्ष १० महिना उमेरका ग्याब्रियल अत्तललाई प्रधानमन्त्री नियुक्त गरेका छन्। यो निर्णयलाई राजनीतिक वृत्तमा म्याक्रोले आफ्नो गुमाउँदै गरेको साख पुनः हासिल गर्ने प्रयासका रूपमा व्याख्या गरिँदै छ।

आधुनिक युगको फ्रान्सका राष्ट्रपतिले संवैधानिक सुविधा अनुसार आवश्यक पर्दा आफ्ना प्रधानमन्त्री फेरबदल गर्न सक्छन् । प्रधानमन्त्री बोर्नले एक वर्ष २३८ दिनमा राजीनामा दिएपछि राष्ट्रपतिले अत्तललाई प्रधानमन्त्रीमा नियुक्त गरे । उनले सुरुमा इडोवार्ड फिलिपेलाई प्रधानमन्त्री बनाएका थिए । उनलाई तीन वर्ष ४९ दिनपछि हटाएर जिन कास्टेक्सलाई एक वर्ष ३१७ दिन राखेर एलिजाबेथलाई मनोनीत गरेका थिए ।

फ्रान्सको आधुनिक इतिहासमा यसभन्दा अगाडि ३७ वर्षका लोरेन्ट फाबियसलाई राष्ट्रपति फ्रान्सिस मितेरान्डले सन् १९८४ जुलाई १७ देखि सन् १९८६ मार्च २० सम्म प्रधानमन्त्री नियुक्त गरेका थिए । सन् २०१७ मा पहिलो पटक राष्ट्रपति निर्वाचित हुँदा म्याक्रो पनि

३९ वर्षका मात्र थिए। उनले आफ्नो गुरुआमासँग विवाह गरेको विषयमा विवाद उत्पन्न भयो।

पहिलो श्रीमान्सँग पारपाचुके गरेकी ब्रिगित्तेले ला प्रोभिडेन्स हाइस्कुलमा अध्यापन गर्दा १५ वर्षीय म्याक्रोसँग उनको भेट भएको थियो। त्यही कक्षामा उनकी छोरी लरेन्स पनि म्याक्रोको सहपाठी थिइन्। ब्रिगित्ते र म्याक्रोबीच सन् २००६ अक्टोबरमा विवाह भएको थियो। उनीहरूबीच २५ वर्ष उमेर फरक छ।

अत्तलले मन्त्रीमण्डलमा महिला सात र पुरुष आठ गरी जम्मा १५ सदस्य चयन गरे। जसमध्ये सात जनालाई पूर्वजिम्मेवारी दिइएको छ तथा चार जनाको मन्त्रालय हेरफेर गरिएको छ भने चार नयाँ अनुहार छन् । सरकारको प्रवक्तामा ३८ वर्षीय प्रिस्का थेभेनतलाई तोकिएको छ। परराष्ट्र तथा युरोपियनमन्त्रीमा म्याक्रोका सल्लाहार र पुनर्जागरण पार्टीका महासचिव ३८ वर्षीय स्टेफन सेजर्नलाई नियुक्त गरिएको छ। छ



अत्तलले सन् २०१७ जुनमा राष्ट्रपति म्याक्रोको पुनर्जागरण पार्टीका तर्फबाट राष्ट्रिय सभा सदस्यमा निर्वाचित भएपछि द्रुत गतिमा राजनीतिक फड्को मार्न थालेका हुन्। सन् २०१८ मा उनी राष्ट्रिय शिक्षा र युवा सहायकमन्त्री बनेका थिए भने सन् २०२० मै सरकारको प्रवक्ता बन्न सफल भए।

सन् २०२२ मा सार्वजनिक कार्य र लेखामन्त्री तथा अर्को वर्ष राष्ट्रिय शिक्षा र युवामन्त्री बनेका थिए उनी। त्यति मात्र हैन फ्रान्सका प्रधानमन्त्री अत्तलले आफूलाई समलिङ्गीसमेत भनेका छन् । हाल विश्वमा खुला रूपमा 'एलजीबीटीक्यु' हुँ भनेर घोषणा गर्ने अत्तलबाहेक नौ जना राज्य वा सरकार प्रमुख छन्।

प्रधानमन्त्री भएको दुई दिनपछि जनामन्त्री चालिस वर्षमुनिका छन् भने तीन जना पचास वर्षमुनिका।

यसैगरी डब्लिनमा जन्मे हुर्केका लियो वराडकर आयरल्यान्डको एसियाली मूलको तथा खुला समलिङ्गी पहिलो प्रधानमन्त्री हुन्। यसअगाडि उनी यातायात, पर्यटन र खेलकुद, स्वास्थ्यमन्त्री तथा सामाजिक सुरक्षामन्त्री थिए।

उनका बुबा भारतको मुम्बईका हुन्। एक लाइसेन्स प्राप्त मेडिकल डाक्टर वराडकरले आफ्नो मेडिकल इन्टर्नसिपका क्रममा मुम्बईमा केही समय बिताएका थिए। मानव अधिकार अभियानका अनुसार उनी विश्व इतिहासमा सरकार प्रमुख बन्ने चौथो खुला समलिङ्गी हुन्। ४४ वर्षीय वराडकर प्रधानमन्त्री निर्वाचित हुँदा ३८ वर्षका थिए।

फ्रान्स र स्पेनबीचको पाइरेनिस पहाडी क्षेत्रमा अवस्थित तथा करिब ७७ हजार जनसङ्ख्या रहेको युरोपको छैटौँ सानो स्वतन्त्र राष्ट्र एन्डोरामा सन् २०१९ मा ३९ वर्षीय ज्याभियर एस्पोट जामोरा प्रधानमन्त्री निर्वाचित भए। न्यायाधीशबाट राजनीतिमा प्रवेश गरेका जामोरा त्यसअघि सामाजिक मामिला, न्याय र आन्तरिकमन्त्री थिए। उनले बार्सिलोनाबाट कानुनमा डिग्री प्राप्त गरेका थिए। गत सेप्टेम्बरमा एक रेडियो अन्तर्वार्तामार्फत उनले आफू समलिङ्गी भएको खुलासा गरे।

यसैगरी कतारका वर्तमान अमिर तमिम बिन हमाद अल थानी सन् २०१३ मा सत्तामा आएका थिए। उनी त्यतिबेला केवल ३३ वर्ष थिए। अमिर बन्नुअघि उनले बेलायतको स्यान्डहर्स्ट्को रोयल मिलिटरी एकेडेमीबाट स्नातक उत्तीर्ण गरेर कतारको सशस्त्र बलमा प्रवेश गरेका थिए।

भुटानका राजा जिग्मे खेसर वाङ्चुक आफ्ना पिता जिग्मे सिङ्गे वाङ्चुकले राज्य त्याग गरेपछि सन् २००६ मा २६ वर्षकै उमेरमा राजा बनेका थिए। उनले अमेरिका र बेलायतबाट उच्च शिक्षा हासिल गरेका छन्।

सन् २०२१ देखि कोसोभोमा ३९ वर्षीय भ्जोसा ओस्मानी राष्ट्रपति



रहेकी छन्। उनी अङ्ग्रेजी, टर्केली, स्पेनी, सर्बियाली र अल्बेनियाली

भाषा बोल्न सक्छिन्। कोसोभोको युनिभर्सिटी अफ प्रिस्टिनामा कानुन अध्ययन गरेपछि उनीले पिट्सबर्ग स्कुल अफ ल विश्वविद्यालयमा स्नातकोत्तर र विद्यावारिधि उपाधि हासिल गरेकी थिइन्।

सान साल्भाडोरका पूर्वव्यापारी तथा मेयर नाइब बुकेले सन् २०१९ फेब्रुअरीमा एल साल्भाडोरको चुनाव



सजिलै जितेर राष्ट्रपतिका रूपमा शपथ लिएका थिए। उनको राष्ट्रिय एकताका लागि महागठबन्धनको जितले एफएमएलएन र एरेना पार्टीको प्रभुत्व समाप्त भएको थियो।

पहिले ट्विटरमा ५८ लाख 'फलोअर' भएका बुके एक उत्साही सामाजिक सञ्जाल प्रयोगकर्ता हुन्। उनले पदभार ग्रहण गरेपछि केही अधिकारीलाई ट्विटमार्फत बर्खास्त गरेका थिए। उनी त्यतिबेला केवल ३८ वर्षका थिए।

जर्जियामा इराक्ली ग्यारिबास्भिली ३१ वर्षको उमेरमा पहिलो पटक सन् २०१३ देखि २०१५ सम्म प्रधानमन्त्री



बनेका थिए। त्यसपछि रक्षामन्त्री बनेका इराक्ली सन् २०२१ मा पुनः प्रधानमन्त्री निर्वाचित भएका छन्।

यसैगरी सेरदार बर्दिमुहामेडो ४१ वर्षको उमेरमा सन् २०२२ मा तुर्कमेनिस्तानको राष्ट्रपति भए। उनले आफ्ना पिता राष्ट्रपति हुँदा सरकारका कतिपय जिम्मेवार पदमा



रहेर पिताको सहायकको भूमिका पनि निर्वाह गरेका थिए। उनलाई स्थानीय मिडियाले प्रायः 'राष्ट्रको छोरा' भन्ने गरेको छ। तुर्कमेनिस्तानमा इन्टरनेट पहुँच सीमित गर्ने र महिलामाथि विभिन्न प्रतिबन्ध लगाएका कारण बर्दिमुहामेडोको आलोचना हुने गरेको छ।

सन् २०२२ को सेप्टेम्बरमा तत्कालीन नेता पल–हेनरी दामिबालाई सत्ताच्युत गरेर सेना प्रमुख ३४ वर्षीय



इब्राहिम ट्राओरे बुर्किनाफासोको राष्ट्रप्रमुख बने। ट्राओरे भूविज्ञानको विद्यार्थी थिए र पछि उनले जर्जस नमोनाओ मिलिटरी स्कुलमा अध्ययन गरेका थिए।

यसैक्रमाा लागूपदार्थ तस्करीको समस्या झेलिरहेको इक्वेडरमा हालसालै निर्वाचित राष्ट्रपति ड्यानियल नोओबा



केवल ३५ वर्षका छन् । विश्वमा इक्वेडर सर्वाधिक केरा उत्पादक मुलुकका रूपमा परिचित छ ।

नोओबाका धनाढ्य बाबुले पाँच पटक राष्ट्रपति निर्वाचनमा उम्मेदवारी दिए पनि सफल भएका थिएनन् तर उनका छोरा सांसद बनेको दुई वर्षपछि नै सदन भङ्ग भएर सन् २०२३ मा सम्पन्न निर्वाचनबाट राष्ट्रपति निर्वाचित भए । केही हप्ताअघि उनले देशमा सङ्कटकाल घोषणा गरी तस्करी, हत्याहिंसाको अन्त्य गर्ने वाचा गरेका छन् ।

सन् २०२३ देखि मोन्टेनेग्रोमा प्रधानमन्त्रीको भूमिका निर्वाह गरिरहेका मिलोज्को स्पाजिक पनि ३६ वर्षका छन् ।



उनले फ्रान्सको एचइसी पेरिसबाट अर्थशास्त्रमा स्नातकोत्तर अध्ययन गरेका थिए । उनले राजनीतिमा प्रवेश गर्नुअघि टोकियो र सिङ्गापुरका बैङ्कमा काम गरेका थिए ।

सान मारिनोको राष्ट्रप्रमुख निर्वाचनको व्यवस्था अलि रोचक छ । प्रत्येक छ महिनामा त्यहाँको व्यवस्थापिका ग्रान्ड एन्ड जनरल काउन्सिल सदस्यहरूबाट दुई जना प्रमुख चयन गरिन्छ । उनीहरूलाई ‘क्याप्टेन रिजेन्ट’ भन्ने गरिएको छ ।

गत अक्टोबरमा निर्वाचित एक ‘क्याप्टेन रिजेन्ट’ गाइतानो ट्रोइनाको उमेर ३६ वर्ष मात्र छ । उनले बोलोग्ना विश्वविद्यालयमा कानुन विषय अध्ययन गरेका छन् ।



चिलीमा पनि सन् २०२२ मार्चदेखि ३५ औँ राष्ट्रपतिका रूपमा ३६ वर्षीय ग्याब्रियल बोरिक सत्तामा



छन् । उनी कलेजका दिनबाटै राजनीतिमा सक्रिय थिए । उनले चिलीलाई प्रगतिशील संविधान प्रदान गर्न जनमतसङ्ग्रह गरेका थिए तर जनताले उनलाई साथ दिएनन् ।

साउदी अरबका राजकुमार मोहम्मद बिन सलमानले सन् २०२२ देखि प्रधानमन्त्रीको कार्यभार पनि सम्हाल्दै



आएका छन् । राजकुमार सलमान बिन अब्दुलाजिजका छोरा सलमान ३७ वर्षका छन् । यसअघि उनले निजी क्षेत्रमा विशेष गरी कर्पोरेट कम्पनीहरूको नेतृत्व गर्दथे ।

चाडका पूर्वराष्ट्रपति इड्रिस डेबीको सन् २०२१ अप्रिलमा पुनः निर्वाचित भएको केही दिनमै मृत्यु भएपछि उनका ३८ वर्षीय छोरा महामत डेबी त्यहाँको अन्तरिम सरकारको प्रमुख बने । उनले १८ महिनाभित्र निष्पक्ष



निर्वाचन गर्ने प्रतिबद्धता जनाएका थिए तर दुई वर्ष भयो निर्वाचन भएको छैन ।

गत जनवरी १ मा डेबीले ४० वर्षीय सुक्सेस मस्रालाई चाडको सङ्क्रमणकालीन प्रधानमन्त्री नियुक्त गरे । द ट्रान्सफर्मर्स पार्टीको अध्यक्षका रूपमा मस्रा लामो समयदेखि विपक्षी दलको नेता थिए ।

मालीमा सन् २०२१ मा भएको सैन्य विद्रोहको नेतृत्व गर्दा असिमी



गोइटा ४० वर्षका थिए । उनले आफ्नो बाबुको पदचापलाई अनुसरण गरेका हुन् ।

विगतमा पनि संसारमा विशेषतः राजतन्त्रात्मक देशमा सानो उमेरमै राष्ट्रप्रमुख बन्ने गरेको कतिपय दृष्टान्त छन् ।

पु यी सन् १९०८ मा दुई वर्षको उमेरमा चीनको सम्राट बनेका थिए । उनले लामो समय शासन गर्न भने



पाएनन् । केवल तीन वर्षपछि त्यहाँको क्रान्तिले शाही शासन समाप्त गरी गणतन्त्र चीन स्थापना गरेको थियो ।

स्वाजिल्यान्डमा एक वर्षको उमेरमा राजा भएका सोभुजा द्वितीय इतिहासमा सबैभन्दा लामो समय शासन गर्ने राजा हुन् । सन् १८९९



जुलाई २२ मा जन्मेका सोभुजा नाच्दै गरेका बाबु अकस्मात् लडेर मरेपछि राजा घोषणा भएका थिए । सन् १९८२ सम्म जीवित सोभुजाले आफ्नो देशलाई बेलायतबाट स्वतन्त्र बनाए ।

यस्तै सन् १६२३ देखि १६४० सम्म राज गरेका मुराद चौथो अटोमन साम्राज्यको सुल्तान घोषणा हुँदा केवल ११ वर्षका थिए ।

इरानको शासानियन साम्राज्यकालमा सबभन्दा कम उमेर, त्यसमा पनि जन्मिनुभन्दा पहिले आमाको गर्भमै राजा घोषणा गरिएको घटना छ । सन् ३०९ मा त्यहाँका राजा हर्मिज्दको मृत्यु भएपछि उनका छोरा अदुर नार्सेहको केही महिनापछि नै हत्या भएकाले आमाको गर्भमा रहेका शापुर द्वितीय द ग्रेटलाई राजा घोषणा गरिएको थियो ।

तर उनले १६ वर्षको उमेरदेखि मात्र सक्रिय रूपमा राजकाज सम्हालेका थिए । उनको मृत्यु ७० वर्षको उमेरमा भएको थियो ।

त्यस्तै स्पेनका राजा अल्फोन्सो तेह्रौं पनि सन् १८८६ मा जन्मनेबित्तिकै राजा तोकिए पनि १६ वर्ष पुगेपछि मात्र राजा भएका थिए । बेलायतमा नौ



महिनामा राजा भएका हेनरी छैटौं बेलायती इतिहासमा सबैभन्दा कान्छा शासक हुन् । ५० वर्षको उमेरमा टावर अफ लन्डनमा उनको हत्या भएको थियो ।

नेपालमा पनि राजा त्रिभुवनले देश छाडेर भारत गएपछि राणाहरूले उनका नाति ज्ञानेन्द्रलाई राजा बनाउँदा उनी तीन वर्ष १२३ दिनका मात्र थिए ।



यस्तै इराकमा सन् १९३९ मा तीन वर्ष ३३७ दिन उमेर पुगेका फैसल द्वितीयलाई राजा बनाइएको थियो।

विश्वको सबैभन्दा कम उमेरको प्रधानमन्त्री हुने सौभाग्य भने बेलायतका विलियम पिट योङ्ले



पाएका छन्। केवल २४ वर्ष २०५ दिनको उमेरमा प्रधानमन्त्री बनेका उनले झन्डै १८ वर्ष सेवा गरेका थिए। अमेरिकामा हालसम्म भएका ४६ राष्ट्रपतिमध्ये कान्छो राष्ट्रपति हुँदा थियोडोर रुजबेल्ट ४२ वर्ष ३२२ दिनका थिए।

अहिलेसम्म कान्छी प्रधानमन्त्री चाहिँ फिनल्यान्डकी सन्ना मारिन



हुन्। सन् २०१९ को डिसेम्बर १० मा पद बहाली गर्दा उनको उमेर ३४ वर्ष २४ दिन मात्र थियो।

विश्वको पहिलो महिला प्रधानमन्त्री सिरिमावो बन्दरनायके



हुन्। सन् १९६० मा आफ्नो पार्टीलाई पहिलो बनाएर श्रीलङ्का सरकारको नेतृत्वमा पुग्दा उनी ४४ वर्षकी थिइन्।

मुस्लिम बाहुल्य देशमा लोकतान्त्रिक सरकारको निर्वाचनद्वारा पहिलो पटक महिला प्रधानमन्त्री बन्दा बेनजिर भुट्टोको उमेर केवल ३५



वर्ष थियो। उनले २७ वर्षको उमेरमा सन् १९८० देखि सन् २००७ मा हत्या हुँदासम्म पाकिस्तान पिपुल्स पार्टीको नेतृत्व पनि गरेकी थिइन्। ■







सर्पको टापु

पोर्चुगेली भाषामा क्युइमाडा भनेको 'जङ्गलको आगो' हुन्छ र स्थानीय बासिन्दाले केरा खेती गर्न वनमा आगो लगाएपछि यो टापु 'जङ्गलको आगो' भनेर पनि चिनियो ।



आन्ध्र महासागरको गहिरो नीलो पानीमा निषेधित उष्णकटिबन्धीय स्वर्गभूमि छ, जसलाई रहस्य र प्राकृतिक सुन्दरता मानिन्छ ।

स्नेक आइल्यान्ड अर्थात् सर्पको टापु । टापुको नामले नै यसको परिचय दिन्छ । यस टापुलाई लामो समयदेखि पृथ्वीको सबैभन्दा खतरनाक, भयानक स्थानका रूपमा चिनिँदै आएको छ ।

यो टापु ब्राजिलको तटीय क्षेत्रमा अवस्थित छ तर यो पूर्णतया निर्जन छ, जहाँ सूर्यको तेजिलो प्रकाशमुनि सुन्दर चट्टानी तटीय रेखा वरिपरि गहिरो रहस्य लुकेको छ । त्यहाँ जति शान्ति देखिन्छ यथार्थमा त्यस्तो छैन । टापु खतरनाक सर्पहरूले भरिएको छ । संसारमा त्यतिको सर्प एकै स्थानमा कहीँ पनि देखिएको छैन । घातक सर्पहरू लाखौँको सङ्ख्यामा जहाँतहीँ छन् । रुखमा, पातमा, झारपातमा, ढुङ्गामा र मैदानमा रहेका सर्प टापुमा खुट्टा राख्नेलाई



जहाजलाई पर्रै राख्न सन् १९०९ मा त्यहाँ एउटा 'लाइटहाउस' निर्माण गरिएको थियो । जब 'लाइटहाउस' लाई स्वचालित बनाइयो त्यहाँ 'लाइटहाउस' सञ्चालकले बस्न नपर्ने भयो । उनीहरू आफ्नो पछाडि यस्तो भयानक जङ्गल छाडेर गए जहाँ सर्पहरूको वर्चस्व छ ।



समुद्रको सतह बढ्दै गएर हजारौँ वर्षपहिले यो टापुमा परिणत भएको मानिन्छ । यस प्रक्रियामा कैयौँ विषालु सर्प त्यहीँ रहन गए । तबदेखि चराको सिकार गरेर सर्प त्यहाँ हुर्की बढिरहेका छन् ।



डस्न हरेक क्षण तयार रहन्छन् ।

स्नेक आइल्यान्ड नामले प्रख्यात इल्हा डा क्युइमाडा ग्रान्डे टापु जति मनमोहक छ त्यति नै भयानक पनि । ब्राजिलको दक्षिणपूर्वी सहर साओ पाउलोबाट लगभग ३१ किलोमिटरको दूरीमा अवस्थित यस टापुले आन्ध्र महासागरमा केवल चार लाख ३० हजार वर्गमिटर क्षेत्रफल ओगटेको छ ।

यस टापुको बनोट विविधताले भरिएको छ । यहाँ निर्जन चट्टानी क्षेत्रदेखि वर्षावनसम्म देख्न सकिन्छ । यहाँको उच्चतम स्थल समुद्री सतहबाट छ सय ६७ फिट अग्लो छ । यहाँ प्रायःजसो वर्षा भइरहन्छ ।


आधुनिक कालमा यस इल्हा डा क्युइमाडा ग्रान्डे टापुमा वन फँडानी गरियो । पोर्चुगेली भाषामा क्युइमाडा भनेको 'जङ्गलको आगो' हुन्छ र स्थानीय बासिन्दाले केरा खेती गर्न वनमा आगो लगाएपछि यो टापु 'जङ्गलको आगो' भनेर पनि चिनियो । कुनै बेला स्नेक आइल्यान्ड ब्राजिलको मुख्य भूमिसँग जोडिएको हुनु पर्छ । समुद्रको सतह बढ्दै गएर हजारौँ वर्षपहिले यो टापुमा परिणत भएको मानिन्छ । यस प्रक्रियामा कैयौँ विषालु सर्प त्यहीँ रहन गए । तबदेखि चराको सिकार गरेर सर्प त्यहाँ हुर्की बढिरहेका छन् ।

चट्टानी तटीय क्षेत्रबाट पानी

स्नेक आइल्यान्डको इतिहास पृथ्वीमा ११ हजार वर्षपहिले हिमयुग समाप्तिका बेलादेखिको छ । हिमयुग सकिएर समुद्रको जलसतह बढ्न जाँदा सर्पहरू उष्णकटिबन्धीय क्षेत्रमा फस्न पुगेका थिए ।

हजारौँ वर्षसम्म अलग्गै रहँदा सर्पको सङ्ख्यामा

उल्लेखनीय अनुकूलता आयो। तिनको सङ्ख्या तेज गतिमा बढ्यो र टापु तिनको निषेधित स्वर्ग बन्न पुग्यो। किंवदन्ती अनुसार समुद्री लुटेराहरूले आफ्नो लुटको धन लुकाउन स्नेक आइल्यान्डलाई उत्तम स्थल मानेका थिए।





टापुमा खतरनाक सर्पको बास भएकाले ब्राजिलको जलसेनाले त्यहाँ आममानिसलाई जान रोक लगाएको छ। यस निर्णयको मुख्य कारण हो मानिस र सर्प दुवैको रक्षा गर्नु।



अचेल यस टापुमा निकै विषालु 'पिट भाइपर' सर्प 'गोल्डेन लान्सहेड' को सङ्ख्या दुई हजारदेखि चार हजार भएको अनुमान छ। यो सङ्ख्यालाई हेर्दा टापुमा हरेक कदममा एउटा 'गोल्डेन लान्सहेड' फेला पर्ने देखिन्छ।

कदम कदममा छल भएको स्नेक आइल्यान्डमा 'गोल्डेन लान्सहेड' कै राज्य छ। यो सर्प धेरै नै विषालु हुन्छ। जसलाई वैज्ञानिकले ब्रोथ्रोप्स इन्सुलारिस भन्दछन्। यस सर्पको विष स्थानीय चरालाई मार्न अनुकूल छ र यसको विष अन्य भाइपर सर्पभन्दा पाँच गुणा बढी विषालु र तेज हुन्छ।

स्नेक आइल्यान्डमा मानिस नबस्ने र नजाने भएका कारणले त्यहाँ 'गोल्डेन लान्सहेड' ले कुनै मानिसलाई टोकेको थाहा भएको छैन तर दक्षिण अमेरिकामा 'लान्सहेड' ले डसेर अन्य प्रजातिका सर्पको तुलनामा धेरै मानिसको मृत्यु हुने गरेको छ।

यस सर्पले डसेमा गम्भीर परिणाम हुन्छ। शरीर सुन्निने, असह्य पीडा र वाकवाकीका साथै आन्तरिक रक्तस्राव वा मिर्गौला काम नलाग्ने लक्षण देखा पर्छ। उपचार गरिए पनि मृत्युदर ०.५ प्रतिशतदेखि ३ प्रतिशतसम्म र उपचार नगरिए ७ प्रतिशत मृत्युदर देखिएको छ।

टापुमा खतरनाक सर्पको बास भएकाले ब्राजिलको जलसेनाले त्यहाँ आममानिसलाई जान रोक लगाएको छ। यस निर्णयको मुख्य कारण हो मानिस र सर्प दुवैको रक्षा गर्नु।

तर रोक लगाइएको भए पनि तस्करले त्यहाँ सिकार गर्न छाडेका छैनन्। उनीहरूले सर्प समात्ने र कालोबजारमा बेच्ने गर्छन्। ■

-युवामञ्च

डिजिटल पदचिह्न

इन्टरनेटको प्रयोग गर्नुहुन्छ, "शून्य डिजिटल फुटप्रिन्टमा बस्छु" भन्ने कुरा सम्भव छैन तर तपाईंले चाहनु भयो भने आफूलाई असर गर्ने खालका डिजिटल फुटप्रिन्ट घटाउन भने सक्नुहुन्छ । इन्टरनेट समाजको फराकिलो अवधारणा अनुसार डिजिटल फुटप्रिन्टले इन्टरनेटको सामाजिक मूल्यलाई कमजोर बनाउँछ ।



■ अजय शर्मा

हरेक दिन चाहेर होस् वा नचाहे हामीले अनलाइनमा आफ्नो छाप छाडिरहेका हुन्छौँ । यस्ता डिजिटल छाप अर्थात् पदचिह्नले तपाईंको अनलाइन गतिविधिलाई पछ्याउन मद्दत गर्दछ । प्रयोगकर्ताको अनलाइन लोकेसनदेखि उसको रुचि, अरुचि, सपिङ गर्ने बानी, उसले हेर्ने भिडियोको जानकारीलगायतका सबै जानकारी डिजिटल फुटप्रिन्टमा आउँछन् ।

डिजिटल पदचिह्न (फुटप्रिन्ट) विशेष गरी अनलाइन विज्ञापनदातालाई महत्त्वपूर्ण हुने भएकाले उनीहरूलाई वेबसाइट कम्पनीहरूले आफ्ना प्रयोगकर्ताको डिजिटल

पदचिह्न बेच्ने गर्छन् । त्यसैले के कुरा बुझ्नु जरुरी छ भने तपाईंले जुनसुकै गतिविधि अनलाइनमा गर्नुहुन्छ आफ्नो डिजिटल फुटप्रिन्टहरू पछाडि छोड्दै हुनुहुन्छ ।

यहाँ इन्टरनेटमा छोड्ने विभिन्न पदछापले हामीलाई के कस्ता लाभ वा हानि हुन्छ भन्ने बारेमा चर्चा गरिएको छ । जब तपाईं इन्टरनेटको प्रयोग गर्नुहुन्छ, "शून्य डिजिटल फुटप्रिन्टमा बस्छु" भन्ने कुरा सम्भव छैन तर तपाईंले चाहनु भयो भने आफूलाई असर गर्ने खालका डिजिटल फुटप्रिन्ट घटाउन भने सक्नुहुन्छ । इन्टरनेट समाजको फराकिलो अवधारणा अनुसार डिजिटल फुटप्रिन्टले इन्टरनेटको सामाजिक मूल्यलाई कमजोर बनाउँछ ।

यसरी बन्ने डिजिटल फुटप्रिन्ट तपाईंका लागि फाइदा वा जोखिम हुन के हुन्छ ? यसको उत्तर सजिलो छ । जबसम्म तपाईंलाई यसले हानि गर्दैन तबसम्म यसबाट कुनै जोखिम छैन । तपाईंको अनलाइन फुटप्रिन्ट प्रयोगले अरूले पैसा कमाइरहेको हुन सक्छ ।



डिजिटल पदचिह्न

डिजिटल पदचिह्न भनेको प्रयोगकर्ताका यस्ता 'रेकर्ड' र 'ट्रेस' हुन् जुन इन्टरनेट प्रयोग गर्दा हामीले छाड्ने गर्छौं । अर्को शब्दमा भन्नु पर्दा इन्टरनेट प्रयोग गर्दा तयार हुने डाटाको 'ट्रेल' अथवा बाटोलाई नै डिजिटल फुटप्रिन्ट भनिन्छ । सामाजिक सञ्जाल चलाउँदा होस् वा इमेल, म्यासेज वा वेबसाइट प्रयोग गर्दा प्रयोगकर्ताको 'डिजिटल रेकर्ड' रहन्छ । यस्तो 'डिजिटल रेकर्ड'मा प्रयोगकर्ताको रुचि, अरुचि, खोजेका सामग्री, भिजिट गरेका पेजलगायतका विभिन्न डाटा छुटेका हुन्छन् ।

अनलाइन वृत्तका विभिन्न माध्यममा प्रयोगकर्ताका यस्ता 'रेकर्ड'ले डिजिटल फुटप्रिन्ट बनाउन योगदान दिइरहेका हुन्छन् । 'मेक युज अफ' वेबसाइटका अनुसार अनलाइनमा एक व्यक्तिले प्रत्येक सेकेन्डमा लगभग १.७ मेगाबाइट डेटा बराबरको डिजिटल फुटप्रिन्ट बनाएको हुन्छ ।

यसरी बन्ने डिजिटल फुटप्रिन्ट तपाईंका लागि फाइदा वा जोखिम हुन के हुन्छ ? यसको उत्तर सजिलो

छ । जबसम्म तपाईंलाई यसले हानि गर्दैन तबसम्म यसबाट कुनै जोखिम छैन । तपाईंको अनलाइन फुटप्रिन्ट प्रयोगले अरूले पैसा कमाइरहेको हुन सक्छ । कसैले तपाईंको अनलाइन गतिविधि निगरानी गरिरहेको हुन सक्छ । तपाईंलाई के मन पर्छ/के मन पर्दैन, कहाँ जानुहुन्छ, अर्को हप्ता कोसँग भेट्दै हुनुहुन्छ भनेर कुरा पत्ता लगाउन डिजिटल पदचिह्न उपयोगी हुन्छन् ।

अनलाइनमा विभिन्न सेवा प्रयोग गर्दा बारम्बार लगइन गर्न वा वेबसाइटहरूमा व्यक्तिगत विवरण पेस गर्नु पर्छ । सामाजिक सञ्जाल, इमेल, अडियो वा भिडियो कल गर्ने एपलगायतका विभिन्न वेबसाइट वा एप प्रयोग गर्दा हामीले चाहेर वा नचाहेर कतिपय जानकारी अनलाइनमा छाडेका हुन्छौँ । यस्ता डिजिटल फुटप्रिन्टहरू तपाईंसँग कुनै सम्बन्ध नभएका वा जोसँग तपाईंको कुनै स्वार्थ, द्वन्द्व वा तपाईंले नचिनेका व्यक्ति वा कम्पनीसँग रहन सक्छ ।

तपाईंले अनलाइनमा गर्ने गतिविधिका पूर्ण वा आंशिक विवरण यस्ता वेबसाइटले अन्य कम्पनीलाई बेच्न वा आफू अनुकूल प्रयोग गर्छन् । अहिले चाहिँ कतिपय मानिस इन्टरनेटमा आफ्नो बारेमा जानकारी साझा गर्दा सचेत बन्न थालेका छन् ।



अनलाइनमा रहँदा के कुरामा ध्यान दिने ?

- के सेयर गर्दै हुनुहुन्छ सचेत हुनुहोस् ।
- कहाँ सेयर गर्नुहुन्छ त्यसमा सावधान रहनुहोस् ।
- कोसँग कुन कुरा सेयर गर्नु हुँदैछ ख्याल गर्नुहोस् ।
- कुन वेबसाइट भिजिट गर्दै हुनुहुन्छ, पूर्ण रूपमा जानकारी लिनुहोस् ।
- इमेल पठाउँदा र इमेल खोल्दा सचेत रहनुहोस् ।
- कुनै पनि लिङ्क क्लिक गर्दा सावधान रहनुहोस् ।

डिजिटल फुटप्रिन्टको प्रयोगले तपाईं हामीले सामाजिक सञ्जाल, एप तथा विभिन्न वेबसाइट चलाउँदा आउने अनलाइन विज्ञापनमा आफ्नो रुचिका विज्ञापन देख्नुभएको हुन सक्छ । डिजिटल फुटप्रिन्टको प्रयोगको यो एक उदाहरण हो । अर्को उदाहरण लिऔँ तपाईंले युट्युबमा भिडियो हेर्दै गर्दा अर्को भिडियो सुरु हुन्छ जुन तपाईंकै रुचिको हुन्छ । यस्तो कसरी भयो, कहिले सोध्नु भएको छ ? अथवा त्यसमा देखिने विज्ञापनसमेत तपाईंको रुचिको हुने गर्छ । यो सबै कुरा तपाईंले विभिन्न अनलाइन माध्यममा छाड्नु भएको डिजिटल पदचिह्नका कारणले भएको हो । यस्ता कुराले तपाईंलाई सहयोग पनि गरेको हुन सक्छ वा कुनै बेला तपाईंलाई यसले जासुसी गरेको जस्तो लाग्यो भने डिजिटल पदचिह्न कम गर्न सक्नुहुन्छ ।




अझ भनौँ तपाईंले कुनै साथीसँग पहिलो भेट गर्नुभयो तर केही समयपछि तपाईंहरू आआफ्नै

गन्तव्यमा लाग्नुभयो । जब तपाईं अनलाइन हुनुहुन्छ तपाईंले केही घण्टाअघि भेटेको साथीलाई सामाजिक सञ्जालमा यो व्यक्तिलाई चिनेको छस् वा यो साथी हो भनेर देखाउन थाल्छ ।

अर्को पाटो हेर्ने हो भने डिजिटल फुटप्रिन्ट अपराध अनुसन्धानमा समेत सहयोगी पनि बन्न सक्छ । इन्टरनेटको प्रयोग गरेपछि कुनै न कुनै तरिकाबाट प्रयोगकर्ताले डिजिटल फुटप्रिन्ट छोडेका हुन्छन् । यसलाई प्रमाण मानेर अपराधी पक्राउ परेका अनगन्ती उदाहरण छन् । नेपालमा समेत अनलाइनमार्फत गरिने अपराध वा ठगीका घटनामा प्रहरीले डिजिटल फुटप्रिन्टको प्रयोग गरेर अनुसन्धान गरी अपराधी पक्राउ गर्ने गरेका छन् ।

गुगलमा केही कुरा जस्तै फोटो वा अन्य जानकारी खोज्नु भयो भने त्यहाँ तपाईंले आफ्नो डिजिटल फुटप्रिन्ट छाड्नुभयो । डिजिटल फुटप्रिन्ट एक यस्तो बाटो हो जसले तपाईंले इन्टरनेटमा के–के गर्नुभयो सबै कुरा देखाइदिन्छ । हामीले अनलाइनमार्फत कहाँ–कहाँ के–के अनलाइन सपिङ गर्‍यौँ र हामीले के–के व्यक्तिगत काम गर्‍यौँ सबै कुरा डिजिटल फुटप्रिन्टका माध्यमबाट थाहा पाउन सकिन्छ ।



हाम्रा यस्ता डिजिटल फुटप्रिन्टमा कुन कम्पनीले हाम्रो कति सूचना भण्डारण गरेका छन् भन्ने प्रायः सबैलाई ख्यालसमेत हुँदैन ।

यस्ता डिजिटल पदचिह्न प्रहरी, विभिन्न सामग्री बिक्री गर्ने कम्पनी, अनलाइन विज्ञापन एजेन्सी तथा इन्टरनेटमा अन्य प्रयोगकर्तालाई दुःख दिने प्रवृत्ति भएका मानिसका लागि यस्ता डिजिटल फुटप्रिन्ट निकै उपयोगी हुन्छन् । उनीहरूले त्यही डिजिटल फुटप्रिन्टबाट हाम्रो बारेमा जानकारी पाउँछन् ।

यति भनिरहँदा तपाईंलाई यस्ता कुरा सकभर कम गर्नु पर्छ भन्ने लाग्यो भने तपाईंले यस्ता व्यक्तिगत जानकारीहरू गोप्य राख्न सक्नुहुन्छ । त्यसका लागि तपाईंले इन्टरनेटमा आफ्नो डिजिटल फुटप्रिन्ट भरसक सानोभन्दा सानो पार्ने प्रयास गर्नु पर्छ । यस्तो गर्दा तपाईंले इन्टरनेटमा गरेका गतिविधि गोप्य रहन्छन् ।

डिजिटल फुटप्रिन्ट कसरी कम गर्ने ?

१. कुनै पनि वेबसाइट लगइन गर्नुभन्दा पहिला सो वेबसाइटको गोपनीयता नीति पूरा पढ्नुहोस् ।

२. सामाजिक सञ्जालमा खाता बनाउनुभन्दा पहिला सो कम्पनीको गोपनीयता नीति जाँच गर्नुहोस् ।

३. कुनै पनि वेबसाइटमा आफ्नो विवरण साझा गर्नुअघि आफूले दिने विवरण कुन तहको हो बुझेर मात्र साझा गर्नुहोस् ।

४. गोप्य रूपमा कुनै वेबसाइट प्रयोग गर्नु परेमा भिपिएन (भर्चुअल निजी नेटवर्क) प्रयोग गर्नुहोस् । भिपिएनको प्रयोग गर्दा सकभर शुल्क तिरेर वा आधिकारिक भिपिएन मात्र प्रयोग गर्नुहोस् ।

५. सकभर आफ्नो अनलाइन गतिविधि लुकाउनुहोस् ।

६. बेनामी ब्राउजिङ प्रयोग गर्नुहोस् ।

७. सिधै वेब ब्राउजरबाट इन्टरनेट चलाउनुको सट्टा 'इनकग्निटो' मोडबाट इन्टरनेटमा रहेका कुरा खोज्ने वा वेबसाइट चलाउने गर्नुहोस् ।

८. कुनै पनि वेबसाइट चलाउँदा 'प्राइभेसी पोलिसी'का साथै 'कुकिज पोलिसी' अनिवार्य हेर्नुहोस् । ■



■ उद्धवप्रसाद भट्टराई

कालान्तरमा त्यसको वध गर्नका लागि भगवान्‌को पनि पसिना आयो । अमर हुनका लागि कतिपय यस्ता मन्त्र छन्, जुन जप्नाले शरीर सधैँ युवा बनिरहन्छ भनिएको छ ।



हामी अमर हुन सक्छौँ ?

प्रकृति सतत् परिवर्तनशील छ । आज जुन वस्तु छ त्यो भोलि हुँदैन । त्यसकारण पृथ्वीमा भएका जति पनि जीवित वस्तु वा प्राणी छन् ती एक न एक दिन मर्ने छन् ।

एक त जीव मर्न चाहँदैन, सबै जीवले बाँच्न चाहन्छन् । मनुष्यमा बुद्धि र विवेक भए पनि म एक दिन मर्छु भन्ने चेत भएकै हुँदैन । यदि मर्छु भन्ने चेत जागे पनि जीवन अजर अमर नै छ जस्तो व्यवहार गर्छ ।

शास्त्रले भन्दछ समुद्र मन्थनबाट अमृत निस्क्यो । यसलाई प्राप्त



गर्नका लागि देवताहरूले दानवसँग छल गरे । अमृत पिएर देवता अमर भए । यसको तात्पर्य के हो भने के समुद्रमा त्यस्तो केही चिज छ जसबाट अमृत निस्कोस् ?, के आज पनि निस्किन्छ ? यो साङ्केतिक पनि हुन सक्छ । अहिले अधिकतम सय वर्षको जीवनमा त अनेकानेक रोग, कष्ट, सन्ताप र झन्झट छन् भने अमरता प्राप्त गर्दा के होला ?

महाभारतमा अष्ट चिरञ्जीवीहरूको उल्लेख गरिएको पाइन्छ । चिरञ्जीवीको अर्थ अमर व्यक्ति । अमरको अर्थ कहिल्यै नमर्ने । आठ जना चिरञ्जीवी हुन्– राजा बलि, परशुराम, विभीषण, हनुमान, वेदव्यास, मार्कण्डेय, अश्वस्थामा र कृपाचार्य । अब प्रश्न उठ्छ यिनीहरू अमर छन् भने अहिले उनीहरूलाई भेट्न पर्ने हो, किन भेटिँदैनन् ?

धार्मिक ग्रन्थहरूमा उल्लेख भए अनुसार ती आठै जना चिरञ्जीवी कैयौँ हजार वर्षदेखि यस पृथ्वीमा विचरण गरिरहेका छन् या बसिरहेका छन् तर के धर्तीमा बसेर यति लामो समय जीवित रहन सम्भव छ त ? यद्यपि कतिपय यस्ता ऋषिमुनि थिए, जो धर्तीभन्दा बाहिर गएर फेरि फर्केर आउँथे, शास्त्रमा भनिएको छ ।

प्राविधिक दृष्टिबाट कहिल्यै मर्दैन तर एउटा कुरा यदि कसैले यसको हत्या गर्‍यो भने वा कुनै अन्य जीवले जेलीफिसको भक्षण गरिदियो भने त उसलाई नमरी सुखै छैन ।

यद्यपि हिमालयमा बस्नाले पनि आयु बढ्ने सम्भावना हुन्छ । हिन्दु धर्मशास्त्रहरूमा यस्ता कतिपय कथा छन् जसमा के लेखिएको छ भने अमरता प्राप्त गर्नका लागि फलानो–फलानो दैत्य वा साधुले घोर तप गरी शिवजीलाई प्रसन्न बनाए । कालान्तरमा त्यसको वध गर्नका लागि भगवान्को पनि पसिना आयो । अमर हुनका लागि कतिपय यस्ता मन्त्र छन्, जुन जप्नाले शरीर सधैं युवा बनिरहन्छ भनिएको छ ।

'महामृत्युञ्जय' मन्त्र त्यही अमरता प्राप्त गर्ने साधना मन्त्र हो । यसका बारेमा के भनिएको के छ भने निरन्तर नियममा बसेर, गुरु आज्ञामुताबिक मृत्युञ्जय मन्त्रको जप गर्न सकेमा अमरता पाइन्छ ।

वेद, उपनिषद्, गीता, महाभारत, पुराण, योग र आयुर्वेदमा अमरत्व प्राप्त गर्ने अनेक साधन बताइएका छन् । आयुर्वेदमा कायाकल्पको विधि त्यसकै एक हिस्सा हो ।



शास्त्रमा उल्लेखित सावित्री–सत्यवान्को कथा त सबैले सुनेको हुनु पर्छ । सावित्रीले आफ्नो तपोबलले यमराजसँग खोसेर आफ्ना पति सत्यवान्को प्राण फिर्ता लिएकी थिइन् । सावित्री र यमराजका बीचमा लामो कुराकानी भयो । के कुरा थाहा हुन सकेको छैन भने सावित्रीले के यस्तो गरिन् र उनका पति सत्यवान् पुनः जीवित भएर फर्के । यस विषयमा जीवित गरिदिने वा हुन जाने प्रक्रियाका बारेमा महाभारत पनि मौन छ तर अवश्य पनि सावित्रीसँग यस बारेमा कुनै प्रक्रिया थियो होला । जुन दिन यो प्रक्रिया वैज्ञानिक ढङ्गले ज्ञात हुन जाला, हामी अमरत्व प्राप्त गर्न सक्ने छौँ ।

भनिएको छ अमरता प्राप्त गर्ने जडीबुटीहरू हिमालयको उच्च पर्वत क्षेत्रमा पाइन्छ । अमर हुने औषधि आर्युवेदाचार्यहरूले केही मात्रामा खोज गरेका पनि छन् तर त्यो व्यवहारमा आउन सकेको छैन । त्यस्तै साधनाद्वारा दैवी सिद्धि प्राप्त गर्न सकेमा वन, पाखा, पर्वत, नदी र हिमालमा भएमा त्यस्ता जडीबुटीको ज्ञान गर्न सकिन्छ भन्ने पनि छ ।

तपाईंले अमरबेलको नाम सुन्नु भएको होला । विज्ञान के चाहन्छ भने मनुष्य पनि यसै अमरबेल जस्तै बनोस्, कायापलट भइरहोस् र जीवित बनिरहोस् । वैज्ञानिकको एक समूह मानवलाई अमर बनाउन दत्तचित्त भएर लागेको छ । समुद्रमा पाइने जेलीफिस (ट्युलिटोप्सिस न्युट्रिकुला) नामक माछा पाइन्छ । यो प्राविधिक दृष्टिबाट कहिल्यै मर्दैन तर एउटा कुरा यदि कसैले यसको हत्या गर्‍यो भने वा कुनै अन्य जीवले जेलीफिसको भक्षण गरिदियो भने त उसलाई नमरी सुखै छैन । यस कारण यसलाई 'इम्मोर्टल जेलीफिस' पनि भनिन्छ । जेलीफिस बुढेसकालबाट बाल्यकालतिर फर्कने क्षमता राख्दछ ।

माथि जे कुरा भने पनि अमरताको अर्थ प्रकृतिभन्दा पर छैन । प्रकृति हरसमय परिवर्तनशील छ । यसर्थ धर्मशास्त्रको भनाइ साङ्केतिक छ भन्न सकिन्छ । सङ्केत नबुझ्दा मानिस अन्योलमा परेका छन् । महापुरुषहरूको भनाइ के छ भने आत्मा अमर छ, शरीर र इन्द्रीयहरू नासवान् छ । शरीर अलग हो र आत्मा अलग हो भन्ने अनुभूति भएपछि मानिस अजर अमरताको ज्ञात गर्दछ । यसैलाई अमर हुन सकिन्छ भन्ने अलौकिकताको विचार शास्त्रले दिएको हो । हामी शास्त्रको सोझो भनाइको पछि लाग्ने हो भने अमरताको रहस्य बुझ्न हजारौं वर्ष लाग्न सक्छ । ■



गन्धर्वको गीत सुनेर आफू प्रसन्नचित्त हुन पुगेको, उनलाई छाती फुलाएर एक रुपियाँ बक्सिस दिएको र त्यति रकम बक्सिस पाएपछि गन्धर्व अति नै हर्षविभोर भएको प्रसङ्ग सुललित किसिमले पस्केका छन् ।

उतिबेलाको भाउ



■ यमबहादुर दुरा

मानिसले वास्तविक जीवनमा भोगेका कतिपय घटना कालान्तरमा एउटा अविश्वसनीय कथा बन्न पुग्छ भनेर कतै पढेको थिएँ। ठ्याक्कै यस्तै अनुभूति विगतको भाउ–बेहासाको विवरण हेर्दा मिल्छ। पङ्क्तिकारले पनि एक रुपियाँमा खल्तीभरि मिठाई किनेर खाएको हो। बाजे–बराजुले सुका मानु घिउ खाए भन्ने सुनिआएको कुरा हो। यो कुरा तत्कालीन समयमा वास्तविक भए पनि अहिले अविश्वसनीय कथा बनिसक्यो। नयाँ पुस्ताले यसलाई फगत कथा सम्झन्छ।

'अठन्नीको खानपिन, रुपियाँको ह्वाइ।' यस भनाइले पुरानो समयको दर–भाउलाई प्रतिनिधित्व गरेको पाइन्छ। अर्को शब्दमा यसले पुरानो समयको पदचापलाई पछ्याएको पाइन्छ। वर्तमानको आँखाले हेर्दा अवास्तविक जस्तो लाग्ने कुरा कुनै समयमा वास्तविकता थियो। हिजो अठन्नी र रुपियाँबाट धेरै काम फत्ते हुन्थे।

अङ्ग्रेजी पढाउनका लागि केही बङ्गाली शिक्षक पनि भर्ना गरिएछन् । यो कुरा साहित्य–अन्वेषक शरद्चन्द्र शर्मा भट्टराईको कृति 'खोजी अनि व्याख्या' मा पढ्न पाइन्छ । भट्टराईले त्यसरी भर्ना गरिएका शिक्षकलाई दिइने पारिश्रमिकको लामै विवरण पेस गरेका छन् ।



कुनै जमानामा एक रुपियाँको दान वा बक्सिस दिएर कसैको मन राख्न पनि पर्याप्त थियो । यसको छनक २०२९ साल वैशाखमा मधुपर्कमा प्रकाशित 'रारा, अप्सरा र वैरोचन' शीर्षकमा प्रकाशित निबन्धमा लेखक जनकलाल शर्माको लेखबाट पनि मिल्छ ।

शर्माले आफ्नो निबन्धमा बालाजु उद्यानमा सारङ्गी रेट्दै गरेका गन्धर्वसँग भएको साङ्गीतिक जम्काभेटको प्रसङ्ग पनि अघि सारेका छन् । उनले गन्धर्वको गीत सुनेर आफू प्रसन्नचित्त हुन पुगेको, उनलाई छाती फुलाएर एक रुपियाँ बक्सिस दिएको र त्यति रकम बक्सिस पाएपछि गन्धर्व अति नै हर्षविभोर भएको प्रसङ्ग सुललित किसिमले पस्केका छन् ।

पारिश्रमिक

राणा प्रधानमन्त्री जङ्गबहादुर राणा युरोप भ्रमणबाट फर्केपछि अङ्ग्रेजी भाषाको महत्त्व बुझेछन् । त्यसपछि उनलाई दबारिया भाइभारदारलाई अङ्ग्रेजी पढाउने हुटहुटी चलेछ । अङ्ग्रेजी पढाउनका लागि केही बङ्गाली शिक्षक पनि भर्ना गरिएछन् । यो कुरा साहित्य–अन्वेषक शरद्चन्द्र शर्मा भट्टराईको कृति 'खोजी अनि व्याख्या' मा पढ्न पाइन्छ । भट्टराईले त्यसरी भर्ना गरिएका शिक्षकलाई दिइने पारिश्रमिकको लामै विवरण पेस गरेका छन् ।

ती शिक्षकमध्ये एक जनाको पारिश्रमिक विवरण उदाहरणस्वरूप प्रस्तुत छ । विसं १९०८ को निजामती किताबखानाको ढड्डामा अङ्ग्रेजी शिक्षक कैलाशचन्द्र गङ्गोली (गाङ्गुली)को पारिश्रमिक वार्षिक छ सय रुपियाँ तोकिएको पाइएको छ । यस हिसाबले गङ्गोलीको मासिक तलब ५० रुपियाँ निर्धारण भएको देखिन्छ । सो रकम त्यस समयमा निकै आकर्षक मेहनताना हो (शर्मा भट्टराई, २०५६, पृ.२०९–२१०) ।

नेपालको पहिलो अखबार 'गोरखापत्र' मा काम गर्ने इडिटर (सम्पादक) तथा अन्य कामदारको पारिश्रमिकको सङ्क्षिप्त विवरण भेटिएको छ । त्यसबेलाका इडिटर नरदेव पाण्डेको मासिक पारिश्रमिक ५० रुपियाँ रहेको देखिन्छ । यसैगरी प्रेसम्यान, कम्पोजिटर र करेक्टर (प्रुफरिडर ?) को मासिक पारिश्रमिक क्रमशः चार, छ र दुई रुपियाँ रहेको अभिलेख भेटिन्छ (शर्मा भट्टराई, २०६०, पृ.३२) । यो अभिलेख साहित्य–अन्वेषक शरद्चन्द्र शर्मा भट्टराईकै अर्को कृति 'सानो चिनारी नरदेव पाण्डेको' मा पाइन्छ ।

युगकवि सिद्धिचरण श्रेष्ठले 'साहित्यकार झपटबहादुर राणा' नामक कृतिमा विसं १९९० को भूकम्पले विनाश ल्याएपछि भूकम्पपीडितलाई सहयोग पुर्‍याउनका लागि

भूकम्प पीडितोद्धारक संस्था खडा भएको, त्यो संस्थाले स्वयम्सेवकका रूपमा काम गरेको र पारिश्रमिकबापत मासिक २५ रुपियाँ पाएको स्मरण गरेका छन् (श्रेष्ठ, २०३७, पृ.१०६) ।

दुराडाँडा लमजुङमा जन्मेका क्याप्टेन बखानसिंह दुरा (विसं १९७१–२०७०) दोस्रो विश्वयुद्धका योद्धा थिए। दोस्रो विश्वयुद्धमा होमिएको समयमा लाहुरेको तलब १६ भारतीय रुपियाँ रहेको पङ्क्तिकारलाई उनले बताएका थिए ।



पुर्काङ (लमजुङ)की ठाडोभाका गायिका धनमाया तामाङ (विसं १९८७–२०६१) ले आफ्नो आत्माकथा ‘धन’ मा १३–१४ वर्षको उमेरमा आफूले दिनभरि निमेक गर्दा अन्न लगे एक पाथी, कोदो वा पैसा लिए १२ पैसा पारिश्रमिक पाउने गरेको उल्लेख गरेकी छन्। उनले आफ्ना श्रीमान् चन्द्रबहादुर तामाङ (विसं १९८०–२०४२) कुन्छाको अड्डामा म्यादी सिपाही बनेर जागिर खाँदा महिनाको पाँच मोहर पारिश्रमिक पाएको पनि सोही आत्मकथामा स्मरण गरेको पाइन्छ (धन, २०६३, पृ.२२ र ५०) ।



घुमक्कड स्वभावका जनकवि केशरी धर्मराज थापामा भ्रमणका क्रममा भेटिएका सूक्ष्मतम् जानकारी अभिलेखन गर्ने बानी भेटिन्छ। जहाँ जे भेटिन्छ, जस्तो भेटिन्छ, त्यसलाई तत्क्षण लिपिबद्ध गरिहाल्ने उनको स्वभाव थियो।

माल–वस्तु

पुरानो समयको भाउ–बेसाहा पुराना पुस्तक, लोकअभिव्यक्ति तथा लोकस्मृतिमा यत्रतत्र छरिएर

खरायो यस्तो जनावर हो जसले आफ्नै दिसा खान्छ । आफ्नै मल खाएर खरायोले त्यसलाई ताजा खानासरह नै पचाउँछ । खरायोको मल दुई खालको हुन्छ । एउटा साना कालो गोलाकार र अर्को नरम कालो, जसलाई सेकोट्रोप्स भनिन्छ । यही सेकोट्रोप्सलाई खरायोले खाने गर्छ । नपचेका पोषक तत्व पुनः पचाउन खरायोले यसो गर्दछ । खरायोले सामान्यतया दिनमा एक पटक यसरी आफ्नै दिसा खाने गर्छ ।

–युवामञ्च







गरिबी, अभाव तथा भोकले डसेका निजी जीवन–भोगाइलाई जस्ताको तस्तै जनसमक्ष राख्न पुराना साहित्यकार हृदयचन्द्रसिंह प्रधान पटक्कै हिच्किचाएनन् ।



रहेको पाइन्छ । पुराना पुस्तक पढ्दा लोकगीत तथा उखान–टुक्का सुन्दा तथा पाका पुस्ता अग्रजसँग वार्तालाप गर्दा पुरानो समयको भाउ–बेसाहाबारे जानकारी मिल्छ ।

घुमक्कड स्वभावका जनकवि केशरी धर्मराज थापामा भ्रमणका क्रममा भेटिएका सूक्ष्मतम् जानकारी अभिलेखन गर्ने बानी भेटिन्छ । जहाँ जे भेटिन्छ, जस्तो भेटिन्छ, त्यसलाई तत्क्षण लिपिबद्ध गरिहाल्ने उनको स्वभाव थियो । उनले आफ्नो कृति 'चितवन दर्पण' मा पहाडबाट झरेकाहरूको बस्ती नारायणघाट बजारमा २०१० सालको बजारभाउ प्रस्तुत गरेका छन् ।

'चितवन दर्पण' मा प्रकाशित मूल्यसूची अनुसार तत्कालीन समयमा नारायणघाट बजारमा एक मुरी चामलको छ रुपियाँ, एक मुरी धानको एक रुपियाँ, खसी प्रतिगोटा दुई रुपियाँ ५० पैसा, हाँस प्रतिगोटा ५० पैसा, कुखुरा प्रतिगोटा २५ पैसा र एक जोर परेवाको भाउ १२ पैसा थियो (थापा, २०३२, पृ. १९२) ।

गरिबी, अभाव तथा भोकले डसेका निजी जीवन–भोगाइलाई जस्ताको तस्तै जनसमक्ष राख्न पुराना साहित्यकार हृदयचन्द्रसिंह प्रधान पटक्कै हिच्किचाएनन् । उनको २०१० सालमा प्रकाशित निबन्धसङ्ग्रह 'कुरा साँचो हो' मा यस्तै अभिशप्त पलको वर्णन भेटिन्छन् । प्रधानले कसैको निम्तो मान्न जाँदा पनि आफूलाई आर्थिक दृष्टिले मार पर्ने चर्चा गरेका छन् ।

उनले कसैको आतिथ्य ग्रहण गर्दा लोकलाजस्वरूप सगुन (कोसेली) लैजानुपर्ने र त्यसो गर्दा पारिवारिक बजेट असन्तुलन भई निस्तो भात खानुपर्ने अवस्थाको कारुणिक चर्चा गरेका छन् ।

साहित्यकार प्रधानका अनुसार सगुन लैजाँदा दुई रुपियाँ जति खर्च हुने र त्यो रकम एउटा अभावग्रस्त परिवारमा कैयौँ दिनका लागि तरकारी किन्न पुग्ने खर्च हो । उनले आफ्नो दयनीय आर्थिक अवस्थाबारे वर्णन

गर्दा त्यस समयमा दुई रुपियाँ कति मूल्यवान् थियो भन्ने तथ्य पनि सँगसँगै झल्कन्छ।

२०२९ सालतिर कफीको मूल्य अहिलेको दृष्टि सयौँ गुना सस्तो रहेछ। लेखक जनकलाल शर्माले पूर्वउल्लिखित निबन्ध 'रारा, अप्सरा र वैरोचन' मा न्युरोडमा एक कप कफीको एक रुपियाँ र अन्यत्र एक मोहरमा पाइने उल्लेख गरिएको छ। शर्माको निबन्धमा त्यस समयमा एक कप कफीको एक रुपियाँ चलनचल्तीको दर–भाउ अनुसार महँगो हो भन्ने आशय पनि झल्कन्छ।

शरद्चन्द्र शर्मा भट्टराईले पूर्वउल्लिखित पुस्तक 'खोजी अनि व्याख्या' विसं १९१० ताका सुनको मूल्य प्रतितोला १७ रुपियाँ रहेको उल्लेख गरिएको छ।

ठाडोभाका गायिका धनमाया तामाङले आफ्नो आत्मवृत्तान्त 'धन' मा आफ्नो विवाहमा दुलाहा पक्षले १५ रुपियाँ बराबरका लुगाफाटा ल्याइदिएको संस्मरण पस्केकी छन् (२०६३, पृ.५८)।



सुरुमा साप्ताहिक, बीचमा अर्धसाप्ताहिक र त्यसपछि दैनिक बनेको गोरखापत्र दिनहुँ प्रकाशन हुन थालेपछि यसको वार्षिक ग्राहक शुल्क ३६ रुपियाँ पुगेछ भने एकप्रतिको शुल्क १० पैसा कायम गरिएको थियो।



पाठ्यसामग्री



नेपालको पहिलो अखबार गोरखापत्रको वार्षिक ग्राहक शुल्क सुरुमा चार रुपियाँ रहेछ। त्यसपछि बीचमा दुई रुपियाँ बनाइएको रहेछ। पछि चार रुपियाँ नै कायम गरियो तर त्यसबेला गोरखापत्रको एकप्रतिको शुल्क कति थियो भन्ने खुल्दैन। सुरुमा साप्ताहिक, बीचमा अर्धसाप्ताहिक र त्यसपछि दैनिक बनेको गोरखापत्र दिनहुँ प्रकाशन हुन थालेपछि यसको वार्षिक ग्राहक शुल्क ३६ रुपियाँ पुगेछ भने एकप्रतिको शुल्क १० पैसा कायम गरिएको थियो। यो ऐतिहासिक प्रसङ्ग गृष्मबहादुर देवकोटाकृत कृति 'नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास' मा वर्णित छ (देवकोटा, २०५९, पृ.२९)।

युगकवि सिद्धिचरण श्रेष्ठले 'साहित्यकार झपटबहादुर राणा' नामक कृतिमा शारदा मासिक पत्रिकाको वार्षिक ग्राहक शुल्क चार रुपियाँ रहेको उल्लेख गरेका छन् (श्रेष्ठ, २०३७, पृ.१०८)। यद्यपि युगकवि सिद्धिचरण श्रेष्ठको लेखाइमा प्रस्तुत ग्राहक शुल्क कुन सालको शुल्क हो र तत्कालीन समयमा 'शारदा' को एकप्रतिको मूल्य कति थियो भन्ने खुलेको छैन।

२००० र २००९ सालमा प्रकाशित पुष्परत्न 'सागर' कृत 'सुबोध नेपाल भाषा व्याकरण' र सोमनाथ शर्माकृत 'मध्यचन्द्रिका' को मूल्य त्यसताका क्रमशः दुई रुपियाँ ५० पैसा र दुई रुपियाँ रहेछ। यसैगरी गोरखापत्रको भगिनी प्रकाशन मधुपर्कको २०२९ सालतिरको मूल्य एक रुपियाँ ५० पैसा रहेछ भने वार्षिक ग्राहक शुल्क १५ रुपियाँ।

मध्यचन्द्रिकाको पछाडिको पृष्ठमा केही पुस्तकको विज्ञापन दिइएको छ। जसमा लघुचन्द्रिका, संस्कृतिचन्द्रिका, अनुवाद चन्द्रिका र आदर्शराघव (महाकाव्य)को मूल्य क्रमशः ५० पैसा, ६४ पैसा, तीन रुपियाँ ३० पैसा र दुई रुपियाँ रहेका छन्।

एउटा प्रसङ्ग आउँछ, संस्कृत भाषामा निस्कने पत्रिकाको। संस्कृत भाषामा लेखिएका ऐतिहासिक तथा

सांस्कृतिक सामग्रीको अध्ययन नगरी नेपालको इतिहास र संस्कृतिबारे प्रामाणिक ज्ञान आर्जन गर्न सकिँदैन। यही आशयले एकथरी इतिहास अन्वेषकहरू संस्कृत भाषाको पत्रिकाको परिकल्पना गर्न पुग्छन्। पत्रिकाको नाम जुराइन्छ, 'संस्कृत सन्देश'।

पत्रिका निकाल्न योगी नरहरिनाथ, धनवज्र वज्राचार्य, रत्नबहादुर वज्राचार्य, ज्ञानमणि नेपाल, बुद्धिसागर पराजुलीलगायतका साधकको बौद्धिक श्रम परेको देखिन्छ।

२०१० सालतिर सुरु भई १४ अङ्क जति निस्केर सदाका लागि विश्राम लिएको 'संस्कृत सन्देश' को वार्षिक ग्राहक शुल्क अहिलेको आँखाले हेर्दा रोचक लाग्छ। पत्रिकाको वार्षिक र अर्धवार्षिक ग्राहक शुल्क क्रमशः चार रुपियाँ र दुई रुपियाँ ५० पैसा तोकिएको रहेछ भने एक अङ्कको मूल्य ५० पैसा निर्धारण गरिएको। साहित्य साधक घटराज भट्टराईले आफ्नो कृति 'खोजखाज' मा 'संस्कृत सन्देश' बारे मीठो किसिमले बेलिविस्तार लगाएका छन् (भट्टराई, २०५४, पृ. १५१–१६०)।

नेपालमा पुस्तकलगायतका पठन सामग्रीको मूल्य तुलनात्मक रूपमा सस्तो रहे पनि केही वर्षयता पुस्तक अति महँगो बन्न पुगेको छ। हाल महँगो बनेका पुस्तकको अगाडि साझा प्रकाशन, नेपाल प्रज्ञा–प्रतिष्ठान तथा रत्न पुस्तक भण्डारले पुरानो समयमा प्रकाशन गरेका पुस्तक निकै सस्तो प्रतीत हुन्छ।




पुरानो समयको यातायात सेवाको धेरैजसो भाडादर लोकस्मृति मात्र सीमित भएको देखिन्छ।

यातायात

नेपालमा आधुनिक यातायात प्रणाली तुलनात्मक नवीतम् विकासक्रम भए पनि यातायात भाडाको कुनै व्यवस्थित अभिलेख पाइँदैन। झन् अहिले त सरकारले तोकेको दरभन्दा बढी भाडा असुल्ने बानी परेका यातायातकर्मीले नियमानुसार टाँस्नुपर्ने भाडादर नै गायब गर्ने गरेको पाइन्छ। अहिलेको यातायात सेवा अतिशय अव्यवस्थित र स्वेच्छाचारी देखिन्छ।

पुरानो समयको यातायात सेवाको धेरैजसो भाडादर लोकस्मृति मात्र सीमित भएको देखिन्छ। पृथ्वी राजमार्गमा बस चलेपछि यात्रा गर्न थालेकासँग सम्पर्क गर्दा २०३२





सालतिर काठमाडौँ–पोखराको बसभाडा लगभग १५ रुपियाँ रहेको जानकारी प्राप्त भयो ।

यसैगरी काठमाडौँबाट त्रिशूली जाने गाडीको भाडादर एक समयको भाडादर प्राप्त भएको छ । पूर्वपरराष्ट्रमन्त्री महेन्द्रबहादुर पाण्डेका अनुसार २०८० साल मङ्सिर १५ गते भएको कुराकानी अनुसार २०२२ सालतिर काठमाडौँदेखि त्रिशूलीसम्मको गाडी भाडा तीन रुपियाँ ४० पैसा थियो ।

कवि हृदयपाणि अधिकारीले अध्ययनका लागि २०२८ साल जेठ २६ गते गोरखाको पालुङटारबाट जहाज चढेर काठमाडौँ आएको र त्यसबेला हवाई भाडा ४० रुपियाँ जति रहेको स्मरण गरेका छन् । त्यसबेला ट्याक्सीको उतिविधि प्रचलन नरहेकाले काठमाडौँ उत्रेपछि त्रिभुवन विमानस्थलबाट ठमेलसम्म रिक्सामा आउँदा पाँच रुपियाँ रिक्सा भाडा तिरेको पनि उनको स्मरण छ ।

हिजोका दिनमा नोटको चलन थिएन, सिक्काको चलन थियो । हुनेखानेले डालामा पैसा गन्थे र थैलामा पैसा राख्थे भन्ने सुनिन्छ ।




बिसौनी



विगतका यी मूल्यसूची र अहिले बर्खायामको भेलसरी उर्लिएका दर–भाउबीचको अन्तरले देशको आर्थिक वृद्धिको उत्साहजनक तथ्याङ्कलाई सङ्केत गर्ला । त्योभन्दा पनि बढी यसले चुलिँदो महँगी, बढ्दो मुद्रास्फीति, आर्थिक अपचलन तथा हामीभित्र विकसित अनाचारपूर्ण द्रव्यमोहलाई गजबले सङ्केत गर्छ । विगत र वर्तमानको दर–भाउबीचको खाडललाई आर्थिक, सामाजिकलगायत विभिन्न कोणबाट विश्लेषण गर्न सकिने ठाउँ छ ।

हिजोका दर–भाउमा धार्नी, बिसौली, माना, पाथी, मुरीजस्ता परम्परागत मापन प्रणाली जोडिएर आउँथे भने अहिलेका दर–भाउमा किलो, लिटरजस्ता मेट्रिक मापन प्रणाली आएका छन् । नयाँ पुस्ताले परम्परागत मापन प्रणालीको हिसाबकिताब नै बिर्सन थालिसके । यसले हाम्रो बदलिँदो मापन प्रणाली र जीवनशैलीलाई इङ्गित गर्छ ।

दर–भाउको प्रसङ्गमा दिमाग तरङ्गित भइरहँदा अर्को सन्दर्भ पनि प्रत्यक्ष वा परोक्ष रूपमा जोडिन आउँछ । हामीले गीत सुनेकै हो 'उहिले बाजेका पालामा रुपियाँ



नाइजेरियाका 'चेस मास्टर' टुन्डे ओनाकोयाले जर्मनीमा एकैसाथ १० खेल खेलेका थिए । अचम्मको कुरा उनले ती सबै १० खेल जिते पनि ।



बूढापाकाको बुझाइमा उहिले पैसा महँगो थियो, भाउ–बेसाहा सस्तो थियो । अहिले ठ्याक्कै उल्टो परिस्थिति छ, पैसा सस्तो छ तर भाउ–बेसाहा महँगो ।



गन्थे डालामा, अहिले हाम्रा पालामा मकै छैन डालामा ।' यो गीत आजको सन्दर्भमा कताकता असङ्गत लाग्न सक्छ तर गहिरिएर मनन गर्ने हो भने यसले हाम्रो बदलिँदो जीवनशैली र साँचो आर्थिक इतिहास बोलेको छ ।

हिजोका दिनमा नोटको चलन थिएन, सिक्काको चलन थियो । हुनेखानेले डालामा पैसा गन्थे र थैलामा पैसा राख्थे भन्ने सुनिन्छ । पैसाको थैला एक ठाउँबाट अर्को ठाउँमा भरिया लगाएर लैजाने चलन थियो भन्ने पनि बाक्लै सुनिएको हो । यसबाट असुविधा र असुरक्षा बढ्यो भनेर नोटको चलन आयो । यति गर्दा पनि असुरक्षा भयो भनेर बैङ्कमा पैसा राख्ने पद्धति विकास भयो । त्यतिले मात्र नपुगेर क्रेडिट कार्ड, क्रिप्टो करेन्सीजस्ता भर्चुअल पैसाको चलन आएको छ ।

सँगसँगै हाम्रो खानपानमा पनि आमूल परिवर्तन आएको छ । जङ्क फुड तथा फास्ट फुडको चलनले हामीलाई नराम्ररी गाँजिसकेको छ । अब डालामा मकै राख्नै नपर्ने भइसकेको छ । भर्चुअल पैसा प्रयोग गरेर घरमै रेडिमेड खानेकुरा मगाउन सकिने भएपछि डालामा मकै किन चाहियो ? गीतले भनेजस्तै अब न डालामा रुपियाँ गनिन्छ न त त्यसमा मकै राखिन्छ । क्या गजबको जमाना !

सरसर्ती हेर्दा फास्ट फुड र भर्चुअल पैसाले जीवनशैली खुबै सहज भएजस्तो लाग्छ तर यसैलाई अर्को पाटोबाट हेर्दा हाम्रो जीवनशैली स्वस्थ र अर्थ दुवै दृष्टिले असहज पनि बन्दै गएको देखिन्छ । बूढापाकाको बुझाइमा उहिले पैसा महँगो थियो, भाउ–बेसाहा सस्तो थियो । अहिले ठ्याक्कै उल्टो परिस्थिति छ, पैसा सस्तो छ तर भाउ–बेसाहा महँगो ।

यही प्रसङ्गमा दक्षिण कोरिया गएर आउनेले रमाइलो किस्सा सुनाएको सम्झना आउँछ । त्यतातिर ठूलो झोलामा पैसा लिएर बजार जाने र सानो झोलामा सामान किनेर ल्याउनुपर्ने अवस्था छ रे । साउने भेलझैँ उर्लिंदो मूल्यसूचीले हामीकहाँ पनि यही रोग तीव्र गतिमा भित्रिँदै गएको छनक मिल्छ । यस्तो अवस्थालाई उल्टयाएर पैसा महँगो र भाउ–बेसाहा सस्तो तुल्याउन पाए हुने । आर्थिक नीतिकारहरूले यतातिर रचनात्मक कदम चालिदिए ठूलै लोकहित हुने थियो । ■



मानिसको शरीरमा सबैभन्दा बलियो मांसपेशी कुन होला ? अलिकति बुझ्नेले मुटुको मांसपेशी भन्लान् तर यथार्थमा जिब्रो सबैभन्दा बलियो मांसपेशी हो भन्न सकिन्छ तर जिब्रो समग्रमा एकल मांसपेशी चाहिँ होइन । यो मांसपेशीको एक सकल रुप हो, जो आपसमा जोडिएर रहेका हुन्छन् । कुल आठ मांसपेशीले जिब्रो बनेको हुन्छ ।



व्याकुल माइला


राष्ट्रिय गानका रचयिता

नेपाली साहित्यमा व्याकुल माइलालाई नचिन्ने सायदै होलान् । खासगरी गणतन्त्र स्थापनापछि नयाँ राष्ट्रिय गानका लागि आह्वान गरिएको प्रतियोगितामा उनीद्वारा रचित 'सयौं थुँगा फूलका हामी...' छनोट भएपछि उनको प्रसिद्धी चुलिएको हो । साहित्यिक लेखनको क्षेत्रमा यसै नामबाट चर्चित भए पनि उनको वास्तविक नामचाहिँ प्रदीपकुमार राई हो । ओखलढुङ्गा जिल्लाको थाक्ले-८, हिलेपानीमा जन्मिएका राईले त्रिभुवन विश्वविद्यालयबाट कानुनमा स्नातक र जनप्रशासनमा स्नातकोत्तर गरेका छन् । लामो समयदेखि साहित्यिक पत्रपत्रिकाको सम्पादन, गीत, गजल तथा कविता लेखनमा समर्पित माइला सम्पादनका क्षेत्रमा पनि उत्तिकै सक्रिय छन् । खासगरी राष्ट्रिय गानका रचयिताका रुपमा उनलाई सयौं सङ्घ संस्थाले सम्मानित र पुरस्कृत गरेका छन् । नेपाल सरकारले पनि उनलाई सम्मान गर्नुका साथै वृत्ति विकासमा आर्थिक सहयोगसमेत गर्दै आएको छ ।

मानवीय जीवनमा पुस्तकको महत्त्व दर्शाउँदै उनी भन्छन्, "अँध्यारो रातमा हिँड्दा राँकोको जुन महत्त्व हुन्छ, जीवनमा अगाडि बढ्नलाई पुस्तकको पनि उस्तै महत्त्व हुन्छ । हामी जन्मिँदा हाम्रो मस्तिष्क खाली नै हुन्छ । जीवनलाई पूर्ण र सफल बनाउन, त्यसमा उमेरसँगै जीवन उपयोगी ज्ञान, सिप र विवेक भर्दै जानुपर्छ । जीवनमा ज्ञानको महत्त्व सर्वोपरि भएकाले यसका लागि पुस्तक नै महत्त्वपूर्ण भण्डार हो ।"

"संसारमा किताब नभएको भए अज्ञानताको कुहिरोभित्र संसार रुमल्लिरहेको हुन्थ्यो" भन्ने माइला सभ्यता, संस्कृति र प्रविधिको विकासको आधार नै पुस्तक भएको बताउँछन् । ज्ञानको खोजी र प्रसार गर्ने माध्यम नै पुस्तक भएकाले यसैको बलमा संसारमा ज्ञानको सञ्चयन र विकास हुँदै आएको उनको भनाइ छ ।

उनी उमेर अनुसार जो कोहीमा पनि पठनरुचि फेरिँदै जाने अनुभव बताउँछन् । क्याम्पस पढ्दाताका आफ्नो समयमा चर्चित बनेका र साहित्यिक वृत्तमा चर्चाकै सेरोफेरोमा रहिरहेका थुप्रै पुस्तकको अध्ययन गरेको बताउने माइला अध्ययनको बलले नै आफू पनि लेखनतर्फ आकर्षित भएको बताउँछन् । उनी आफ्नै नाममा 'व्याकुल माइला फाउन्डेसन' बनाएर सामाजिक एवं साहित्यिक कर्ममा लागिपरेका छन् ।



यतिबेला उनी विद्यावारिधिका क्रममा भएकाले शोधकार्यसँग सम्बन्धित इतिहास, संस्कृति तथा पुरातत्व विषय अन्तर्गत किराँत मुन्धुमसम्बन्धी पुस्तकको अध्ययनमा रहेको बताउँछन् । इमानसिं चेम्जोङ, बैरागी काइँला, भोगीराज चाम्लिङलगायतका लेखकद्वारा सङ्कलित र लिखित मुन्धुमी पुस्तक अध्ययन गरिरहेका माइलाले आफूले पछिल्लो समयमा पढेका पाँच पुस्तकका बारेमा यसरी जानकारी दिएका छन् :

किराँत बायुङ राई– तुम्लोयालो



ओखलढुङ्गा निवासी बुद्धिकुमार बायुङ राईद्वारा लिखित 'किराँत बायुङ राई– तुम्लोयालो' नामक मुन्धुमी पुस्तकमा बायुङ राई समुदायको संस्कार–संस्कृति एवं रीत गर्दा फलाकिने मुन्धुम पाठ निकै विस्तृत रूपमा दिइएको छ ।

एन्सियन्ट नेपाल




इतिहासकार डा. डिल्लीरमण रेग्मीद्वारा लिखित 'एन्सियन्ट नेपाल' पुस्तकमा नेपालको प्रामाणिक प्राचीन इतिहास लिच्छवि राजा मानदेवको ई.सं ४६४ को चाँगुनारायणको अभिलेखबाट प्रारम्भ भएको मानिएको छ । त्यसो भनिए पनि त्यसभन्दा धेरै पहिलेदेखि नेपालमा उत्कृष्ट संस्कृतिको विकास भइसकेको र त्यो संस्कृति किराँती भएको विचार प्रस्तुत गरिएको छ । गोपालराज–वंशावलीबाहेक किराँत काललाई प्रमाणित गर्ने ठोस आधार अहिलेसम्म अर्को नभेटिएको कुरा उल्लेख छ ।

किराँत इतिहास र संस्कृति



किराँत इतिहास तथा संस्कृतिविद् इमानसिं चेम्चोङद्वारा लिखित र शेरबहादुर इङनामद्वारा नेपाली भाषामा अनूदित 'किराँत इतिहास र संस्कृति' पुस्तकमा किराँत इतिहास र संस्कृतिका बारेमा विस्तृत चर्चा गरिएको छ । विशेषगरी किराँत लिम्बू जातिको संस्कृति र मुन्धुमको विभिन्न विषयवस्तुको गहनता पुस्तकमा पाइन्छ ।

महावीर पुन : सम्झना, सपना र अविरल यात्रा



स्वदेशमै विज्ञान र प्रविधिसम्बन्धी नवप्रवर्तनात्मक कार्य गर्न राष्ट्रिय आविष्कार केन्द्र स्थापना गरी रातदिन लागिपरेका वैज्ञानिक अभियन्ता महावीर पुनको आत्मवृत्तान्त 'महावीर पुन : सम्झना, सपना र अविरल यात्रा' सबैले एक पटक पढ्नैपर्ने पुस्तक हो । सरल र इमानदार व्यक्तिको जीवनकथाबाट पाठकलाई ऊर्जा मिल्नुका साथै उनको अभियानमा पनि सहयोग पुऱ्याउनु सबैको कर्तव्य हुन आउँछ ।

फैलियो माया दूबोसरी



साहित्यिक वृत्तमा उति चर्चामा नआएका तथा चुपचाप रहेर पनि थुप्रै चर्चित गीत लेख्न सफल गीतकार त्रिविक्रम पाण्डेको 'फैलियो माया दूबोसरी' गीतिसँगालो आफू पनि गीतकार भएका कारण औधि मन पऱ्यो । राष्ट्रप्रेमले ओतप्रोत पाण्डेका थुप्रै गीत सङ्गीतबद्ध पनि भएका छन् र अनेक माध्यमद्वारा गुञ्जिरहेका छन् । ■

– प्रस्तुति : तुलसीहरि कोइराला

राणाविरोधी आन्दोलनमा महिला





■ रतन भण्डारी

वि सं १९०३ सालमा प्रधानमन्त्री जङ्गबहादुर राणाले मुलुकको शासनसत्ता हातमा लिई निरङ्कुश जहानियाँ शासनको शूत्रपात गरेका थिए। जहानियाँ राणा शासनविरुद्ध जङ्गबहादुरकै पालादेखि देशका विभिन्न स्थानबाट आवाज नउठेको होइन तर जङ्गबहादुरले आफ्ना विरोधीलाई हत्या गरिदिए। मुलुकको शासनसत्ताको बागडोर परिवारका सदस्यमा रहने गरी रोलक्रमको व्यवस्था गरे उनले। उनको निधनपछि उनकै भाइभतिजा देशको प्रधानमन्त्री बनेका थिए।

त्यस क्रममा पनि राणा शासनविरुद्ध आवाज उठ्दै गऱ्यो तर त्यसरी आवाज उठाउनेलाई राणाले कसैलाई देश निकाला त कसैलाई दण्ड सजायसहित कालकोठरीमा कैद गरे। प्रधानमन्त्री चन्द्रशमशेरले सुब्बा कृष्णलाल अधिकारीलाई मकैको खेती नामक पुस्तक लेखेको अभियोगमा जेल सजाय तोके। अधिकारीको जेलभित्रै निधन भयो। बीपी कोइरालाका पिता कृष्णप्रसाद चन्द्रशमशेरकै पालामा देश निकाला गरिए।

विसं १९८८ मा खडकमानसिंह बस्न्यात, मैनाबहादुर, उमेशविक्रम शाह, रङ्गनाथ शर्मा, चन्द्रविक्रम

सङ्गठनबारे पोल खुलेपछि प्रधानमन्त्री भीमशमशेरले रङ्गनाथ शर्मालाई ११ वर्ष तथा अन्यलाई आजीवन कैद सजाय सुनाए। सो काण्डपछि केहीको जेलमै निधन भयो। बचेकाहरू २००७ सालको क्रान्तिपछि जेलमुक्त गरिए।

शाह आदिले भूमिगत रूपमा 'प्रचण्ड गोर्खा' नामक सङ्गठन खोलेका थिए। सो सङ्गठनबारे पोल खुलेपछि प्रधानमन्त्री भीमशमशेरले रङ्गनाथ शर्मालाई ११ वर्ष तथा अन्यलाई आजीवन कैद सजाय सुनाए। सो काण्डपछि केहीको जेलमै निधन भयो। बचेकाहरू २००७ सालको क्रान्तिपछि जेलमुक्त गरिए।

प्रधानमन्त्री जुद्धशमशेरले त देश र जनताको अधिकारका लागि आवाज उठाएको अभियोगमा विसं १९९७ माघमा शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गङ्गालाल श्रेष्ठलाई मृत्युदण्ड नै दिएर कायरता प्रदर्शन गरेका थिए। उनै चार जना महान् सहिदको सम्झनामा हरेक वर्ष सहिद सप्ताह मनाइँदै आइएको छ। जहानियाँ

चन्द्रशमशेरकी रानीबाट अध्यक्ष पदमा आसीन हुने स्वीकृति आएको र उक्त समितिको उद्देश्य समाज सुधार थियो तर दुर्भाग्य महिला समिति गठन भएको छ महिनाभित्रै कोइराला परिवारले देश छोड्नु पऱ्यो।



राणा शासन विरोधी आन्दोलनको कुरा गर्दा पुरुषको नाम बढी आउने गरेको छ तर राणा विरोधी आन्दोलनमा महिलाको भूमिका पनि कम थिएन।

महिला समिति

विसं १९७४ मा बीपी कोइरालाकी आमा दिव्या कोइरालाको अगुवाइमा नेपालमा पहिलो पटक 'महिला समिति' बनेको थियो। सप्तरीको चन्द्रगन्जमा गठन भएको उक्त समितिमा सरदार कालीदास (कालीदास कोइराला भैरवप्रसाद कोइरालाका बुवा, बीपी कोइरालाका ठूलो-बुवा हुन्। भैरवप्रसाद, कामाक्षाप्रसाद र सरोज कोइरालाका बुवा हुन्) की पत्नी योगमायादेवी सभानेत्री, कृष्णप्रसाद कोइरालाकी कान्छी पत्नी दिव्यादेवी सेक्रेटरी, सुब्बा रामचन्द्र अधिकारीकी कान्छी पत्नी पूर्णकुमारीदेवी (मनमोहन अधिकारी, भरतमोहन अधिकारीकी आमा) अर्की सेक्रेटरी, सुब्बा रामचन्द्र अधिकारीकी जेठी पत्नी

देवकुमारीदेवी (नरोत्तम अधिकारीकी आमा) र कृष्णप्रसाद कोइरालाकी जेठी पत्नी मोहनकुमारी देवी (मातृकाप्रसाद कोइरालाकी आमा) सदस्य थिए ।

'महिला समिति' गठनका लागि चन्द्रशमशेरकी रानीलाई विराटनगरबाट पत्र लेखिएको थियो । दिव्या कोइरालाले नेपालका महिलाको सुधारमा पनि ध्यान जानुपर्छ भन्ने विचारले प्रधानमन्त्री चन्द्रशमशेरकी पत्नी (कान्छी रानी) लाई बिन्तीपत्र लेखेकी थिइन् । महिलाको एउटा सङ्गठन हुनुपर्ने र त्यसको अध्यक्षता अथवा सङ्रक्षक स्वयम् चन्द्रशमशेरकी रानी भइदिने कृपा भए नेपालका स्त्री जातिको अविलम्ब सुधार हुने विचार दिव्या कोइरालाको थियो ।

समितिमा चन्द्रशमशेरकी रानीबाट अध्यक्ष पदमा आसीन हुने स्वीकृति आएको र उक्त समितिको उद्देश्य समाज सुधार थियो तर दुर्भाग्य महिला समिति गठन भएको छ महिनाभित्रै कोइराला परिवारले देश छोड्नु पऱ्यो ।

नेपाल प्रजा–परिषद्मा महिला

टङ्कप्रसाद आचार्य, दशरथ चन्द, धर्मभक्त माथेमा, रामहरि शर्मा र जीवराज शर्माको अगुवाइमा विसं १९९३ जेठ २० गते झौँछे, ओमबहालमा रहेको धर्मभक्त माथेमाकी फुपूको घरमा 'नेपाल प्रजा–परिषद्' को गठन भएको थियो । प्रजा–परिषद्ले राणा विरोधी गतिविधि अघि बढाएपछि टङ्कप्रसाद आचार्य, दशरथ चन्द, धर्मभक्त माथेमा, शुक्रराज शास्त्री, गङ्गालाल श्रेष्ठ, चूडाप्रसाद शर्मा, गोविन्दप्रसाद उपाध्यायलगायतका नेता जेल परेका थिए ।

पक्राउ परेका राजबन्दीलाई नर्कतुल्य कालकोठरीमा राखिएको थियो । कालकोठरीमा रहेका बन्दीको दुरवस्था बाहिरी संसारलाई थाहा थिएन । त्यसैले राजबन्दीहरूको अवस्था सार्वजनिक गर्न टङ्कप्रसाद आचार्यकी पत्नी रेवन्तकुमारी र रामहरि शर्माकी पत्नी सीतादेवी नेपालले मुख्य भूमिका निर्वाह गरेका थिए ।

'धर्म उदय' सहित 'राह थिति जुग चलन' बदल्नुपर्नेलगायतका योगमाया न्यौपानेका मागउपर जुद्धशमशेरबाट सुनवाइ नभएपछि उनले विसं १९९५ कात्तिक २७ गते सामूहिक 'अग्नि समाधि' लिने निर्णय गरेकी थिइन् ।



बन्दीहरूको अवस्था बाहिर ल्याउन सीतादेवी नेपालले चामल र भटमासका कोसाले छोपेर टिनको बाकसमा जेलभित्र क्यामरा पुऱ्याएकी थिइन् । जेलभित्र क्यामरा पुगेपछि खिचिएका तस्बिरको नेगेटिभ र क्यामरा उनैले बाहिर ल्याएकी थिइन् । त्यसपछि टङ्कप्रसाद आचार्य, रामहरि शर्मा, गोविन्दप्रसाद उपाध्याय, चूडाप्रसाद शर्माको सामूहिक तस्बिर बम्बईबाट प्रकाशित 'ब्लिज' पत्रिकाको सन् १९४९ फेब्रुअरी १९ को अङ्कमा छापिएको थियो ।


टङ्कप्रसाद आचार्यसँगै जेलमा रहेका दशरथ चन्दलाई भने मृत्युदण्ड सुनाइयो । दशरथ चन्दलाई सफाइ कर्मचारी राममाया नेपाली (पोडे) को सहयोग रहेको थियो । दशरथ चन्दले "आफ्नो मृत्युपछि आफ्नो रुने मान्छे कोही नभएकाले तिमी रोइदिनु है राममाया" भनेका थिए । तथापि पक्राउ पर्नुअघि भने दशरथ चन्द पकनाजोलस्थित सौतेनी आमा लालकुमारीसँग बस्दै आएको बताइएको छ ।

प्रधानमन्त्री जुद्धशमशेरकै पालामा भोजपुरकी योगमाया न्यौपानेले वनजङ्गल र चरिचरनको सुरक्षा र जातपात–छुवाछूतविरोधी अभियान चलाएकी थिइन् । आफ्ना मागपत्रको सुनुवाइका लागि दुई पटक काठमाडौँ आएर उनले प्रधानमन्त्री जुद्धशमशेरलाई भेटिन् पनि । 'धर्म उदय' सहित 'राह थिति जुग चलन' बदल्नुपर्नेलगायतका उनका मागउपर जुद्धशमशेरबाट सुनुवाइ नभएपछि उनले विसं १९९५ कात्तिक २७ गते सामूहिक 'अग्नि समाधि' लिने निर्णय गरेकी थिइन् ।

सो कुरा जुद्धशमशेरले थाहा पाएपछि योगमायालगायतलाई पक्राउ गरी थुनिएको थियो । थुनामुक्त भएपछि योगमायाले आफ्ना माग पूरा नभएको भन्दै अरुण नदीमा 'जल समाधि' लिएकी थिइन् ।

टाइसुट लगाएर मानिस चिटिक्क देखिन्छन् । मानिसको व्यक्तित्व नै टाइसुटले बढाउँछ तर के तपाईंलाई थाहा छ घाँटीमा टाई बाँध्नाले मस्तिष्कमा रक्तप्रवाह कम हुन जान्छ ।

सन् २०१८ मा गरिएको एउटा अनुसन्धानले के निष्कर्ष दिएको छ भने



आन्दोलनमा सहभागी बीपी कोइराला, मनमोहन अधिकारी, गिरिजाप्रसाद कोइरालालगायत पक्राउ परेका थिए । त्यसपछि विराटनगरमा दिव्या कोइरालाको नेतृत्वमा प्रदर्शन भएको थियो ।



प्रजातान्त्रिक आन्दोलनमा महिला

विसं २००३ चैत महिनामा विराटनगरमा जुट मिल आन्दोलन भएको थियो। आन्दोलनमा सहभागी बीपी कोइराला, मनमोहन अधिकारी, गिरिजाप्रसाद कोइरालालगायत पक्राउ परेका थिए। त्यसपछि विराटनगरमा दिव्या कोइरालाको नेतृत्वमा प्रदर्शन भएको थियो ।

प्रदर्शनकारीमाथि सुरक्षाकर्मीले गोली चलाउँदा एक जनाको मृत्यु र कैयौँ घाइते भएका थिए। प्रदर्शनकै क्रममा दिव्या कोइराला, नलिनी उपाध्याय, इन्दिरा आचार्य, कामिनी कोइरालालाई पक्राउ गरी धनकुटा जेल चलान गरिएको थियो। दिव्या कोइराला, नलिनी उपाध्याय, इन्दिरा आचार्य र कामिनी कोइरालालाई छ महिना धनकुटा जेलमा राखियो ।

विसं २००४ वैशाखमा काठमाडौँ भएको विशाल प्रदर्शनमा पुष्पलाल, टङ्कविलास वज्राचार्य, शम्भुराम श्रेष्ठ, तिलकराज शाहीसँगै साधना प्रधान, सहाना प्रधान, स्नेहलता, कनकलता पनि थुनिएका थिए। जुलुसमा सहभागी प्रमिला श्रेष्ठलाई भने उनको परिवारका सदस्यले घर लगेका थिए। राजनीतिक कारणले गिरफ्तार हुने 'पहिलो महिला राजबन्दी' उनीहरू नै थिए।

तर २००४ साल वैशाखमा साधना प्रधान, सहाना प्रधान, कनकलता पक्राउ पर्नुअघि २००३ साल चैत १४ गते विराटनगरमा



घाँटीमा टाई बाँध्नाले दिमागमा रगतको प्रवाह ७.५ प्रतिशतले घट्छ । जसका कारण मानिसले टाउको दुखेको, वाकवाकी लागेको र आलस्यता महसुस गर्दछ । टाई बढी जोरले बाँधेमा त आँखामा समेत दबाब बढ्न जान्छ ।

– युवामञ्च

दिव्या कोइराला, नलिनी उपाध्याय, इन्दिरा आचार्य, कामिनी कोइरालालगायत पक्राउ परेका थिए। विसं २००५ मा नानीमैयाँ नकर्मी, केशरी प्रधानाङ्ग, जगदीश्वरी हाडा, उमादेवी हाडासहित ११ महिला राणा शासनविरुद्धको सत्याग्रहमा सहभागी भए। महिलाले भक्तपुरमा सडक प्रदर्शन गरेका थिए। प्रदर्शनका क्रममा नानीमैयाँ, लक्ष्मी मानन्धर र देवयानी ताम्राकारलाई गिरफ्तार गरी थुनिएको थियो। जेलमा रहेका महिला बन्दीलाई शारीरिक यातनासमेत दिइयो।

राजनीतिक दलमा महिला

नेपाल प्रजातन्त्र कांग्रेसको सन् १९४९ जनवरी १५ (२००५ साल माघ २) असमको गुवाहटी सम्मेलनका लागि तयारी सभा गरिएको थियो। तयारी सभामा शुक्रवती सुब्बा, इन्दुकुमारी सुब्बा, शान्तकी सुब्बालगायत महिला सहभागी थिए ।

सन् १९४८ जुलाई १६ (२००५ साल साउन १)मा कोलकातामा 'नेपाल प्रजातन्त्र कांग्रेस' गठनका लागि तयारी भेला भएको थियो। भेलामा मेहन्द्रविक्रम शाह, सुवर्णशमशेर, सूर्यप्रसाद उपाध्याय, महावीरशमशेर, निर्मल लामा, श्रीमती सुशीला नेपाल चालिसे, मायादेवी शाह, नकली चित्रकार, टीकारथी बस्नेत, गुलवदन ताम्राकार, लक्कीदेवी परियारलगायत ६३ जना उपस्थित थिए।

त्यसै गरी भारतको कोलकातामा सन् १९४९ अप्रिल २२ (२००६ साल वैशाख १०)मा पुष्पलालसहित पाँच जनाको गोप्य बैठकले नेपाल कम्युनिस्ट पार्टी (नेकपा) स्थापना भएको थियो। नेकपाको संस्थापक सदस्य पुष्पलाल, मोतीदेवी श्रेष्ठ, निरञ्जनगोविन्द वैद्य, नरबहादुर कर्माचार्य र नारायणविलास जोशी थिए तर निरञ्जनगोविन्द वैद्य, नरबहादुर कर्माचार्य र नारायणविलास जोशीले भने मोतीदेवीलाई नेकपाको संस्थापक सदस्य मानेका छैनन्।

महिला जागरण र शिक्षा प्रचारका लागि गठित भूमिगत सङ्गठनमा गजसुन्दर प्रधान, नन्दलाल जोशी, चित्तरञ्जन नेपाली, सहाना प्रधान, साधना प्रधान, शङ्करप्रसाद प्रधानलगायत जोडिएका थिए ।



"कोलकाताको श्यामबजारस्थित सरकारी टोलालिनमा पुष्पलाल, नारायणविलाश जोशी, निरञ्जनगोविन्द वैद्य र

तपाईंलाई अचम्म लाग्ला स्पेनको राष्ट्रिय गान आधिकारिक शब्दबिनाको छ । स्पेनसरह बोस्निया हर्जगोभिना, कोसोभो र सान मारिनोको राष्ट्रिय गानमा समेत शब्द छैन ।

स्पेनको राष्ट्रिय गानलाई 'मर्चा रियाल' भनिन्छ । यसको नामबाटै स्पष्ट हुन्छ यो चार/चार पटकको सैन्य मार्च (परेड) हो । 'मर्चा रियाल' दुई



मिनेटको हुन्छ तर खेलकुद प्रतियोगितामा बजाइने 'मर्चा रियाल' करिब ४० सेकेन्डको मात्र हुन्छ ।

नरबहादुर कर्माचार्यको उपस्थितिमा एक बङ्गालीको घरमा बसी पार्टीको स्थापना गरिएको थियो। मोतीदेवी उक्त अवसरमा उपस्थित नभएको तर पुष्पलालले मोतीदेवीलाई पार्टीको काममा खटाइएकाले संस्थापक मान्नुपर्ने तर्क पनि गरिन्छ।

२००७ सालको क्रान्तिमा महिला

नेपाल प्रजातन्त्र कांग्रेसले गुवाहटी सम्मेलनपछि सशस्त्र क्रान्तिको तयारीका लागि काठमाडौँ आएका ज्ञानबहादुर सुब्बा, सीबी राई र जमुना राईलाई बद्रीविक्रम थापाले सहयोग गरे। नेपाल प्रजातन्त्र कांग्रेसको 'जनमुक्ति सेना'मा इन्दुकुमारी सुब्बा, रेणु सुब्बा र जमुना राई सहभागी थिए।

काठमाडौँमा सेनाका जवानलाई पढाउँदै आएका सिन्धुलीका थापा भित्रभित्रै क्रान्तिको प्रचारमा थिए। थापाले आवश्यक खर्च सुन्दरराज चालिसेबाट पाउँथे। चालिसे नहुँदा थापालाई उनकी श्रीमती सुशीलाले खर्च दिने गरेकी थिइन्। २००७ सालको क्रान्तिमा सघाउन मेजर दिलमानसिंह थापामगरले वीरगन्जमा पान पसल खोलेका थिए। थापामगरलाई इन्दुकुमारी सुब्बाले सघाउने गरेकी थिइन्। २००७ सालको क्रान्तिताका नेपालगन्ज आउने मानिससँग सम्पर्क राख्न कल्लु सिंहको अध्यक्षतामा गुप्त समिति बनेको थियो। समितिमा रत्नदेवी कर्माचार्य, लक्ष्मीदेवी कर्माचार्य, दुर्गादेवी कर्माचार्य, मुन्नीदेवी बाहुनी र प्रेमलाल तुलाधरकी दिदीलगायत सदस्य थिए।

'मर्चा रियाल' कहिले सुरु गरियो भन्ने स्पष्ट तिथि छैन तर सन् १७६१ तिर म्यानुयल डी इस्पिनोसाले 'ला मर्चा ग्रानाडेरा...' नयाँ सैन्य मार्च सङ्गीतबद्ध गरेको इतिहासमा उल्लेख गरिएको छ।

सन् १७७० मा कार्लोस तृतीयले आफू आउँदा 'ला मर्चा ग्रानाडेरा...' बजाइए आफूलाई खुसी हुने आदेश जारी गरेपछि यसलाई राष्ट्रिय गान बनाइयो। इसाबेला द्वितीयको शासनकाल सन् १८३३-६८, मा यसलाई औपचारिक रुपमा स्पेनको राष्ट्रिय गान बनाइएको थियो। ▪

– *युवामञ्च*



विमान अवतरणका क्रममा महिलाहरूले 'त्रिभुवन इज आवर किङ', 'लङ लिभ किङ त्रिभुवन', 'वी वान्ट डिमोक्रेसी', 'ब्रिटस मिसन गो ब्याक' नारा लगाए।

विसं १९९९–२००० ताका काठमाडौँमा 'गोप्य भूमिगत सङ्गठन' बनेको थियो। सङ्गठनका संस्थापकमा प्रेमबहादुर कंसाकार, पुष्पलाल श्रेष्ठ, सूर्यबहादुर भारद्वाज थिए। सङ्गठनमा पछि कामाक्षादेवी, राजाराम कर्माचार्य, भैरवगोपाल वैद्य, जगतप्रतापजङ्ग शाह, शम्भुराम श्रेष्ठ, गङ्गालाल श्रेष्ठ (हलवाई) आदि थपिए।

उक्त सङ्गठनको गठनपछि भुवनलाल प्रधानको संयोजकत्वमा काठमाडौँमै अर्को 'भूमिगत सङ्गठन' बन्यो। महिला जागरण र शिक्षा प्रचारका लागि गठित भूमिगत सङ्गठनमा गजसुन्दर प्रधान, नन्दलाल जोशी, चित्तरञ्जन नेपाली, सहाना प्रधान, साधना प्रधान, शङ्करप्रसाद प्रधानलगायत जोडिएका थिए। सङ्गठनले २००२–२००३ सालतिर काठमाडौँ र पाटनमा २०–३० जना महिलालाई तालिम दिएको थियो।

२००७ साल कात्तिक २६ गते राणाको आँखा छल्दै भारतीय दूतावासमा शरण लिएका राजा त्रिभुवनलाई भारत लैजान काठमाडौँको गौचरनमा भारतीय डेकोटा विमान उत्रिएको थियो। विमान अवतरणका क्रममा महिलाहरूले 'त्रिभुवन इज आवर किङ', 'लङ लिभ किङ त्रिभुवन', 'वी वान्ट डिमोक्रेसी', 'ब्रिटस मिसन गो ब्याक' नारा लगाए। नारा लगाउनेमा शान्ति निकुन्जकी छात्रा शान्ता श्रेष्ठ र प्रभा हलुवाई थिए।

२००७ सालको क्रान्तिताका रानुदेवी पौडेल अधिकारीले विराटनगरमा स्थापित 'नेपाल प्रजातन्त्र रेडियो'मा क्रान्तिकारी गीत गाएकी थिइन्। २००७ सालको क्रान्तिमा पाल्पा गौँडामा महिलाहरूले राणा शासनविरुद्ध जुलुस निकालेका थिए। २००७ साल पुस १९ गते पाल्पामा प्रजातान्त्रिक आन्दोलनको पहिलो दिन १७ जनाको जुलुस निस्केको थियो। जुलुसमा त्रिरत्न वज्राचार्य, हरि सुमेर, बुद्धप्रसादसहित १३ पुरुष तथा अनमोल बोहरा, सत्यलक्ष्मी श्रेष्ठसहित चार महिला सहभागी थिए।


जुलुसमा हिँडेकी अनमोल बोहरालाई सरकारविरुद्ध नेपाली कांग्रेसलाई सहयोग गरेको अभियोगमा नजरबन्दमा राखिएको थियो। अनमोल बोहरा सेनाका सुवेदार प्रतिमान चन्द बोहराकी छोरी थिइन्।

यसरी नेपालमा निरङ्कुश राणा शासन विरोधी आन्दोलन र जनअधिकारसहित प्रजातन्त्र स्थापनामा महिलाको भूमिका समेत उल्लेख्य थियो। राजधानीभित्र मात्र नभई देशका विभिन्न भाग र देश बाहिरबाट पनि महिला राणा विरोधी आन्दोलनमा जोडिएका थिए। ■

तासका ५२ पत्तीमा बादशाहका चार पत्ती हुन्छन्। ती चार बादशाहले इतिहासका चार महान् सम्राटको प्रतिनिधित्व गर्दछन्। पत्ती अनुसार ती बादशाह निम्नानुसार छन् :

चिडीको बादशाह - अलेक्जेन्डर महान्।
हुकुमको बादशाह - किङ डेभिड।
इटाको बादशाह - जुलियस सिजर।
पानको बादशाह - शार्लमेन।





अङ्ग्रेजी भाषाको सबैभन्दा बूढो शब्द Town (टाउन) हो। यो शब्द अझै पनि प्रचलनमा रहेको छ। सन् १०५५ मा पहिलो पटक यो शब्दले अङ्ग्रेजी शब्दकोषमा प्रवेश पाएको थियो।

यसैगरी 'I am' लाई अङ्ग्रेजी भाषाको सबैभन्दा छोटो पूर्ण वाक्य मानिएको छ।

-युवामञ्च

कुन समयमा के खाने ?



दूध – दूध पिउने उत्तम समय राति हो। बिहान दूध पिउनुको फाइदा छैन।



भात – भात खाने उत्तम समय दिउँसो हो। राति भात खानु हुँदैन।




दही– दही दिउँसो खानु पर्छ। राति दही खानै हुन्न।



चिनी – चिनी खाने सही समय बिहान हो। साँझ परेपछि चिनी खानु हुँदैन।



केरा – केरा अपराह्न खाँदा राम्रो। राति केरा खानु हुँदैन।



स्याउ– स्याउ खाने उत्तम समय बिहान हो। राति स्याउ खानै हुन्न।



गेडागुडी– गेडागुडी खाने उत्तम समय राति हो। बिहान गेडागुडी खानु हुँदैन।

यसरी रहन गयो नाम

■ बद्रीप्रसाद घिमिरे

१) **ओखलढुङ्गा–** लगभग छ वर्गफिटको मध्यमा खोपिल्टो परेको ओखल जस्तो एउटा ढुङ्गा र नजिकै एउटा मुसल पनि रहेको ठाउँ हुनाले ओखलढुङ्गा नाम रहन गएको बताइन्छ ।



२) **इलाम–** लिम्बू भाषामा इ भनेको घुमाउरो र लाम भनेको बाटो भन्ने अर्थ लाग्ने भएकाले इलाम रहन गयो ।

३) **इन्द्रचोक–** इन्द्रजात्राको दिन इन्द्रको प्रतिमा प्रदर्शन गरिने प्रमुख स्थल भएकाले इन्द्रचोक भनिएको हो ।



४) **कपिलवस्तु–** कपिल ऋषिको आश्रम रहेको स्थानमा शाक्यवंशका मानिसले उनै कपिल ऋषिको आदेशानुसार सहर बसाएको हुनाले उक्त ठाउँको नाम कपिलवस्तु रहेको देखिन्छ ।

५) **काठमाडौँ–** काठ बढी हालेर बनाइएको प्राचीन शैलीको मण्डप बनाइयो काष्ठमण्डप र त्यही शब्द अपभ्रंश भई काठमाडौँ नाम रहन गएको मान्यता छ ।

६) **कास्की–** कश्यप ऋषिले तपस्या गरेको क्षेत्र भएकाले सङ्क्षेपमा कास्की भन्न थालिएको हो ।

७) **कुश्मा–** मुक्तिनाथ जाने जोगीले कुसुम ढकमक्क फुलेको देखेपछि उक्त ठाउँको नाम कुसुम राखे । पछि अपभ्रंश भई कुश्मा रहन गएको देखिन्छ ।

८) **खोपासी–** संस्कृतमा कुप्पसिकको अर्थ कपासको लुगा भन्ने हुन्छ । यही शब्द अपभ्रंश भई कुप्पसीग्राम भयो र कालान्तरमा नेवारी भाषामा खोपासी भन्न थालियो ।

९) **गोसाइँकुण्ड–** गो भन्नाले जीवजन्तु साइँ भन्नाले मालिक अर्थात् पशुपति रहेको कुण्ड हुनाले गोसाइँकुण्ड भन्न थालियो ।

१०) **चन्द्रागिरि–** चन्दनको जङ्गल भएको पर्वत हुनाले चन्दनगिरि भनियो र त्यसैको अपभ्रंश चन्द्रागिरि भएको हो ।

११) **चाबहिल–** चारुमतीले स्थापना गरेको चारुमती विहारको नाम अपभ्रंश भई चाबहिल भएको देखिन्छ ।

१२) **चाँगुनारायण–** चाँपको रुखबाट निस्केको विष्णु हुनाले चाँगुनारायण भन्न थालियो ।



१३) **छेत्रपाटी–** छत्र अर्थात् छाताको जस्तो आकारको पाटी बनेको ठाउँलाई छत्रपाटी भन्दाभन्दै पछि गएर छेत्रपाटी भन्न थालियो ।

१४) **जनकपुर–** मिथिलाका राजा जनकको राजधानी रहेको ठाउँ भएकाले जनकपुर भनियो ।

१५) **डडेलधुरा–** स्थानीय भाषामा ढाडलाई डँडेल र डाँडालाई धुरा भनिने हुँदा मान्छेको ढाड जस्तो देखिने बजारलाई डडेलधुरा भन्न थालियो ।

१६) **तानसेन–** राजा ताम्रसेनका नामले बसाइएको बस्तीको नाम अपभ्रंश भई तानसेन नाम रहन गयो ।



१७) **ताप्लेजुङ–** तिब्बती भाषामा ताप्लेको अर्थ राजाको र जोको अर्थ किल्ला हुने हुँदा यसैबाट जिल्लाको नाम ताप्लेजुङ रहन गयो ।

१८) **दोलखा–** दुई लाखचोटि चक्कर लगाउँदा पनि घुमिफिरी उही ठाउँमा पुगिने भएकाले उक्त ठाउँलाई दोलखा भन्न थालियो ।

१९) **धनुषा–** सीताको स्वयम्बर समारोहमा रामले शिवधनुमा ताँदो चढाउन खोज्दा भाँचिएर एक टुक्रा भई खसेको ठाउँ भएकाले धनुषा नाम रहन गयो ।



२०) **नारायणहिटी–** नारायणस्थान नजिकै धारा रहेको हुनाले उक्त ठाउँको नाम नेवारी भाषामा नारायणहिटी रहन गयो ।

२१) **पनौती–** पुण्यवतीको अपभ्रंश रूप नै पनौती भएको देखिन्छ ।



२२) **फिदिम–** लिम्बू भाषामा फराकिलो ठाउँलाई फेदेन भनिन्छ । त्यसैबाट फिदिम नाम रहन गयो ।



२३) **विराटनगर–** राजा विराटको राजधानी रहेको ठाउँ भएकाले विराटनगर भनियो ।

२४) **सप्तरी–** संस्कृत भाषाको शप्तअरि अर्थात् शत्रुरूपि सात वटा कोशी बग्ने क्षेत्र हुनाले सप्तरी भनियो ।



२५) **सिन्धुपाल्चोक–** सिन्धुकोट र पाल्चोक नाउँका दुई डाँडाको संयुक्त नामबाट जिल्लाको नाम रहन गएको देखिन्छ ।

२६) **हनुमानढोका–** दरबारको मूल ढोकामा राजा प्रताप मल्लले हनुमानको मूर्ति राख्न लगाएकाले हनुमानढोका भनियो ।



२७) **हेलम्बु–** शेर्पा भाषामा हेल भनेको फन्को र मो भनेको ठाउँ हो । वरिपरि डाँडाले बेरेको जस्तो देखिने हुँदा ह्याल्मो भन्दाभन्दै हेलम्बु रहन गएको हो ।

२८) **धनकुटा–** ढिकीको खाँबा जस्ता देखिने डाँडा र धान कुट्ने ओखल जस्तो देखिने कागते पोखरीको नाम धानकुटा रह्यो र त्यसैको अपभ्रंश रूप नै धनकुटा हो । ■



लाल सागरको आतङ्क





■ रामप्रसाद आचार्य

लाल सागरमा आतङ्क बढेको छ । यमनको हुथी विद्रोही समूहले त्यहाँ भएर आवतजावत गर्ने मालवाहक पानीजहाजमा आक्रमण गरेसँगै विश्व व्यापार नै प्रभावित भएको छ । गाजा क्षेत्रमा हमाससमाथि इजरायलले चरम दमन गरेको भन्दै यो समूहले लाल सागरमा मालवाहक पानीजहाजमाथि आक्रमण गरी आतङ्क सिर्जना गरिरहेको छ ।

हुथीले इजरायली मालवाहक पानीजहाजमा मात्र आक्रमण गर्ने भने पनि हमला त्यसमा मात्र सीमित रहेन । अन्य मालवाहक पानीजहाज पनि आक्रमणको निसानामा परेपछि ठूला पानीजहाज कम्पनी असुरक्षाको कारण लाल सागरको मार्ग परिवर्तन गर्न बाध्य भएका छन् । जसले

गर्दा अहिले त्यहाँ ढुवानी शुल्क अत्यधिक बढेको छ। ढुवानी शुल्क बढेसँगै मालसामानको मूल्यवृद्धि हुनु स्वाभाविकै हो।

हुथी अखडामा हवाई आक्रमण

लाल सागरको यो अवरोध हटाई व्यापारिक मार्ग सहज बनाउने भन्दै अमेरिका र बेलायतले हुथी विद्रोहीका विभिन्न अखडालाई लक्षित गरी हवाई आक्रमण गरेका छन्। अमेरिकाका राष्ट्रपति जोए बाइडेनले लाल सागरमा हुथी विद्रोहीले गत नोभेम्बरयता पानीजहाजमा गरिरहेको आक्रमणको प्रतिक्रियास्वरूप हवाई आक्रमण गरिएको बताएका छन्। खासगरी हुथीको बन्दोबस्तीका केन्द्र, वायु प्रतिरक्षा प्रणाली र हतियार गोदामलाई लक्षित गरी आक्रमण गरिएको छ।

बेलायतका प्रधानमन्त्री ऋषि सुनकले पनि आक्रमणको पुष्टि गर्दै रोयल एयर फोर्सका युद्ध विमानहरूबाट निश्चित सैन्य निसानामा आक्रमण गरिएको बताएका छन्। हवाई आक्रमणमा नेदरल्यान्डस्, अस्ट्रेलिया र बहराइनबाट पनि सहयोग भएको छ।

अमेरिकाका राष्ट्रपति जोए बाइडेनले लाल सागरमा हुथी विद्रोहीले गत नोभेम्बरयता पानीजहाजमा गरिरहेको आक्रमणको प्रतिक्रियास्वरूप हवाई आक्रमण गरिएको बताएका छन्।



बदला लिने चेतावनी

आफूमाथि आक्रमण भएपछि क्रुद्ध बनेको हुथी विद्रोहीले यसको बदला लिने चेतावनी दिएको छ। हुथी उपविदेशमन्त्री हुसेन अल-इजीले अमेरिका र बेलायतले ठूलो मूल्य चुकाउनुपर्ने चेतावनी दिएका छन्। हुथीका हेलिकोप्टरले लाल सागरमा मालवाहक जहाजहरूमाथि निगरानी गर्ने गरेका छन्।

अमेरिका र बेलायतको हवाई आक्रमण यमनको राजधानी सनासहित लाल सागरमा हुथीको नियन्त्रणमा रहेको बन्दरगाह र यमनको उत्तर पश्चिमी क्षेत्रमा अवस्थित हुथीको पकड क्षेत्र सद्दामा केन्द्रित गरिएको छ। यस आक्रमणबाट हुथी विद्रोही मारिएको र उनीहरूको अखडामा क्षति पुगेको छ।

अमेरिकी युद्धपोतले हुथी विद्रोहीलाई लक्षित गरी टमहक क्रुज क्षेप्यास्त्र प्रहार गरेको र आफ्ना विमानले राजधानी सनासहितका विभिन्न स्थानमा आक्रमण गरेको अमेरिकाको भनाइ छ। साइप्रसको हवाई अखडाबाट आएका चार वटा आरएएफ टाइफुन जहाजले हुथीका दुई वटा अखडामा गरेको आक्रमण प्रभावकारी बनेको अमेरिकाको दाबी छ।

यमनको अधिकांश क्षेत्र नियन्त्रणमा लिएका हुथी विद्रोहीले लाल सागर हुँदै इजरायलतर्फ जाने पानीजहाजलाई निसाना बनाएर आफूहरूले हमासलाई समर्थन गरेको बताउने गरेको छ। आफूमाथि हवाई आक्रमण भएपछि हुथी विद्रोहीले लाल सागर हुँदै इजरायल जाने सबै पानीजहाजलाई निसाना बनाउने चेतावनी दिएको छ। गत नोभेम्बरमा हुथीले इजरायली स्वामित्व जोडिएको एउटा मालवाहक पानीजहाज अपहरण गरेको थियो। पछिल्ला दुई महिनामा रकेट र ड्रोन प्रयोग गरेर अन्य धेरै व्यावसायिक पानीजहाजमा पनि आक्रमण गरिएको छ।

गत अक्टोबर १९ मा गाजामा इजरायली जवाफी कारबाही तीव्र बन्दै गर्दा हुथीले पनि इजरायलमाथि क्षेप्यास्त्र र ड्रोन आक्रमण गरेको





हुथीविरुद्ध नाम मात्रको यमन सरकारलाई साउदी अरब तथा युएईको नेतृत्वमा अरब मुलुकको गठबन्धनले सहयोग गरिरहेको छ ।

थियो । लाल सागरमा रहेको अमेरिकाका युद्धपोतले त्यसमध्ये केहीलाई बीचमै नष्ट गरिदिएको थियो भने कतिपय ती रकेट इजिप्टसम्म पुगेका थिए ।

मालवाहक पानीजहाज कब्जा

नोभेम्बरमा हुथीले इजरायलको भएको दाबी गरिएको एउटा मालवाहक पानीजहाज लाल सागरमा कब्जा गरी यमनको तटीय क्षेत्रभन्दा पर लगेर राखे । डिसेम्बर ३ यता हुथीले यमनको तटीय क्षेत्रबाट कैयौँ व्यावसायिक पानीजहाजमा ड्रोन र ब्यालेस्टिक क्षेप्यास्त्रबाट आक्रमण गरेका थिए । अमेरिका, बेलायत र फ्रान्सका युद्धपोतले त्यसमध्ये धेरैलाई रोक्न सफल भए पनि केही जहाजमा भने निसाना लागेको थियो ।

लाल सागरको मार्ग परिवर्तन

विश्वको सबैभन्दा ठूलो सिपिङ कम्पनी मेडिटरेनिअनले आफ्ना सबै पानीजहाजलाई लाल सागरको मार्ग प्रयोग नगर्न भनेको छ । यस्तै फ्रान्सेली कम्पनी सिएमए सिजिएम, डेनमार्कको मार्स्क, जर्मनीको हापाग–लोयड र तेल कम्पनी बिपी पनि यस्तै निर्णयमा पुगेका छन् ।

अमेरिकाले हुथीबाट भएको यस्तो आक्रमणलाई इरानले सघाएको आरोप लगाएको छ । उसले व्यावसायिक सिपिङको सुरक्षाका लागि जलसेनाको छुट्टै कार्यदल बनाउन प्रस्ताव गरेको छ ।

यमनको सिया मुस्लिम अल्पसङ्ख्यक जाइदीको सशस्त्र समूह हो हुथी । सन् १९९० को दशकमा तत्कालीन राष्ट्रपति अली अब्दुल्लाह सालेहले भ्रष्टाचार गरेको दाबी गर्दै भ्रष्टाचारविरुद्ध लड्न यो समूह गठन गरिएको थियो । यसको नाम आन्दोलनका संस्थापक हुसेन अल हुथीबाट राखिएको छ ।

सन् २००३ मा अमेरिकाले इराकमा आक्रमण गरेपछि हुथीले अमेरिका र इजरायलविरुद्ध कडा चेतावनी दिएको थियो । इरानको सहयोगमा रहेको यो समूहले अमेरिका, इजरायल र पश्चिमा देशहरूको प्रतिरोधी कित्तामा हमास र हेज्बुल्लाहसँगै आफूहरू पनि रहेको घोषणा गरेको छ । यो समूहलाई अहिले इरानले हतियार र आर्थिक सहयोग गरिरहेको छ ।

पश्चिमी सैन्य कारबाहीसँगै लाल सागरमा हुथी विद्रोहीबाट थप अवरोध हुने र त्यसबाट इन्धनको मूल्य वृद्धिका साथै आपूर्ति शृङ्खला बिग्रिने त्रास बढेको छ। विश्वमा सामुद्रिक मार्गबाट हुने कुल व्यापारको १५ प्रतिशत लाल सागरमा निर्भर छ। जुन स्वेज नहरबाट भूमध्यसागरसँग जोडिएको छ। युरोप र एसियालाई जोड्ने यो सबैभन्दा छोटो सामुद्रिक मार्ग हो।

लाल सागरमा व्यावसायिक जहाजमाथिको आक्रमणको योजना बनाउने काममा इरान गहन रूपमा सहभागी भएको आरोप अमेरिकाको छ तर इरानले यसको खण्डन गरेको छ।

साउदीको सैन्य साथ पाएका तत्कालीन राष्ट्रपति सालेहले सन् २००३ मा हुथी विद्रोहीलाई उन्मूलन गर्ने प्रयास गरेका थिए तर हुथीले सालेह र साउदी दुवैलाई परास्त गर्‍यो। सन् २०११ को अरब क्रान्तिसँगै राष्ट्रपति सालेह सत्ताच्युत भएपछि एकाएक हुथीको प्रभाव बढेको थियो। सन् २०१४ देखि हुथी विद्रोही यमन सरकारविरुद्ध गृहयुद्धमा होमियो। हुथीविरुद्ध नाम मात्रको यमन सरकारलाई साउदी अरब तथा युएईको नेतृत्वमा अरब मुलुकको गठबन्धनले सहयोग गरिरहेको छ।

साढे तीन लाख मानिसको मृत्यु

यमन सरकार तथा हुथीबीचको द्वन्द्वका कारण हालसम्म साढे तीन लाख मानिसको मृत्यु भएको र ४० लाख मानिस विस्थापित भएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

हुथी विद्रोहीले आफूलाई लेबनानी सिया विद्रोही समूह हेज्बुल्लाह जस्तै भएको बताउने गरेको छ। अमेरिकी अनुसन्धान संस्था 'द कम्ब्याटिङ टेरोरिज्म सेन्टर' का अनुसार सन् २०१४ देखि हेज्बुल्लाहले हुथीलाई व्यापक रूपमा सैनिक विज्ञता तथा तालिम सहयोग गर्दै आएको छ। हुथीले



एउटै शरीरमा भाले र पोथी

कोलम्बियामा एउटै शरीरमा भाले र पोथी भएको अति दुर्लभ चरा फेला परेको छ। यो चराको शरीरको आधा भागमा नीलो र आधा भागमा हरियो प्वाँख छ। विज्ञहरूका अनुसार सय वर्षमा यस्तो चरा फेला परेको यो दोस्रो पटक हो।

चराचुरुङ्गीमा विशेष रुचि राख्ने जोन मुरियोले कोलम्बियामा यस्तो चरा फेला पारेका हुन्। यो चराको देब्रेपट्टिको प्वाँख हरियो छ। यो प्रजातिका पोथी चरामा मात्र हरियो प्वाँख हुन्छ। दाहिनेपट्टिको प्वाँख भने भालेमा मात्र हुने खालको नीलो छ।

मुरियोले आफूले देखेको चराको कुरा न्युजिल्यान्डको युनिभर्सिटी अफ ओटागोमा जीवशास्त्र प्राध्यापन गर्ने हमिस स्पेन्सरलाई बताए। चराचुरुङ्गीमा रुचि राख्ने स्पेन्सर क्रमविकास–अनुवंशशास्त्री हुन्।

"त्यो निकै रोचक थियो। अधिकांश पन्छी अवलोकनकर्ताले आफ्नो जीवनमा एउटै शरीरमा भाले र पोथी भएको चरा देख्न पाउँदैनन्। जोनले पत्ता लगाएको कुराबाट म लाभान्वित भएँ," प्राध्यापक स्पेन्सरले भनेका छन्।

प्रायः यो जातको चरामा भालेको पूरै प्वाँख नीलो र पोथीको पूरै प्वाँख हरियो हुन्छ। स्पेन्सरका अनुसार भाले र पोथी दुवै थरी गुण एउटै पन्छीमा देखिएको अवस्था निकै दुर्लभ हुन्छ।

द्विपार्श्वीय स्त्रीपुरुषता (आधा भाग भाले र आधा भाग पोथी) हुँदा जीवको एउटा भागले भालेको गुण र अर्को भागले पोथीको गुण देखाउँछ। सय वर्षको अभिलेख अनुसार उक्त चराको प्रजातिमा भाले र पोथी एउटै शरीरमा पत्ता लागेको यो दोस्रो पटक हो।

भाले र पोथी भिन्नाभिन्नै हुने प्रजातिमा एउटै शरीरमा भाले र पोथीको गुण भएका जीव भेटिनु लिङ्ग पहिचान र पन्छीको यौन व्यवहारबारे हाम्रो बुझाइका लागि महत्त्वपूर्ण छ।

द्विपार्श्वीय स्त्रीपुरुषताको यो उदाहरणले अरू प्रजातिमा जस्तै चराको एउटा भाग भाले वा पोथी हुन सक्ने अनुमान गरिएको छ।

इरानलाई पनि आफ्नो सहयोगी मान्दछ। किनभने साउदी अरब उनीहरूको साझा शत्रु हो।

सन् २०१९ मा आफ्ना तेल उद्योगमाथि हुथीले गरेको आक्रमणमा पनि इरानले क्रुज मिसाइल तथा ड्रोन सहयोग गरेको आरोप साउदी अरबको छ। हुथीले साउदी अरबमा पनि छोटो दूरीका मिसाइल प्रहार गर्ने गरेको छ भने युएईका विभिन्न लक्ष्यमा पनि आक्रमण गरेको छ।



यमनको असहज अवस्था

यमन अहिले असहज अवस्थामा छ। त्यहाँको अधिकांश भूभाग हुथी विद्रोहीको नियन्त्रणमा रहेकाले अन्तर्राष्ट्रिय समुदायले मान्यता दिएको आधिकारिक सरकार त्यहाँ छैन। आधिकारिक सरकार त्यहाँको राष्ट्रपतीय नेतृत्व परिषद् हो, जुन अहिले साउदी अरबको रियादमा छ। राष्ट्रपति अब्द्राबुह मन्सुर हादीले सन् २०२२ को अप्रिलमा उक्त परिषद्लाई आफ्नो अधिकार हस्तान्तरण गरेका थिए।

यमनका अधिकांश जनता हुथी विद्रोहीबाट नियन्त्रित क्षेत्रमा बस्छन्। राजधानी सना र उत्तरी यमनसँगैको लाल सागर पनि हुथी विद्रोहीको प्रभावमा छ। यो विद्रोही समूहले कर सङ्कलन र मुद्रा छपाइ पनि गर्दछ।

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्का अनुसार हुथी विद्रोहीको सदस्य सङ्ख्या १२ लाखसम्म पुगेको छ। जसमा सशस्त्र लडाकुदेखि गैरसैनिक समर्थकसमेत छन्।

जमेको नदीमाथि उत्रियो विमान



कुनै पनि क्षति पुगेको छैन र कसैलाई पनि चोटपटक पनि लागेन।

रुसी एयरलाइन्सका अनुसार उक्त जहाज याकुत्स्क-जायर्यंका-स्रेडनेकोलिम्स्क रुटमा उडेको थियो। 'एन्टोनोभ २४ फ्लाइट' को सो विमानले याकुतिना क्षेत्रमा जिर्यंका विमानस्थलमा अवतरण गर्नुको साटो नदीमै अवतरण गऱ्यो।

रुसमा हालै पोलार एयरलाइन्सको एउटा जहाज पाइलटको गल्तीका कारण कोलिमा नदीमाथि अवतरण भएको छ। धन्न यात्रीको भाग्य बलियो रहेछ। किनभने जहाज अवतरण भएको उक्त नदी चिसोका कारण पूर्ण रूपमा जमेको थियो।

सो विमानमा ३० यात्रु र चार जना चालकदलका सदस्य थिए। यस घटनाले विमानमा

पोलार एयरलाइन्सका अनुसार उक्त घटनाबारे रुसको सङ्घीय हवाई यातायात एजेन्सीको क्षेत्रीय विभागले अनुसन्धान गरिरहेको छ। प्रारम्भिक जानकारी अनुसार चालकदलका सदस्यको गल्तीका कारण विमान रनवेको साटो जमेको नदीमाथि अवतरण भएको हो। ■


महिनाको खेलाडी
आकाश चन्द (क्रिकेटर)
NEPAL

यु-१९ विश्वकप क्रिकेटको प्रदर्शन सिनियर राष्ट्रिय टिममा प्रवेश पाउने ठूलो अवसर हुन्छ । यु-१९ विश्वकपमा राम्रो गर्ने क्रिकेटरले राष्ट्रिय सिनियर टिममा फटाफट स्थान बनाएको उदाहरण विश्वका सबैजसो टिममा देख्न पाइन्छ । नेपालका तेज बलर आकाश चन्द यसै वर्गमा पर्छन् । दक्षिण अफ्रिकामा भएको यु-१९ विश्वकप क्रिकेट प्रतियोगितामा नेपालको चुनौती सुपर सिक्समा समाप्त भयो । त्यहाँसम्म नेपाललाई पुऱ्याउन केही क्रिकेटरको ठूलो भूमिका रह्यो । जसमध्ये आकाश पनि एक थिए ।

विश्वकपको समूह चरणमा न्युजिल्यान्ड र पाकिस्तानविरुद्धको खेलमा हार बेहोरेपछि नेपाललाई सुपर सिक्समा पुग्न अफगानिस्तानविरुद्धको खेल जित्नैपर्ने बाध्यता थियो। सो खेलमा आकाशले चामत्कारिक बलिङ गरे। आकाशले शीर्ष छमध्ये पाँच ब्याट्सम्यानलाई सिकार बनाएपछि टेस्ट मान्यताप्राप्त अफगानिस्तानको ब्याटिङ ध्वस्त भयो। जसबाट नेपालको जितको आधार तयार हुन पुग्यो।

आकाश यु-१९ विश्वकपमा टेस्ट खेल्ने टिमविरुद्ध पाँच विकेट लिने नेपालका पहिलो बलर बने। आकाश नै यस महत्त्वपूर्ण खेलको म्यान अफ दी म्याच चुनिए। आकाशले पाकिस्तानको पनि शीर्ष तीन ब्याट्सम्यानलाई आउट गरेर आफ्नो क्षमता देखाए।

नेपाली क्रिकेट टिमका प्रशिक्षक मोन्टी देसाईले आकाशलाई राष्ट्रिय सिनियर टिममा सामेल गरेर सो असाधारण प्रदर्शनका लागि पुरस्कार प्रदान गरेका छन्। दक्षिण अफ्रिकामै छँदा आकाशको चयन भएको थियो। अब आकाशले क्यानडाविरुद्धको तीन एकदिवसीय क्रिकेट शृङ्खलामा खेलेर सिनियर टिममा पदार्पण गर्नेछन्। यु-१९ विश्वकप टिममा रहेका देव खनाल र गुल्सन झा पनि प्रशिक्षक देसाईले चयन गरेको टिममा छन् तर यी दुवै सिनियर टिममा स्थान बनाइसकेका क्रिकेटर हुन्।

घरेलु क्रिकेटमा आकाश त्रिभुवन आर्मी क्लबमा आबद्ध छन्। सो टिममा सोमपाल कामी, जितेन्द्र मुखिया जस्ता नेपालका हस्ती तेज बलर हुँदा आकाशले त्यत्ति खेल्ने मौका पाएका छैनन्। घरेलु क्रिकेटमा खासै नदेखिए पनि राष्ट्रिय टिममा उनको योगदान ठूलै छ। कञ्चनपुरका आकाशले सन् २०२१ देखि राष्ट्रिय टिममा नेट बलरको भूमिका निर्वाह गर्दै आएका छन्।

सन् २०१९ लाई आकाशको क्रिकेट जीवनको महत्त्वपूर्ण वर्षका रूपमा लिन सकिन्छ। त्यस वर्ष भारतको हैदरावादमा यु-१९ च्यालेन्जर सिरिजमा खेल्न आकाशको चयन भयो। जुन यु-१९ राष्ट्रिय टिमसँग उनको पहिलो प्रतियोगिता थियो। सोही वर्ष विश्वको सबभन्दा पुरानो क्रिकेट क्लब मेरिलेबोन क्रिकेट क्लब (एमसिसी)को टिम नेपाल भ्रमणमा आउँदा आकाशले नेपाल 'ए' बाट खेल्ने अवसर पाएका थिए।

यु-१९ राष्ट्रिय टिमबाट प्रमुख प्रतियोगितामा खेल्न भने आकाशले गत वर्ष युएईमा सम्पन्न आइसिसी यु-१९ विश्वकप एसियाबाट सुरु गरेका हुन्। गुल्सनले सिनियर टोलीबाट आइसिसी विश्वकप लिग-२ खेल्ने भएपछि आकाशले यु-१९ राष्ट्रिय टिममा खेल्ने मौका पाएका थिए। सो अवसरको सदुपयोग गरेका आकाश त्यसपछि नियमित रूपमा यु-१९ राष्ट्रिय टिमको प्रमुख बलरका रूपमा खेलिरहेका छन्।

यु-१९ विश्वकप छनोट-२०२३ मा आकाशले चार खेलमा ११ विकेट लिएर नेपाललाई विश्वकपमा पुऱ्याउन ठूलो भूमिका निर्वाह गरेका थिए। सो प्रतियोगितामा आकाशले कुवेतविरुद्धको खेलमा छ विकेट लिए। त्यसपछि नेपालले एसिसी यु-१९ प्रिमियर कप च्याम्पियन हुँदा पनि आकाशले आठ विकेट लिएका थिए। अब आकाशले राष्ट्रिय टिममा प्रवेश गरेर ठूलो अवसर पाएका छन्। किशोर उमेरमै पाएको यो ठूलो अवसर आकाशको खेल जीवनमा निर्णायक मोड बन्न सक्छ। ■

-प्रजित शाक्य

नेपालको पहिलो सुपर सिक्स





■ सोमराज पोखरेल

पहिलो पटक आइसिसी यु–१९ एकदिवसीय विश्वकप क्रिकेटको सुपर सिक्समा खेलेर नेपाली टिम स्वदेश फर्किएको छ । गत महिना दक्षिण अफ्रिकामा भएको विश्वकपमा नेपालले मिश्रित परिणाम निकाल्यो तर अफगानिस्तान जस्तो टिमलाई हराएर सुपर सिक्समा प्रवेश गर्नु नेपालका लागि ठूलो सफलता मान्न सकिन्छ ।

नेपालले लगातार दुई पटक हराइसकेको न्युजिल्यान्डविरुद्ध भने जित हासिल गर्न सकेन । त्यति मात्र नभई भारत, पाकिस्तान र बङ्गलादेशका अगाडि पनि नेपाल असफल भयो ।

सुपर सिक्सको अन्तिम खेलमा भारतविरुद्ध खेल्दा नेपाल १३२ रनको अन्तरले पराजित भयो । जितका लागि २९८ रनको चुनौती पछ्याउने क्रममा नेपालले नौ विकेटको क्षतिमा १६५ रन मात्र बनाउन सक्यो ।

सुपर सिक्सको पहिलो खेलमा नेपाललाई बङ्गलादेशले पाँच विकेटले पराजित गरेको थियो । १७० रनको सामान्य चुनौती बङ्गलादेशले पाँच

> समग्रमा भन्नु पर्दा नेपाली टिमले अपेक्षाकृत प्रदर्शन गर्न सकेन । सबैभन्दा अनुभवी अलराउन्डर गुल्सन झाबाट गरिएको अपेक्षा खेर गयो ।







विकेटको क्षतिमा २५.२ ओभरमै पूरा गरेको थियो । त्यस खेलमा

नेपालका सुवास भण्डारीले पाँचै विकेट आउट गरेका थिए ।

समूह चरणमा नेपालले न्युजिल्यान्ड र पाकिस्तानविरुद्ध खेल्दा पराजय बेहोरेको थियो तर त्यसपछि अफगानिस्तानमाथि रोमाञ्चक जित हासिल गरेर सुपर सिक्समा स्थान बनायो ।

यु-१९ क्रिकेटमा नेपाल पहिलो पटक न्युजिल्यान्डद्वारा पराजित भयो । यसअघि भएका दुवै भेटमा नेपाल विजयी भएको थियो तर तेस्रो भेटमा नेपाल ६४ रनले पराजित भयो । न्युजिल्यान्डले बनाएको ३०३ रन पछ्याउने क्रममा नेपालले नौ विकेटको क्षतिमा २३८ रन बनाउन सकेको थियो ।

यस्तै पाकिस्तानविरुद्धको खेलमा नेपाल पाँच विकेटले पराजित भयो । जितका लागि १९८ रनको सामान्य चुनौती पछ्याएको पाकिस्तानले पाँच विकेट गुमाएर ४७.४ ओभरमा लक्ष्य हासिल गरेको थियो ।

अफगानिस्तानविरुद्धको खेलमा चाहिँ नेपाल एक विकेटको अन्तरले विजयी भयो । नेपालले १४६ रनको सामान्य चुनौती ४४.४ ओभरमा नौ विकेट गुमाएर प्राप्त गरेको थियो ।

नेपालका लागि यस खेलमा आकाश चन्दले पाँच विकेट आउट गरेका थिए । विश्वकपमा उनको सबैभन्दा उत्कृष्ट बलिङ भएको छ ।

समग्रमा भन्नु पर्दा नेपाली टिमले अपेक्षाकृत प्रदर्शन गर्न सकेन । सबैभन्दा अनुभवी अलराउन्डर गुल्सन झाबाट गरिएको अपेक्षा खेर गयो । उनले विश्वकप लिग-२, विश्वकप छनोट र एसिया कपमा हासिल गरेको सफलतासँगै अनुभवले यु-१९ मा राम्रो नतिजा हासिल हुने अपेक्षा गरिएको थियो । ■

क्यान्सरका आमलक्षण



१. सास लिनमा कठिनाइ ।
२. थकान महसुस ।
३. निरन्तर खोकी ।
४. शरीरको तौल अचानक घट्नु ।
५. निल्नमा कठिनाइ ।
६. छालाको रङ परिवर्तन ।
७. छालामुनि गाँठागुँठी देखिनु ।
८. राति सुतेका बेला अस्वाभाविक पसिना आउनु ।
९. मांसपेशी र जोर्नीमा पीडा ।
१०. ज्वरो आइरहने ।
११. खान मन नलाग्ने ।
१२. अपच र बेचैनी ।


राम्रो आसनले सधैं तपाईंको आत्मविश्वास बढाउँछ । सधैं सुनिश्चित गर्नुस् तपाईंको शरीर अधिक फैलिएको होस् र सङ्कुचित नदेखियोस् । अन्यथा यसबाट के थाहा हुने छ भने तपाईं लजालु हुनुहुन्छ र जिम्मेवारी वहन गर्ने क्षमता राख्नु हुन्न ।



विश्वमा जति मानिस छन् त्यसका आधारमा तपाईंको जन्मदिनमा थप एक करोड ९० लाख मानिसको पनि जन्मदिन पर्दछ ।



एपेन्डिक्स र पित्तथैलीको क्यान्सर



एपेन्डिक्स र पित्तथैली दुवै अङ्ग पाचन नलीका सहायक अङ्ग भए पनि पाचन प्रक्रियामा पित्तथैलीको निकै महत्त्व हुन्छ। खासमा चिल्लो खानेकुरा पचाउनका लागि पित्तथैलीको निकै महत्त्वपूर्ण भूमिका रहन्छ।

एपेन्डिक्सको क्यान्सर

एपेन्डिक्स नामको अङ्ग शाकाहारी जीवका लागि निकै महत्त्वको अङ्ग हो। जीव विकासक्रम (इभोलुसन) का क्रममा मानिसमा भने एपेन्डिक्स काम नलाग्ने अङ्गमा परिणत हुन गयो तर पनि यही अङ्ग बेलाबखत विभिन्न कारणले सुजन हुने, निकै विरल नै भए पनि यसमा क्यान्सर पलाउने हुन्छ। एपेन्डिक्समा क्यान्सर पलाउने समस्यालाई निकै विरल मानिन्छ। प्रतिवर्ष प्रतिदश लाख मानिसमा केवल दुई जनाभन्दा कममा मात्र यो क्यान्सर हुन्छ।



एपेन्डिक्स निकालिएका व्यक्तिको पित्तथैलीको मासु जाँच (प्याथोलोजी)मा पठाउँदा करिब चार सय मानिसमध्ये एकमा कार्सिनोइड देखिने गरेको पाइएको छ।




■ प्राडा सुमनराज ताम्राकार

लक्षण र प्रकार

एपेन्डिक्समा क्यान्सर हुँदा पेट फुल्ने, पेटको तल्लो दाहिने भागमा असहज हुने, सास फेर्न गाह्रो हुने तथा खाना नरुच्ने हुन्छ। यो क्यान्सर औसतमा ५०/५५ वर्षका व्यक्तिलाई हुन्छ। एपेन्डिक्समा पलाउने ट्युमर अधिकतर कार्सिनोइड खालको (क्यान्सर खालको होइन) हुन्छ।

अन्य कारणले एपेन्डिक्स निकालिएका व्यक्तिको पित्तथैलीको मासु जाँच (प्याथोलोजी) पठाउँदा करिब चार सय मानिसमध्ये एकमा कार्सिनोइड देखिने गरेको पाइएको छ। त्यसै गरी एपेन्डिक्स आफैँ ग्रन्थियुक्त अङ्ग भएकाले ग्रन्थियुक्त अङ्गमा हुने अधिकतर क्यान्सर एडेनो कार्सिनोमा खालको हुन्छ। त्यसैले एपेन्डिक्समा हुने दोस्रो मुख्य क्यान्सर म्युसिनस एडेनो कार्सिनोमा खालको हुने गर्छ। तेस्रो मुख्य क्यान्सर पनि एडेनो कार्सिनोमा नै हो तर यही भनेर छुट्याउन नसकिने खालको हुन्छ। चौथोमा सिग्नेट सेल एडेनोकार्सिनोमा पर्दछ।





जबकि न्युरोइन्डोक्राइन ट्युमरसँगै एडेनो कार्सिनोमा छ भने दायाँतिरको आधाजसो ठूलो आन्द्रा, सानो आन्द्राको पुछारको भाग पनि निकालिने हेमिकोलेक्टोमी भनिने शल्यक्रिया आवश्यक पर्दछ।



धूमपान, पारिवारिक इतिहास, इन्डोक्राइन ग्रन्थिका अन्य क्यान्सर एपेन्डिक्स क्यान्सरका जोखिम तत्त्व हुन्। अल्ट्रासाउन्ड, सिटी स्क्यान वा एमआरआईले पनि एपेन्डिक्सको क्यान्सर भए नभएको अनुमान लगाउन सकिन्छ। यसको निर्क्योलका लागि प्रभावित ठाउँको बायोप्सी (मासु जाँच) गर्नु पर्दछ। ग्यास्ट्राइटिस (तारन्तार पेट दुख्ने), इरिटेबल बाउल सिन्ड्रोम (पेट पोल्नुका साथै दिसा बिग्रिराख्ने समस्या), ल्याक्टोज (एक प्रकारको कार्बोहाइड्रेट) पचाउन नसक्ने अवस्था र पेटको क्यान्सरले गर्दा एपेन्डिक्सको क्यान्सरको निर्क्योल गर्न अलि सावधानी अपनाउनु पर्दछ।

उपचार

ट्युमर निकै सानो (अर्थात् २ सेमिभन्दा सानो) र क्यान्सर खालको नभई कार्सिनोइड खालको भएमा एपेन्डिक्स निकाल्ने शल्यक्रिया गरिन्छ। जबकि न्युरोइन्डोक्राइन ट्युमरसँगै एडेनो कार्सिनोमा छ भने दायाँतिरको आधाजसो ठूलो आन्द्रा, सानो आन्द्राको पुछारको भाग पनि निकालिने हेमिकोलेक्टोमी भनिने शल्यक्रिया आवश्यक पर्दछ। यसका साथै आवश्यकता अनुसार केमोथेरापी, रेडियोथेरापी पनि चाहिन सक्छ।

तर यो क्यान्सर जति विरल छ, उपचारपछि पाँच वर्षसम्म बाँच्ने सम्भावना पनि निकै कम (केवल २५ देखि ८८ प्रतिशत) छ। प्राथमिक प्रकारको अर्थात् एपेन्डिक्सबाटै सुरु हुने क्यान्सर निकै कम भए पनि ट्युमरको प्रकार, उमेर, लिङ्ग, क्यान्सरको चरण विश्लेषण गर्दा पछिल्लो समय यो क्यान्सर पनि बढ्दो क्रममा छ। जिस्ट भनिने ग्यास्ट्रोइन्टेस्टिनल ट्युमर खालको क्यान्सर र लिम्फोमा पनि एपेन्डिक्सबाटै सुरु हुन सक्छ भने स्तन क्यान्सर, आन्द्राको क्यान्सर, स्त्री जननेन्द्रियको क्यान्सर फैलिएर एपेन्डिक्समा सर्न सक्छ।

पित्तथैलीमा पत्थरी भएका व्यक्तिमा पत्थर साह्रो (क्याल्सिफाइड) हुन गई पित्तथैली पोर्सेलिन खालको (चिनियाँ माटोले बनाएको भाँडाकुँडा जस्तो) हुन सक्छ। यस्तो पोर्सेलिन खालको पित्तथैलीमा क्यान्सर पलाउने सम्भावना बढी हुन्छ।



पित्तथैलीको क्यान्सर



अमेरिकाको तथ्याङ्क अनुसार प्रतिएक लाख मानिसमा दुई मानिसलाई पित्तथैलीको क्यान्सर हुने गरेको छ। जुन कम नै भए पनि एपेन्डिक्समा भन्दा बढी नै हो। यो क्यान्सर मध्यअमेरिका, दक्षिण अमेरिका, मध्य र पूर्वी युरोप, जापान र उत्तरी भारतमा बढी पाइएको छ। त्यसमा पनि हिस्पानिक र अमेरिकन इन्डियनहरूमा बढी देखिएको छ।

पित्तथैलीको क्यान्सरको अमेरिकामा प्रतिवर्ष पाँच हजार जति रोगी हुन्छन्। जसमध्ये प्रतिवर्ष करिब दुई हजार रोगीको मृत्यु हुन्छ। चिलीमा क्यान्सरका कारण हुने मृत्युको चौथो कारण यही हो।

समयमै पत्ता लागेको खण्डमा पित्तथैलीको क्यान्सरको उपचार गर्दा कलेजोको एक अंश र लिम्फनोडसहित प्रभावित भाग निकालेमा यो निको हुन सक्छ तर लक्षण देखा परिसक्दासम्म ढिलो भइसक्छ। लक्षण देखा परेपछि पाँच वर्ष बाँच्ने सम्भावना करिब तीन प्रतिशत मात्र हुन्छ। पित्तथैलीको क्यान्सरको आरम्भतिर यसका लक्षणले पित्तथैलीको सुजन हो कि भनेर झुक्याउन सक्छ।

लक्षण

माथिल्लो दाहिने भागमा निरन्तर पेट दुख्ने, जन्डिस देखापर्ने, वाकवाकी आउने, उल्टी आउने (पहेँलो पित्तयुक्त), पेट फुल्ने, ज्वरो आउने, बिनाकारण शरीरको तौल घट्ने हुन सक्छ भने कतिपय व्यक्तिमा कुनै पनि लक्षण नदेखिन सक्छ।


पित्तथैलीमा उत्पन्न क्यान्सरका कारण पित्त बहने बाटोमा अवरोध खडा भयो भने उल्टी आउने र जन्डिस देखापर्ने हुन्छ। पित्तथैलीमा पत्थरी भएका व्यक्तिमा पत्थर साह्रो (क्याल्सिफाइड) हुन गई पित्तथैली पोर्सेलिन खालको (चिनियाँ माटोले बनाएको भाँडाकुँडा जस्तो) हुन सक्छ। यस्तो पोर्सेलिन खालको पित्तथैलीमा क्यान्सर पलाउने सम्भावना बढी हुन्छ।

पछि पित्त बहने एवं आमाशय र सानो आन्द्रा जोडिने ड्युडेनम भनिने अङ्गमा अवरोध देखा पर्‍यो भने सोही अनुसारको थप लक्षण देखा पर्दछ। पित्तथैलीको सुजन नदुख्ने खालको वा जन्डिस देखा पर्ने पित्तथैलीको पत्थरीले मात्र हुन सक्दैन। यसो पित्तथैली वा प्यान्क्रियाजको क्यान्सरको कारणले हुन सक्छ।

जोखिम तत्त्व

महिलामा दोब्बर सम्भावना हुन्छ। ७०/८० वर्षको उमेर समूहका मानिस, मोटोपना भएका, जीर्णखालको

पित्तथैलीको सुजन वा पत्थरीको समस्या भएका, पित्तनलीको सुजन भएका, जीर्ण खालको पत्थरीको टाइफाइड सङ्क्रमण भएका, 'सिङ्गल न्युक्लिओटाइड प्ले ओमोर्फिज्म' भनिने समस्या भएका, पित्तथैलीमा मासु पलाउने (पोलिप) समस्या भएका, पित्तथैली क्याल्सिफाइड भई पोर्सेलिन खालको पित्तथैली भएका, पित्तनलीको जन्मजात खराबी भएकामा पित्तथैलीको क्यान्सर हुन सक्छ ।



पाचन प्रणालीका अन्य ठाउँमा भएका क्यान्सरसँग यो क्यान्सरले झुक्क्याउन सक्छ । पित्तथैली ग्रन्थियुक्त अङ्ग भएकाले धेरैजसो एडेनो कार्सिनोमा खालको क्यान्सर हुन्छ भने केही व्यक्तिमा 'स्क्वेमस सेल कार्सिनो' मा खालको हुन्छ ।

अन्य कारण वा पित्तथैलीको पत्थरी भएको अवस्थामा पित्तथैली निकालिसकेपछि मासु जाँच (प्याथोलोजी) का क्रममा पित्तथैलीको क्यान्सर पत्ता लागेमा शल्यक्रिया दोहोऱ्याउनुपर्ने हुन्छ ।



पित्तथैलीको क्यान्सरको निदान सजिलो छैन । अल्ट्रासाउन्ड, सिटी स्क्यान, पाचन नलीमै दूरबिन छिराएर गरिने अल्ट्रासाउन्ड (इन्डोस्कोपिक अल्ट्रासाउन्ड), एमआरआई, एमआरसिपीबाट यसको निदान गरिन्छ । पित्तथैलीको क्यान्सर ज्यान्थोग्रानुलोमाटस खालको पित्तथैलीको सुजनसँग मिल्दोजुल्दो हुन्छ । त्यसो भएर धेरैजसोमा पित्तथैलीको पत्थरीको समस्याको अनुसन्धान गर्न क्यान्सरको शङ्कास्पद चिह्न पत्ता लगाउन ट्युमरबाट निकालिएको मासुको बायोप्सी गरिन्छ ।

उपचार

नफैलिएको अवस्थामा पित्तथैलीको क्यान्सरको उपचार शल्यक्रियाबाटै गरिन्छ । यस क्रममा पित्तथैली, कलेजोको केही अंश (प्रभावित भएको अवस्था हेरेर कलेजोको अलि ठूलै भाग) र लिम्फनोड निकालिन्छ ।

उपचारात्मक हिसाबले शल्यक्रिया गर्न सम्भव नभएको अवस्थामा पनि पित्तरसको सहज प्रवाहका लागि 'स्टेन्टिङ' (विशेष खालको पाइप) पित्तरस खुल्ने ठाउँमा राख्ने वा पिटिबिडी भनेर उपचारबाट उल्टी आउने र जन्डिसको राहत मिल्ने व्यवस्था गरिन्छ । शल्यक्रियाका अतिरिक्त केमोथेरापी, रेडियोथेरापी चाहिन सक्छ ।

यदि अन्य कारण वा पित्तथैलीको पत्थरी भएको अवस्थामा पित्तथैली निकालिसकेपछि मासु जाँच (प्याथोलोजी) का क्रममा पित्तथैलीको क्यान्सर पत्ता लागेमा शल्यक्रिया दोहोऱ्याउनुपर्ने हुन्छ । त्यसबेला कलेजोका ठूलै भाग र नजिकको लिम्फनोड पनि निकालिन्छ तर यो क्यान्सर कलेजो, पित्तनली, आमाशय एवं ड्युडेनममा सजिलै फैलिन सक्ने हुनाले क्यान्सरको उपचारपछिको अवस्था त्यति राम्रो हुँदैन । शल्यक्रियाको केही समयमै मृत्यु हुने सम्भावना पनि हुन्छ । पाँच वर्ष बाँच्ने सम्भावना १९ प्रतिशत मात्र छ । ■

भाषा ज्ञान

खेवो :	पायक पर्ने ठाउँ
आखे :	बाजे
खेवरा :	कुनै कामको थालनी
खुमर :	हिउँको आँधी
थमुन :	समात्न लगाउनु
ठट्नु :	कसैलाई थर्काउनु
थुराउनु :	टोकस्नु वा टोकसाउनु
थुत्कार्नु :	धिक्कार्नु, दुत्कार्नु
गुठे :	आलोपालोसँग मिलेर काम गरिने सङ्गठन
गेरडो :	पुड्को, हाचो
गलेल :	छवाली, नल
खुँगे :	अप्ठेरो कुरा, असजिलो अवस्था
फँगेरो :	घुमाउरो, घुमेको
यमित :	संयमित
अर्यमा :	आँकको बोट
अयाचन :	नमाग्ने काम, लोभको त्याग
गउजो :	कोसा हुने जङ्गली घाँसविशेष
उजल्नु :	सफा हुनु, चम्किनु
उत्तर्जन :	औंलो ठड्याउने काम
फराङ :	फरिया

Vocabulary	शब्दावली
Absence	अनुपस्थिति
Dishonest	बेइमान, कपटी
Fatal	घातक, प्राणनाशक
Daredevil	साहसी, बहादुर
Miser	लोभी, कन्जुस
Stubborn	हठी, जिद्दी
Arrogant	घमण्डी, अहङ्कारी
Extrovert	बहिर्मुखी
Sweat	पसिना
Adjacent	छेउमा, समीप
Manner	ढङ्ग, शैली
Forgive	माफ गर्नु, क्षमा दिनु
Novice	नौसिखिया, कच्चा
Nectar	अमृत, परागरस
Appetite	भोक, रुचि
Palm	हत्केला, जित
Flock	झुन्ड, पशुको समूह
Stampede	भागदौड, धक्कामुक्की
Awful	भयङ्कर, विस्मयकारी
Saint	सन्त, महात्मा

🐧 + 🐧 + 🐧 = 24

🐙 + 🐙 + 🐢 = 14

🐢 + 🐢 + 🐧 = 28

🐧 × 🐙 + 🐢 = ?

ब्रेन गेम

यस चित्रमा गल्ती पत्ता लगाउनुहोस् ।




प्रश्न

६ लाई ११ मा जोडेर कुन अवस्थामा ५ प्राप्त गर्न सकिन्छ ?

निम्न चार विकल्पमध्ये
TWO ZERO TWO FOUR
कुन हो ?

क) 0024 ख) 2044 ग) 2024
घ) 0044

यस चित्रमा कतिवटा वर्ग छन् ?



उत्तर यसै अङ्कमा





यस चित्रमा सिंह कहाँ छ ?



यस चित्रमा लुकेको छ अनुहार खोज्नुहोस् ।

अङ्कजाल प्रतियोगिता, फागुन-२०८०

नियमहरू :

१. अङ्कजाल भर्न खाली कोठाहरूमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ।

२. प्रत्येक ठाडो लहर र तेर्सो लहरमा १ देखि ९ अङ्कसम्म भर्नुपर्नेछ।

३. अङ्कजालमा ३×३ का नौवटा वर्ग रहेका छन्। ३×३ को प्रत्येक वर्गमा पनि १ देखि ९ अङ्कसम्म नदोहोऱ्याई भर्नुपर्नेछ।

४. समाधान २०८० चैत १५ सम्ममा 'युवामञ्च' को कार्यालयमा आइपुगिसक्नुपर्नेछ।

५. अङ्कजाल भरेर पठाउँदा यसै पत्रिकाको कटिङ पठाउनुपर्नेछ। केरमेट र अस्पष्ट समाधानलाई प्रतियोगितामा सहभागी गराइने छैन।

६. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ। दुईभन्दा बढीले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिनेछ।

७. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुनेछ।

			८	९	३		५	
७	१			५				
			७					
३				८		६		४
४	२		९		६		८	७
५		६		२				९
					१			
	७			४			६	५
	४		३	७	८			

नाम : ....

ठेगाना : ....

सामान्यज्ञान पुस अङ्कको उत्तर

समूह क : १. लखनउ २. ताप्लेजुङ ३. अर्जेन्टिना

समूह ख : १. विलियम्स नक्स २. सिल माछा ३. भियतनाम

समूह ग : १. विन्स्टन चर्चिल २. एपीजे अब्दुल कलाम ३. डेनमार्क

समूह घ : १. भैरवबहादुर थापा २. टङ्गाल ३. स्विट्जरल्यान्ड

समूह ङ : १. सापु २. अभिषेक चुडाल ३. टुभालु

समूह च : १. काठमाडौँ महानगर २. पलेशा महर्जन ३. मुसा

समूह छ : १. थारू २. बेइजिङ ३. सतार

परिणामहरू

अङ्कजाल पुस अङ्कको उत्तर

५	१	३	९	४	६	७	८	२
७	८	६	२	५	३	४	९	१
२	४	९	१	८	७	३	६	५
३	६	४	७	१	२	८	५	९
१	९	७	५	३	८	६	२	४
८	२	५	४	६	९	१	७	३
४	७	२	६	९	१	५	३	८
६	३	१	८	२	५	९	४	७
९	५	८	३	७	४	२	१	६

गोलाप्रथाद्वारा विजयी

वीरेन्द्रप्रसाद भट्टराई, धनगढी-७ कैलाली

बुद्धिमान श्रेष्ठ, त्रिपुरेश्वर काठमाडौँ

सही जवाफ पठाउने सहभागी :

खेमराज घिमिरे कामनपा-९, रत्न शाक्य पुल्चोक ललितपुर, रक्षा चौधरी भैँसेपाटी ललितपुर, रश्मि चौधरी, खोकना ललितपुर, रामाकान्त चौधरी, खडक नपा-१ सप्तरी, धनबहादुर पौड्याल, विराटनगर, नारायण लघु, भक्तपुर, सीता महर्जन, खुसिबुँ काठमाडौँ, राधेश्याम श्रेष्ठ, काठमाडौँ, गौरीशङ्कर रेग्मी, काठमाडौँ, निरञ्जन रेग्मी, काठमाडौँ, असीम श्रेष्ठ चिसापानी रामेछाप, नवीन थापा, असन काठमाडौँ, सरोज तामाङ, पाख्रीबास धनकुटा, उमेशकुमार मास्के, विराटनगर, निर्मला श्रेष्ठ, विराटनगर, उपासना थापा सेन्ट जेभियर्स स्कुल ललितपुर, दिवस भट्टराई, काठमाडौँ, कृष्णचन्द्र गौतम, सुखीपुर सिराहा, मदनमोहनलाल श्रेष्ठ, घट्टेकुलो काठमाडौँ, लक्ष्मण रेग्मी, काठमाडौँ, देवेन्द्र बलामी, वज्रवाराही मकवानपुर, निर्मला भट्टराई, चप्पल कारखाना काठमाडौँ, सनिसा महर्जन, पाटन, अनर्धन घिमिरे, रामेछाप, टीकाप्रसाद घिमिरे, रामेछाप, आलोककुमार तिवारी वीरगन्ज-२६ बिर्ता, बुद्धिबहादुर दुरा मध्य नेपाल लमजुङ, दिनेशराज पौडेल, काठमाडौँ, रामप्रसाद उप्रेती, काठमाडौँ, रमिता शाक्य, काठमाडौँ, करुणा घिमिरे बत्तीसपुतली काठमाडौँ, अभियान बराल, धनकुटा, रोजन चालिसे, लालबन्दी सर्लाही।

पुस अङ्कको कोठेपद

गोला प्रथाद्वारा विजयी

रविकुमार सापकोटा, कामनपा-१५ विजयश्वरी

सुस्मिता अधिकारी, धनकुटा

सही उत्तर मिलाउने अन्य सहभागी

कल्पना रावल, बर्दिया, उमेशकुमार मास्के, विराटनगर, उपासना थापा सेन्ट जेभियर्स स्कुल ललितपुर, अच्युतमानसिंह प्रधान, 'उत्सुक' बालुवाटार काठमाडौँ, निर्मला श्रेष्ठ, विराटनगर, उज्ज्वलविलास वज्राचार्य, नयाँबजार, खेमराज घिमिरे कामनपा-९, वटुकृष्ण कसपाल, पुतलीसडक काठमाडौँ, रामाकान्त चौधरी, खडक नपा-१ सप्तरी, रश्मि चौधरी, खोकना ललितपुर, रक्षा चौधरी भैँसेपाटी ललितपुर, रत्न शाक्य, पुल्चोक ललितपुर, बुद्धिबहादुर दुरा मध्य नेपाल लमजुङ, सहाना श्रेष्ठ, न्युरोड, शिला श्रेष्ठ कुलेश्वर काठमाडौँ, करुणा घिमिरे बत्तीसपुतली काठमाडौँ।

सामान्य ज्ञान प्रतियोगिता पुसको परिणाम

	नाम	ठेगाना	प्राप्त अङ्क
विजेता	बुद्धिबहादुर दुरा	मध्य नेपाल, लमजुङ	१००
	आलोककुमार तिवारी	वीरगन्ज-२६, बिर्ता	१००
	रोजन चालिसे	लालबन्दी, सर्लाही	९७
४	मदनमोहनलाल श्रेष्ठ	घट्टेकुलो, काठमाडौँ	९७
५	रक्षा चौधरी	भैँसेपाटी, ललितपुर	९७
६	रामाकान्त चौधरी	सप्तरी	९७
७	रश्मि चौधरी	खोकना, ललितपुर	९७
८	तिलादेवी खनाल (भट्टराई)	कामपा-४, धुम्बाराही	९५
९	बुद्धिमान श्रेष्ठ	त्रिपुरेश्वर, काठमाडौँ	९३
१०	नारायण लघु	भक्तपुर	९३

युवामञ्च कोठेपद प्रतियोगिता, फागुन-२०८०

१		२	■	३		४	■	५
	■	६			■	७		
८	९		■	१०			■	
■		■	११		■	१२		
१३	■	१४		■	१५		■	
१६			■	१७		■	१८	■
	■	१९			■	२०		२१
२२			■	२३			■	
	■	२४			■	२५		

सहभागिताका नियम

१. समाधानसहितको कुपन २०८० चैत १५ भित्र आइपुग्नुपर्नेछ।
२. समाधान माथिको कुपनमै पूरा नाम र ठेगाना भरेर पठाइएको हुनुपर्नेछ।
३. केरमेट गरिएका समाधानलाई प्रतियोगितामा समावेश गरिने छैन।
४. सही समाधान पठाउने दुई जनालाई सात-सात सय रुपियाँ पुरस्कारको व्यवस्था गरिएको छ। दुईभन्दा बढी व्यक्तिले सही समाधान पठाएमा गोलाप्रथाद्वारा विजयीको छनोट गरिनेछ।
५. नतिजासम्बन्धी युवामञ्चको निर्णय नै अन्तिम निर्णय हुनेछ।

नाम : ....

ठेगाना : ....
....

ठाडो :

१. महादेवको एक नाम
२. लुक्ने, नदेखिने
३. विद्याकी देवी
४. मायाले भरिएकी, स्नेहले भरिएकी (....माता), आत्मीयताले परिपूर्ण
५. कसैसित माफी माग्ने काम/क्षमाका लागि याचना
९. लट्ठीले पिट्दा बस्ने डाम/सुन्निएर उठेको मासुको लुँदो
११. ठिङ्ग, उभिएको/प्रस्तुत
१३. एक देश
१४. मानभङ्ग, अपमान, कसैको मानमा आघात पार्ने काम
१५. बोटबिरुवाका पत्ता, पत्र
१७. जे मन लाग्छ, त्यही/मनलागी
१८. विशेष प्रकारको सर्प/एक जाति
२०. घाउमा लगाइने लेसिलो वस्तु
२१. एक जिल्ला

तेर्सो

१. मनमा दुविधा भएको (व्यक्ति), शङ्का गर्ने
३. लाज, सङ्कोच, सर्म
६. एकथरी घरपालुवा जनावर
७. महत्त्व, गरिमा
८. चीनसित सिमाना जोडिएको एक जिल्ला
१०. सफापन, निर्मलता
११. नोक्सानी, क्षति
१२. पिरो र बास्नादार एकथरी मसला (गेडाविशेष)
१४. आँपको गुदीबाट बनाइएको खानेकुरो
१५. पिउने अर्थ जनाउन शब्दको पछाडि आउने शब्दांश (स्तन...../दुग्ध....)
१६. कुनै कामको निधो, निश्चय, पक्का
१७. विचार, राय
१९. गहन सोचाइ, चिन्तन
२०. वैदिककालीन एक राज्य, महाजनपद, जसको राजधानी पाटलीपुत्र (हालको पटना) थियो/तत्कालीन एक राजा वा साम्राज्य
२२. '.....की जोई हुनुभन्दा मर्दकी नोकर्नी हुनु जाती' उखानको खाली ठाउँमा हुनुपर्ने शब्द
२३. दुकान/दोकान
२४. बेनम्बरीको विपरीतार्थक शब्द
२५. नेपाली तथा हिन्दी सिनेजगत्‌की एक प्रसिद्ध नेपाली अभिनेत्री

कोठेपद प्रतियोगिता, पुस अङ्कको उत्तर

१अ	शु	२भ	■	३क	न्जु	४स	■	५आ
थ	■	६ज	ल	न	■	७दु	र्ग	म
८क	९थ	न	■	१०खु	रु	प	■	चु
■	री	■	११भु	ल्लो	■	१२यो	ज	ना
१३ने	■	१४वा	स	■	१५मा	ग	■	क
१६र	सि	द	■	१७जा	ल	■	१८सा	■
भु	■	१९वि	ज्ञा	न	■	२०के	रा	२१उ
२२पा	लु	वा	■	२३जा	नो	श	■	धौ
ल	■	२४द	म	न	■	२५रे	त्यौ	ली

तपाईंको प्रश्न

ज्यो. हरिप्रसाद पौडेलको उत्तर

नाम : ऋषिराम बराल
जन्म स्थान : बालुवाटार, काठमाडौँ
जन्म मिति : २०७७।१२।२८
जन्म समय : ७:२५ बजे बिहान

मेरो छोराको नाम नक्षत्र, जन्मराशिका साथै भाग्य, कर्म र आयु के कस्तो देखिन्छ ? कृपया बताइदिनु भए आभारी हुने थिएँ ।

तपाईंको छोराको जन्म पूर्वाफाल्गुनी नक्षत्रको प्रथम चरणमा जन्म भएकाले सिंहराशि अनि मो आद्यक्षरबाट मोहन यस्तो नाम निस्कन्छ । शारीरिक आरोग्यताका साथै दीर्घायुको योग रहेको छ । भविष्यमा राम्रो सफलता प्राप्त गर्ने ग्रहयोग पर्न गएको छ । आर्थिक उन्नति प्रगति राम्रो गर्ने देखिन्छ । चरलग्नमा जन्म भएकाले विदेशमा भाग्योदयको सम्भावना देखिन्छ । पश्चिम देशबाट भाग्योदय हुने योग रहेको छ । साहस पराक्रम राम्रो होला । कर्म र कर्तव्यबाट पछि नहट्ने देखिन्छ । विद्यामा उच्च सफलता प्राप्त गर्ने छन् । मातापिताका भक्त आज्ञाकारीसमेत बन्ने छन् । वर्तमान समयका ग्रहदशा ठिकै छन् । भाग्य बलियो देखिएकाले उज्ज्वल भविष्यको सम्भावना छ, कुनै चिन्ता गर्नु पर्दैन ।

नाम : रिता कटुवाल
जन्म स्थान : नुवाकोट
जन्म मिति : २०४५ असोज २२ गते
जन्म समय : दिवा ११:५५ बजे

गुरुजी नमस्कार ! मेरो जन्म समय अनुसार जन्मराशि, नाम नक्षत्र, वर्तमान समयका ग्रहदशा, सन्तान एवं दाम्पत्य सुख सम्बन्ध र भाग्य के कस्तो देखिन्छ ? कृपया बताइदिनुहोला ।

रिताजी तपाईंको जन्म मघा नक्षत्रको पहिलो चरण अन्तर्गत पर्न गएकाले नामको पहिलो अक्षर माबाट (माधवी यस्तो नाम) निस्कन्छ भने राशि सिंह हुन्छ । वर्तमान समयमा उल्का दशा चलेकाले केही अप्ठ्यारो समय चलेको छ । सामान्य स्वास्थ्यसम्बन्धी समस्या देखा पर्ने छ । काममा अनावश्यक बाधाअड्चनका साथै विवादको स्थितिसमेत उत्पन्न हुने देखिएकाले धैर्य अपनाउनुपर्ने समय रहेको छ । ठूलो लगानी र लेनदेनसम्बन्धी आर्थिक कारोबार नगर्दा नै राम्रो होला । आगामी वैशाख महिनाबाट उल्का दशाको प्रभाव कम भएर जाने छ । तपाईंको जन्मकुण्डलीमा गजकेशरीयोगसमेत पर्न गएकाले विद्या बुद्धि राम्रो छ, सुख सम्पत्ति ऐश्वर्य बढेर जाने छ, आर्थिक समुन्नति पनि राम्रो देखिन्छ । सुखमय भविष्यको योग रहेको छ ।

नाम : माधव लामिछाने
जन्म मिति : २०४९।०६।५ काठमाडौँ
जन्म समय : बेलुका १०:४८ बजे

गुरुजी नमस्कार ! मेरो वर्तमान समयका ग्रहदशा, नोकरी, भाग्य र भविष्यका बारेमा बताइदिनुभए आभारी हुने थिएँ ।

माधवजी तपाईंको ३५ वर्षसम्मका लागि सङ्कटाको दशा चलेकाले वर्तमान समयमा आँटेका काममा अनावश्यक बाधाअड्चन आउनुका साथै सोचेका योजनामा ढिलासुस्तीसमेत गराउने देखिन्छ । आगामी वर्षको प्रारम्भबाट क्रमशः सफलता मिल्दै जाने छ । आगामी तीन वर्षभित्रमा राम्रो जागिर पाउने देखिन्छ । साथै कुण्डलीमा चर लग्न भएकाले वैदेशिक योगसमेत पर्न गएकाले विदेशयात्राको समेत प्रबल सम्भावना रहेको छ । भाग्य राम्रो भएकाले भविष्य सुखमय देखिन्छ । आर्थिक समुन्नतिसमेत राम्रो छ । कुण्डलीमा शारीरिक आरोग्यताका साथै दीर्घायुको योगसमेत पर्न गएको छ ।

नाम : शिवप्रसाद पौडेल
जन्म स्थान : पोखरा, हेम्जा
जन्म मिति : २०५९ जेठ २२ गते
जन्म समय : बिहान ४:५ बजे

नमस्कार, मेरो कुण्डली अनुसार वर्तमान समयका ग्रहदशा, स्वास्थ्य, पढाइ, विवाह र भाग्य के कस्तो देखिन्छ ? कृपया बताइदिनु होला ।

शिवजी तपाईंको वर्तमान समयमा बृहस्पति र सिद्धाको ग्रहदशा चलेकाले समय ठीक छ । बृहस्पति एकादशस्थानमा भएकाले विद्यामा राम्रो सफलता मिल्ने छ । अब उप्रान्त सोचेका योजनामा क्रमशः सफलता मिल्दै जाने देखिन्छ । नयाँ वर्षमा स्थान परिवर्तनको योग आएकाले तपाईंको बसाइ बदलिन्छ । विवाहका लागि न आत्तिनुस् ३१ वर्ष उप्रान्त राम्रो देखिन्छ । चरलग्नमा जन्म भएकाले विदेशबाट आर्थिक सफलता मिल्ने देखिन्छ । भाग्यलाई अझ राम्रो बनाउन कर्मको ठूलो भूमिका हुन्छ अतः आलस्यलाई परित्याग गरी परिश्रमको बाटोलाई अपनाउनुभयो भने भविष्य उज्ज्वल हुने छ ।

२०८० साल फागुन महिनाको राशिफल

◆ ज्यो. हरिप्रसाद पौडेल



मेष राम्रो महिना रहेको छ। सोचेका योजनामा क्रमशः सफलता मिल्दै जाने छ। उच्च मनोबलका साथ कार्यक्षमतामा समेत उल्लेख्य वृद्धि भएर जाने छ। प्रतिस्पर्धामा महत्त्वपूर्ण सफलता प्राप्त होला। शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहने छ। पठनपाठनमा मन्द प्रगतिको योग रहेको छ। रमाइलो ठाउँको यात्राको अवसर मिल्नुका साथै नयाँ आम्दानीका अवसरसमेत प्राप्त हुने छन्।

वृष सफलताको महिना रहेको छ। उच्च मनोबलका साथ कार्यक्षमतामा उल्लेख्य वृद्धि भएर जाने छ। शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नतासमेत अनुकूल रहने छ। घरपरिवारमा माङ्गलिक कार्यको आयोजना हुने छ। पठनपाठनमा अनावश्यक बाधाअड्चन आइपर्नेछन्। रमाइलो पारिवारिक वातावरणको माहोल बन्ने छ। विविध वस्त्र एवं उपहारको लाभ होला। आर्थिक पक्षका काममा यथेष्ट सफलता मिल्ने छ।

मिथुन कार्यव्यस्तता बढेर जाने छ। शारीरिक आरोग्यता अनुकूल रहने छ। रमाइलो ठाउँको यात्रा एवं मनोञ्जनका अवसर मिल्ने छन्। पठनपाठनमा गहिरो अभिरुचि लाग्ने छ। सामाजिक कार्यका साथै धार्मिक कार्यमा सहभागी बन्नुपर्नेछ। दाम्पत्य सम्बन्धमा सामान्य खटपट पर्न जाने सम्भावना देखिन्छ। महिनाको उत्तरार्धमा आकस्मिक यात्राको सम्भावना रहेको छ। घरायसी खर्चको मात्रा बढेर जानाले आर्थिक अभावको स्थिति देखा पर्ने छ।

कर्कट सामान्य अस्वस्थताको सम्भावना रहेकाले खानपानमा विशेष विचार पुऱ्याउनु पर्ला। सामान्य चोटपटकको सम्भावना रहेकाले यात्रा एवं सवारी चलाउँदा सावधानी अपनाउनुपर्ने देखिन्छ। सोचेका योजनामा अनावश्यक बाधाअड्चन आइपर्नुका साथै ढिलासुस्तीसमेत गराउला। ठूला लगानी एवं नयाँ कामको थालनी गर्न महिना त्यति राम्रो देखिन्न। महिनाको उत्तरार्धमा रोकिएका काम क्रमशः बन्दै जाने छन्।

सिंह शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहला। आकस्मिक यात्रा एवं स्थान परिवर्तनको सम्भावना रहेको छ। आर्थिक पक्षका काममा सफलता मिल्ने छ। अनावश्यक काममा व्यर्थको दौडधुप पर्न जाने छ। पठनपाठनमा सोचे अनुसारको सफलता मिल्ने छ। धार्मिक कार्यका साथै सामाजिक कार्यमा समेत अभिरुचि लाग्ने छ। उच्च मनोबलका साथ कार्यक्षमतामा वृद्धि भएर जाने छ।

कन्या सफलताको महिना रहेको छ। रोकिएका काम क्रमशः बन्दै जाने छन्। शारीरिक आरोग्यता, मानसिक प्रसन्नतासमेत अनुकूल रहला। प्रतिस्पर्धामा महत्त्वपूर्ण सफलता मिल्ने छ। अध्ययन अध्यापनमा सुधारको स्थिति देखा पर्ने छ। दाम्पत्य सुखसम्बन्ध अनुकूल रहला। कार्यक्षमतामा बढोत्तरी भएर जाने छ। विवादमा विजयश्री प्राप्त होला। महिनाको उत्तरार्धमा मनोरञ्जनका अवसर मिल्ने छन्।

तुला मध्यम फलदायी महिना रहेको छ। घरायसी खर्चको मात्रा बढेर जानाले आर्थिक अभावको स्थिति देखा पर्ने छ। आकस्मिक यात्राका साथै स्थान परिवर्तनको सम्भावना रहेको छ। सन्तान एवं परिवारको चिन्ताले केही पिरोल्ने देखिन्छ। दाम्पत्य सम्बन्धमा विश्वासको अभाव देखा पर्न सक्छ। पठनपाठनमा लागेको अभिरुचि यथावत् रहने छ। धार्मिक एवं सामाजिक कार्यमा अभिरुचि लाग्ने छ।

वृश्चिक कार्यव्यस्तता बढेर जानाले शारीरिक ताप केही बढी नै पर्न जाला।

पठनपाठनमा अनावश्यक बाधाअड्चन देखा पर्नेछन् । सामान्य अस्वस्थताको सम्भावना रहेकाले खानपानमा विशेष विचार पुर्‍याउनुपर्ने देखिन्छ । लेनदेनसम्बन्धी आर्थिक कारोबार नगर्दा नै राम्रो होला । आकस्मिक यात्राका साथै स्थान परिवर्तनको सम्भावना रहेको छ । रमाइलो ठाउँको यात्राका साथै मनोरञ्जनका अवसरसमेत प्राप्त हुने छन् । महिनाको उत्तरार्धमा धनागमको सम्भावना रहेको छ ।

धनु उच्च मनोबलका साथ कार्यक्षमतामा वृद्धि भएर जाला । सोचेका योजनामा सफलता मिल्ने छ । रोकिएका काम बन्दैजाने छन् । प्रतिस्पर्धामा सफलताको सम्भावना रहेको छ । पठनपाठनमा गहिरो अभिरुचि लाग्ने छ । आर्थिक लगानीका साथै नयाँ कामको थालनी गर्न अनुकूल समय रहेको छ । सन्तान एवं परिवारको तर्फबाट सुखद समाचार आउला । महिनाको उत्तरार्धमा मनोरञ्जन एवं धनागमको सम्भावना रहेको छ ।

मकर आर्थिक लेनदेनसम्बन्धी कारोबारमा सावधानी अपनाउनुपर्ने छ । घरायसी खर्चको मात्रा बढेर जानाले आर्थिक अभावको स्थिति देखा पर्ला । प्रारम्भ गरेका योजनामा अनावश्यक बाधाअड्चनका साथै ढिलासुस्तीसमेत गराउने देखिन्छ । अध्ययन अध्यापनमा मन्द प्रगति होला । आर्थिक पक्षका काममा मध्यम सफलता मिल्ने छ । महिनाको उत्तरार्धमा आकस्मिक यात्राको सम्भावना छ ।

कुम्भ कार्यव्यस्तता बढेर जानाले शारीरिक परिश्रम केही बढी नै पर्नेछ । गर्न आँटेका काममा अनायासै नसोचेका समस्या देखा पर्ने छन् । आकस्मिक यात्रा एवं स्थान परिवर्तनको सम्भावना रहेको छ । सामान्य शारीरिक अस्वस्थतासमेत देखा पर्ने छ । पठनपाठनमा मध्यम प्रगतिको योग रहेको छ । यात्रा एवं सवारी चलाउँदा विशेष सावधानी अपनाउनुपर्ने छ ।

मीन शारीरिक आरोग्यताका साथै मानसिक प्रसन्नता अनुकूल रहने छ । उच्च मनोबलका साथ कार्यक्षमतामा समेत प्रगति भएर जाने छ । घरायसी पारिवारिक भेटघाटको अवसर मिल्ने छ । रमाइलो यात्रा एवं मनोरञ्जनका अवसरसमेत मिल्ने छन् । पठनपाठनमा जागेको अभिरुचि यथावत् रहने छ । आर्थिक पक्षका काममा सफलता प्राप्त होला । धार्मिक एवं सामाजिक कार्यमा समेत सहभागी हुनुपर्ने छ ।

उत्तर

१. यसको उत्तर घडीमा खोजौँ । घडीमा बिहानको ११ बजेको बेला त्यसमा ६ घण्टा जोडेमा घण्टाको सुईले बेलुकाको ५ बजेको देखाउँछ ।

२. 2024

३. ४०

तपाईंको प्रश्न, हाम्रा ज्योतिषी

नाम : ....

जन्म स्थान : .... जन्म मिति : ....

जन्म बार : ....

जन्म समय : .... ठेगाना : ....

प्रश्न : ....

....

....

जन्म समय अनिवार्य छ ।

आफ्नो भविष्यबारे जिज्ञासा राख्नुहुने पाठकले कुपन भरी हरेक महिनाको १५ गतेभित्र युवामञ्चमा आइपुग्ने गरी पठाउनुहोला वा इमेल गर्नुहोला । तपाईंको जिज्ञासाको जवाफ ज्योतिषाचार्य हरिप्रसाद पौडेलले दिनुहुने छ ।

सामान्यज्ञान प्रतियोगिता फागुन २०८०

एक समूहमा तीन प्रश्न रहने गरी सात समूहमा प्रश्न सोधिएको छ । यस प्रकार कुल २१ प्रश्न यस प्रतियोगितामा समावेश गरिएको छ । प्रतियोगितामा समावेश प्रत्येक समूहको अङ्क भार फरक छ । सम्बन्धित अङ्क भार समूहको अगाडि उल्लेख गरिएको छ तर कुनै पनि समूहमा समावेश गरिएका प्रश्नको सही उत्तरमा दिइने अङ्क भने फरक–फरक छ । उदाहरणका लागि पहिलो समूहको अङ्क भार ६ हो र त्यसमा तीन प्रश्न समावेश छन । ती तिनै प्रश्नको उत्तरमा पाइने अङ्क फरक हुनेछ तर समूहको कुल अङ्क भारभन्दा बढी चाहिँ हुनेछैन । जस्तो समूह क मा समावेश तीन प्रश्नमा पहिलो, दोस्रो र तेस्रो प्रश्नको उत्तरमा पाइने अङ्क ३, १ वा २ हुनसक्छ ।

एवं प्रकारले सबै समूहको उत्तर दिनुपर्नेछ । सही उत्तरमा अङ्क प्राप्त हुनेछ । यस प्रकारले अङ्कका आधारमा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु. १५००/–, १०००/– र ५००/– पुरस्कार दिइनेछ । अङ्क बराबर भएमा गोलाप्रथाद्वारा निर्णय लिइनेछ ।

अधिकतम अङ्क ल्याउने १० जनाको नामावली प्रकाशित गरिनेछ ।

प्रश्न

समूह (क), कुल अङ्क भार– ६

१. चर्खा प्रचार नामक अभियानमा रोक लगाउने राणा प्रधानमन्त्री को थिए ? [१]

२) रावलपिण्डी रिजोलुसन नामक कार्यक्रम केसँग सम्बन्धित छ ? [३]

३) पाश्चात्य राजनीतिका कौटिल्य भनी कसलाई चिनिन्छ ? [२]

समूह (ख), कुल अङ्क भार– ८

१) अपरेसन म्यान हन्ट भन्नाले के बुझिन्छ ? [३]

२) मदन पुरस्कार प्राप्त गर्ने पहिलो विदेशी सर्जक को हुन् ? [३]

३) गोश्वारा हुलाकको पुरानो नाम के हो ? [२]

समूह (ग), कुल अङ्क भार– १२

१) चिया बगानका श्रमिकलाई बस्नका लागि साहुले बनाइदिने घरलाई के भनिन्छ ? [५]

२) 'डिप स्टिक टेस्ट' कुन अङ्गमा लाग्ने रोगसँग सम्बन्धित छ ? [३]

३) नेपालको कुन ठाउँमा अटोभिलेज निर्माण गरिएको छ ? [४]

समूह (घ), कुल अङ्क भार–त १४

१) नेपालको पहिलो कारागार कुन हो ? [७]

२) सामुदायिक बीउ बैङ्कको स्थापना कहाँ गरिएको छ ? [३]

३) फ्रान्सका सबैभन्दा कान्छो प्रधानमन्त्रीका रूपमा चुनिएका राजनीतिकर्मी को हुन् ? [४]

समूह (ङ), कुल अङ्क भार– १८

१) कोत पर्व, भण्डारखाल पर्व र अलौ पर्व कुन राजाको पालामा भएका घटना हुन् ? [६]

२) भिक्टोरिया फल्स कुन कुन देशको सीमामा पर्दछ ? [६]

३) नेपालमा क्युआर कोड प्रयोगमा ल्याउने पहिलो बैङ्क कुन हो ? [६]

समूह (च), कुल अङ्क भार– २०

१) माल्दिभ्सको संसद्‌लाई के भनिन्छ ? [६]

२) फ्रेन्ज वेकेनवाउरले खेल्ने खेल कुन हो ? [६]

३) मिस इको इन्टरनेसनल नेपाल २०२४ घोषित हुने युवती को हुन् ? [८]

समूह (छ), कुल अङ्क भार २२

१) सरकारले सेनाको व्यवस्थापनमा स्थापना गर्न लागेको राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालयको पूर्वाधार कहाँ निर्माण भइरहेको छ ? [८]

२) सरकारले कुन फलफूललाई राष्ट्रिय फलफूल घोषणा गर्ने तयारी गरेको छ ? [६]

३) अमेरिकाको लास भेगासमा सन् २०२४ जनवरीमा सम्पन्न मिसेस वर्ल्ड–२०२३ मा ह्युमनिटेरियन अवार्ड जित्ने सुन्दरी को हुन् ? [८]

पुस अङ्कको परिणाम पृष्ठ ७४ मा



उत्तर २०८० चैत १५ गतेसम्म प्राप्त भइसक्नु पर्नेछ ।

२०८० साल फागुनको सामान्यज्ञान

समूह (क), कुल अङ्क भार– ६

१) .... [१]

२) .... [३]

३) .... [२]

समूह (ख), कुल अङ्क भार– ८

१).. [३]

२) .... [३]

३) .... [२]

समूह (ग), कुल अङ्क भार– १२

१) .... [५]

२) .... [३]

३) .... [४]

समूह (घ), कुल अङ्क भार– १४

१) .... [७]

२) .... [३]

३) .... [४]

समूह (ङ), कुल अङ्क भार– १८

१) .... [६]

२) .... [६]

३) .... [६]

समूह (च), कुल अङ्क भार– २०

१) .... [६]

२) .... [६]

३) .... [८]

समूह (छ), कुल अङ्क भार २२

१) .... [८]

२) .... [६]

३) .... [८]

नाम : ....

ठेगाना : ....

२०८० पुस १ देखि २९ गतेसम्मका राष्ट्रिय घटना

पुस १ गते : निर्वाचन आयोगद्वारा राष्ट्रिय सभा सदस्य निर्वाचनमा भाग लिने राजनीतिक दललाई निर्वाचन चिह्न प्रदान ।

पुस २ गते : ४९ औं दीक्षान्त समारोहमा एकै पटक ७३ हजार छ सय विद्यार्थी दीक्षित गराई अफिसियल विश्व रेकर्ड कायम गर्न त्रिभुवन विश्वविद्यालय सफल ।

पुस ४ गते : राष्ट्रपति रामचन्द्र पौडेलद्वारा सारङ्गा सुवेदी, अब्दुल अजिज मुसलमान, महेश शर्मा पौडेल, टेकप्रसाद ढुङ्गाना, सुनीलकुमार पोखरेल र बालकृष्ण ढकाललाई सर्वोच्चको न्यायाधीशमा नियुक्त ।

पुस ५ गते : परराष्ट्रमन्त्री नारायणप्रकाश साउद र श्रीलङ्काका विदेशमन्त्री मोहम्मद उवैस मोहम्मद अली साब्रीबीच भेट ।

पुस १० गते : रुसमा नेपाली सैन्य भर्तीका लागि जान नो अब्जेक्सन लेटर (एनओसी) को व्यवस्था ।

पुस ११ गते : प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिद्वारा टेरामोक्स खरिदमा अनियमितता भएको निष्कर्षसहित थप अनुसन्धान प्रक्रिया अगाडि बढाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन ।

– सहकारी ठगी प्रकरणमा सरकारी रजिस्टार कार्यालयका रजिस्टार तथा कुस्मा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उदयबहादुर पराजुली पक्राउ ।

पुस १३ गते : राष्ट्रिय क्रिकेट टिमका पूर्वकप्तान सन्दीप लामिछाने बलात्कार मुद्दामा दोषी ठहर ।

पुस १४ गते : सरकारद्वारा ललितपुरको बालकुमारीमा भएको प्रदर्शनमा ज्यान गुमाएका दुई युवकको परिवारलाई १०/१० लाख रुपियाँ क्षतिपूर्ति ।

पुस १६ गते : प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ द्वारा मन्त्रीपरिषद् बैठकमा खर्च हुँदै आएको प्रतिबैठक करिब ६०हजार रुपियाँ कटौती गरेको जानकारी ।

– अवैध सम्पत्ति शुद्धीकरण गरेको अभियोगमा विशेष अदालत काठमाडौँद्वारा प्रमोदकुमार जैसवाल र पप्पु ठाकुरलाई कैद र जरिवाना ।

– उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठद्वारा सामान्य प्रशासनमन्त्री अनितादेवी साहसहित जनमत पार्टीका कार्यकर्ता रिहा ।

पुस १९ गते : राष्ट्रपति रामचन्द्र पौडेल र भारतका विदेशमन्त्री डा. सुब्रह्मण्यम जयशङ्करबीच राष्ट्रपति कार्यालयमा शिष्टाचार भेट ।

– प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ द्वारा मुख्य सल्लाहकार हरिबोल गजुरेलको राजीनामा स्वीकृत ।

पुस २० गते : सर्वोच्च अदालतद्वारा प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ लाई अदालतको अपहेलना मुद्दामा सफाइ ।

– सर्लाहीको बरहथवा बजारमा प्रहरीले चलाएको गोली लागि एक युवकको मृत्यु ।

पुस २३ गते : राष्ट्रिय सभा सदस्य निर्वाचनमा १९ पदका लागि ५२ जनाको उम्मेदवारी ।

– अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा डिभिजन वन कार्यालय मकवानपुरका वन अधिकृत दीर्घनारायण कोइरालाविरुद्ध सवा करोड रुपियाँ बिगो दाबी गर्दै भ्रष्टाचार मुद्दा दायर ।

पुस २४ गते : तत्कालीन कर फर्स्योट आयोगका पदाधिकारीविरुद्ध आफूले दायर गरेको मुद्दामा विशेष अदालतले गरेको फैसलाप्रति चित्त नबुझेपछि अख्तियार दुरुपयोग अनुसन्धानले सर्वोच्च अदालतमा पुनरावेदन ।

पुस २५ गते : सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिवमा रामकृष्ण सुवेदी ।

– जिल्ला अदालत काठमाडौँद्वारा राष्ट्रिय क्रिकेट टिमका पूर्वकप्तान सन्दीप लामिछानेलाई जबरजस्ती करणी मुद्दामा आठ वर्ष कैद सजाय ।

पुस २६ गते : बलात्कार आरोपमा रामलाल बम्जनलाई सर्लाही जिल्ला अदालतद्वारा पुर्पक्षका लागि कारागार चलान । ■

– सरस्वती खत्री, क्षेत्री